# दलित अधिकार बर्ष पुस्तक

२०२१

**प्रकाशकः**

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

## राष्ट्रिय दलित नेटवर्क

केन्द्रीय कार्यालय धनगढी ५ हसनपुर कैलाली

सम्पर्क नम्बर, ०९१५२०६०४ (कार्यालय)

सम्पर्क नम्बरः बिजुलीबजार काठमाण्डौ, टेलीफोन नम्बरः ०१४९१०७६१

ईमेलः rdnnepal@yahoo.com, वेवसाइटः www.rdnnepal.org.np

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

# राष्ट्रिय दलित नेटवर्क

# दलित अधिकार बर्ष पुस्तक २०२१

## अवधारणा

गणेश बि. के.

**प्रधान सम्पादन**

हुकुम बहादुर सार्की

**सम्पादन सहयोगीः**

पार्वती आग्री

भरत आग्री

सञ्जय महरा

रुपनारायण पासवना

गोरख सार्की

**प्रकाशकः**

राष्ट्रिय दलित नेटवर्क

केन्द्रीय कार्यालय धनगढी ५ हसनपुर कैलाली

सम्पर्क नम्बर, ०९१५२०६०४ (कार्यालय)

सम्पर्क नम्बरः बिजुलीबजार काठमाण्डौ, टेलीफोन नम्बरः ०१४९१०७६१

ईमेलः rdnnepal@yahoo.com, वेवसाइटः www.rdnnepal.org.np

## राष्ट्रिय दलित नेटवर्क केन्द्रीय कार्यसमितिको नामावली

| क्र.सं. | पदाधिकारीको नाम | पद | जिल्ला | सर्म्पक |
|---|---|---|---|---|
| १ | गणेश बि.के. | अध्यक्ष | कैलाली | ९८५१०८२७३३ |
| २ | निरा जैरु | उपाध्यक्ष | डडेल्धुरा | ९८४८७२८०१२ |
| ३ | मोहन ओड | महासचिव | कञ्चनपुर | ९८४८८६११८३ |
| ४ | जंगबहादुर सुनार | कोषाध्यक्ष | कैलाली | ९८४८४२२७५२ |
| ५ | डि.बी शाहशंकर | सचिव | सुनसरी | ९८४२०२५७७२ |
| ६ | पार्वती आग्री | सदस्य | कैलाली | ९८४८४३००८५ |
| ७ | शारदा विश्वकर्मा | सदस्य | बाँके | ९८५८०६६६५१ |
| ८ | मीना परियार | सदस्य | रुपन्देही | ९८५७०५०२८८ |
| ९ | बिक्रम बादी | सदस्य | कैलाली | ९८४८८०२७१९ |
| १० | बसन्त परियार | सदस्य | मुगु | ९८४८३२६६०८ |
| ११ | प्रेम बि.क. | सदस्य | कैलाली | ९८४८४२४२२० |
| १२ | श्याम सुनार | सदस्य | बझाङ | ९८४३७४५०८० |
| १३ | गिता नेपाली | सदस्य | डोटी | ९८४८४३४५२१ |

## राष्ट्रिय दलित नेटवर्कमा कार्यरत कर्मचारी तथा अभियानकर्मीहरुको नमावलीः

| क्र.सं. | कर्मचारीहरुको नाम | पद | जिल्ला | सर्म्पक |
|---|---|---|---|---|
| १ | हुकुम ब. सार्की | टीम लिडर | कैलाली | ९८४८६७१३६१ |

| | | | | |
|---|---|---|---|---|
| २ | भरत आग्री | प्रशासन तथा बित्त व्यवस्थापक | कैलाली | ९८४८४४५३५३ |
| ३ | संजय महरा | जनवकालत अधिकृत | सिराहा | ९८४२८३९३०६ |
| ४ | रुपनारायण पाशवान | जनवकालत अधिकृत | बारा | ९८४५१२८४०२ |
| ५ | गोरख सार्की | सामाजिक परिचालन अधिकृत | कैलाली | ९८६८४४५५९५ |
| ६ | मीना परियार | प्रादेशिक सम्पर्क ब्यक्ति | कपिलबस्तु | ९८५७०५०२८८ |
| ७ | कल्पना सुनार | प्रादेशिक सम्पर्क ब्यक्ति | कञ्चनपुर | ९८६७३६७४२० |
| ८ | लागिन्द्र सदा | हरवाचरवा एक्टिभीष्ट | सप्तरी | ९८१६७७४३८२ |
| ९ | श्याम सुन्दर सदा | हरवाचरवा एक्टिभीष्ट | सिराहा | ९८२४७२६८६८ |
| १० | रामदयाल माँझी | हरवाचरवा एक्टिभीष्ट | धनुषा | ९८०७८४७९९४ |
| ११ | बृजलाल पाशवान | हरवाचरवा एक्टिभीष्ट | पर्सा | ९८४५१८४६९० |
| १२ | सुब्वासाहेव पाशवान | हरवाचरवा एक्टिभीष्ट | रौतहट | ९८५१२७५९५१ |
| १३ | दशरथ महरा | हरवाचरवा एक्टिभीष्ट | बारा | ९८४५४०९१८६ |
| १४ | सपना बि.क. | सामाजिक परिचालक | कैलाली | ९८६८८४९४०५ |
| १५ | मोहन एस.के. | सामाजिक परिचालक | कैलाली | ९८६४७५३८८० |
| १६ | संगीता आग्री | सामाजिक परिचालक | कैलाली | ९७४२८४०४६२ |
| १७ | दिक्षा सार्की | सामाजिक परिचालक | कैलाली | ९८६५७७१३१४ |
| १८ | गौरा बि.क. | सामाजिक परिचालक | कैलाली | ९८१३०१६६६९ |
| १९ | राजुराम भुल | भूमि अधिकार एँक्टिभीष्ट | बैतडी | ९८६८७३८३३९ |
| २० | काशी नेपाली | भूमि अधिकार एँक्टिभीष्ट | बाजुरा | ९८६१३५१४१६ |
| २१ | जीतबहादुर निसानी | भूमि अधिकार एँक्टिभीष्ट | अछाम | ९८६२५०१०८८ |
| २२ | लोकेन्द्र बि.के. | भूमि अधिकार एँक्टिभीष्ट | डडेल्धुरा | ९८४८८३१५६१ |
| २३ | केशव पार्की | भूमि अधिकार एँक्टिभीष्ट | दार्चुला | ९८४८७३४०१५ |
| २४ | खेमबहादुर सार्की | कार्यालय सहायक | कैलाली | ९८४८४८६६२३ |

**अध्यक्षको मन्तब्य**



## राष्ट्रिय दलित नेटवर्कको २ दशकको अनवरत यात्राः एक अनुभव एक अनुभूति

नेपालको संविधानले सिद्धान्तः वि.सं.२००७ देखिका दलित आन्दोलनहरुका सबैखाले उपलब्धीहरुलाई संवैधानिक रुपमा संस्थागत गर्ने यूगिन काम गरेको छ ।, दलित मुद्दा नेपाली राजनीतिको एक स्वायत्त र संबोधन गर्नैपर्ने अनिवार्य केन्द्रीय मुद्दा बनेको छ ।, देशव्यापीरुपमा दलितहरु विभिन्न पार्टी तथा सामाजिक संघ/संगठनहरुमा संगठीत भएका छन्, राजनीतिक प्रक्रियाबाट हजारौं राजनीतिक नेता तथा कार्यकर्ताहरु जनप्रतिनीधिकारुपमा निर्वाचित भएका छन् । राज्यले संबोधन गर्नैपर्ने सामाजिक समूहका रुपमा स्थापित भएको छ ।

यही संविधानको कार्यान्वयनबाट इतिहासमा प्रथम पटक संघीय प्रतिनीधिसभामा १३ जना महिलासहित १९ जना, ७ वटै प्रदेशसभामा गरी २६ जना महिलासहित ३३ जना, राष्ट्रियसभामा ७ जना र स्थानीय तहमा ६५६७ दलित महिलासहित ७७ जिल्लाका जिल्ला समन्वय समितिमा ७ जना प्रमुख र ३ जना उपप्रमुख सहित ६३ जना दलित सदस्य, मेयर ६ जना, उपमेयर ११ जना, गाउँपालिका अध्यक्ष १ जना, उपाध्यक्ष १६ जना, वडा अध्यक्ष १९७ जना, वडा सदस्य ७९७ जना र उतिकै संख्यामा कार्यपालिका सदस्य दलितहरु निर्वाचित भएका छन् । संघीय मन्त्रीमण्डलमा एक जना भएपनि क्याविनेटस्तरको मन्त्री हुनुहुन्छ । यो सकारात्मक पक्ष हो । दलित जनप्रतिनीधिहरुको हरेक तहमा प्रतिनीधित्व छ, दलित नागरिक समाज तथा दलित जनसंगठनहरुको संयुक्तपहलकदमीको खाँचो रहेको छ ।

राष्ट्रिय दलित नेटवर्क वि.सं.२०५७ भाद्र ६ गतेका दिन दलित समुदायका बहुआयामिक समस्याहरुको दीर्घकालिन समाधानका लागि **जातीय छुवाछूत र भेदभाव विनाको अर्को नेपाल संभव छ, आउनुहोस निर्माण गरौं** भन्ने मूल नाराकासाथ स्थापना गरिएको थियो । नेपाली दलितहरुको मूल समस्या भनेको राजनीति क्षेत्रमा (पार्टीहरुभित्रको समावेशीकरण, जनप्रतिनीधमुलक संस्थाहरुभित्रको समावेशीकरण, प्रशासनिक क्षेत्रको समावेशीकरण), आर्थिक क्षेत्रमा (भूमिहिनताको अन्त्य, बेरोजगारीको अन्त्य, शोषणमुलक प्रथाहरुको निर्मूलन) र सामाजिक क्षेत्रमा (जातीय छुवाछूतको अन्त्य, दण्डहिनताको अन्त्य र शिक्षामा रहेको बंचितीकरणको अन्त्य) लगायतका समस्याहरुको एकसाथ समाधान गर्न आगामी दशक अर्थात २०२१ देखि २०३० लाई दलित अधिकार दशकका रुपमा सशक्त अभियान संचालन गर्ने घोषणा गरेका छौं ।

नेपालको संविधान जारी भएसंगै उक्त मागहरु संबोधन गर्ने राजनीतिक वातावरण निर्माण भएपनि दलित समस्याका सवालमा राज्यसत्ता, राजनीतिक दलहरु तथा कर्मचारी संयन्त्र गम्भिर नहुंदा आज पनि यी समस्याहरु यथावत रहेका छन बरु नयाँ स्वरुपमा विकसित हुन पुगेका छन् । नेपालको संविधानमा दलित सम्बन्धी दुई दुई वटा मौलिक हकसहितका व्यवस्थाहरुलाई चुनौति दिदै हालै सर्वोच्च अदालतले आरक्षण सम्बन्धी दलित विरोधी निर्णय गरेको छ । राज्यका विभिन्न निकायमा दलित प्रतिनीधित्व केही मात्रामा बृद्धि भएपनि आशातित कामहरु हुन सकेको छैन । त्यसैले **कसैलाई पछाडि नछाड** भन्ने संकल्पकासाथ दीर्घकालिन विकास लक्ष २०३० का लक्षहरुसंग दलित समस्याको एकीकृत समाधान हुनुपर्दछ भन्ने मान्यताका साथ राष्ट्रिय दलित नेटवर्कले आफ्नो स्थापना दिवसको अवसर पारेर दलित अधिकार दशक घोषणा गरेको छ । यस दशकमा संस्थाले १० वर्षे दीर्घकालिन रणनीति निर्माण गरी योजनाबद्ध ढंगले अघि बढ्ने सबैमा जानकारी गराउन चाहन्छौं । RDN नेपाल दलित समुदायलाई केन्द्र भागमा राखेर दलित समुदायमाथि हुने सबैप्रकारका विभेदका विरुद्धको लडाईमा सम्झौताहिन संघर्षमा अन्तिमसम्म मानवअधिकार र सामाजिक न्यायका पक्षमा उभिने कुरा पुनः प्रतिबद्धता जाहेर गर्न चाहन्छौं ।

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले सन २०२१ सञ्चालन गरेका कार्यक्रमहरु, मुख्य गतिबिधीहरु, उपलब्धीहरु, सिकाई, अभियानको दौरनमा भोग्नु परेका चुनौतीहरु र आगामी कार्यभारलाई संगालेर **दलित अधिकार बर्ष पुस्तक २०२१** जमर्को गरेको छ । यस बर्षको मुख्य उपलब्धीको कुरा गर्दा दलितहरुको राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि स्थानिय, प्रादेशिक र संघीय सरकारमा नितिगत प्रभावमा बिशेष योगदान पुगेको कुरा ठहर गरियो । साथै कृषी बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुको अधिकार र स्वतन्त्रताको अभियानमा संस्थागत रुपमा सहजीकरणको भूमिका निर्वाह गरियो । जसको प्रभावबाट राज्यको निर्देशक सिद्धान्त, नितिको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समितिले संघीय स्तरमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, कृषी मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसंग एक बिशेष खालको बैठकको आयोजना गरि नेपालमा अझैपनि दाशप्रथाको अवशेषको रुपमा रहेको कृषि बधुवाहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाको मुक्ति र पुनर्स्थापनाका लागि सम्बन्धित सरोकारवाला निकायलाई पहल कदमी लिन निर्देशन जारी गरयो । जसको फलस्वरुप भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले संबिधानसभा सदस्य एवं नागरिक समाजका अगुवा श्याम श्रेष्ठ संयोजक, राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष श्री गणेश बि.के, संबिधानसभा सदस्य हरी श्रीपाईली र अन्य २ जना सम्बन्धित मन्त्रालयबाट सदस्य रहने गरि ५ सदस्यीय हरवाचरवा, मुक्त हलिया र कमैयाहरु समस्या सामाधान अध्ययन समिति गठन गरयो । समितिले नेपालका कृषी बधुवा मजदुर रहेका २५ जिल्लाको अवस्था अध्ययन गरि सरकारलाई सिफारिश गर्ने योजना समेत रहेको छ । त्यसको अलवा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एकिकृत बधुवा श्रम ऐन निर्माण गर्ने प्रतिबद्धता जाहेर गरेको छ । मधेस र सुदुरपश्चिम प्रदेशले दलित सशक्तिकरण ऐन निर्माण गरि दलितहरुको सामाजिक र आर्थिक रुपान्तरणका लागि पहल कदमी लिएको छ । साथै स्थानिय सरकारको निति निर्माणमा संस्थाले प्राबिधीक सहयोग उपलब्ध गराएको छ । जसको फलस्वरुप सुदूरपश्चिम प्रदेशको एक मात्र उपमहानगरपालिकाले दलित सशक्तिकरण तथा समावेशीकरण रणनितिक कार्ययोजना निर्माण गरेको छ भने उक्त उपमहानगरले राष्ट्रिय दलित नेटवर्कको प्राबिधीक सहयोगमा लैंगिक समानता र सामाजिक समावेशीकरण निति समेत पारित गरेको छ ।

बास्तवमा माथि उल्लेखित उपलब्धीहरुलाई हासिल गर्न राष्ट्रिय दलित नेटवर्कका संस्थापकहरु, सामाजिक रुपान्तरणको अभियानका साझेदारहरु, आबद्ध महासंघ, नेटवर्क तथा एलाइन्सहरु, मानवअधिकार तथा नागरिक संगठनका अगुवाहरु, दलित राजनीतिक संगठनहरु, दलित एक्टिभिष्टहरु, RDN नेपालका सबै तहका साथीहरु र आम दलित समुदायको महत्वपुर्ण साथ, समर्थन र योगदान रहदै आएको छ । यसका लागि म उहाँहरुप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै यो दलितअधिकार वर्ष पुस्तक यहाँहरुको बीचमा समर्पण गरेका छौं । यस ऐतिहासिक महत्वको पुस्तक लेखन तथा प्रकाशनमा सहयोग गर्नु हुने हकुम सार्की र उनको सिंगो टिमलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**गणेश बि.के.**
**केन्द्रीय अध्यक्ष**

## १) RDN नेपालको परिचयः

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल दलितहरुको राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न दवाव दिने उद्देश्यले २०५७ मा यसको स्थापना भएको हो । स्थापनाका केही वर्ष लुज नेटवर्कका रुपमा कार्यरत रहँदै बि.स. २०६० सालमा औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो ।

राष्ट्रिय दलित नेटवर्कले सामाजिक परिचालन, क्षमता अभिबृद्धि र जनवकालत अभियानका माध्यमबाट आफनो स्थापना कालदेखि दलितअधिकार, भूमिअधिकार र मानव अधिकारका क्षेत्रमा काम गर्दै आईरहेको छ । हाल यसले एक्टिभीजमका माध्यमबाट देशका ७७ वटै जिल्लाहरुमा दलित समुदायमाथी हुने अमानविय ब्यवहारः जातीय छुवाछूत र बिभेदका बिरुद्ध अभियानहरु सञ्चालन गरिरहेको छ । यसका लागि हाल ७७ जना जिल्ला एक्टिभीष्टहरु बिकास गरि परिचालन समेत गरिरहेको छ । संस्थाको रणनिती अनुसार यसले देशका ७७ वटै जिल्लाहरुमा रहेका हरेक पालिकाहरुमा एक पालिका एक दलित एक्टिभीष्टको अवधारणा अघी सारेको छ । संस्थाको नियमित रुपमा बार्षिक साधारणसभा हुने गरको छ । यसले संस्थागत निति, संरचना, कार्यक्रम र बजेट तथा अनुगमन, मूल्याकंन प्रणालीमा अन्तर सवालको रुपमा लैंगिक समानता र सामाजिक समावेशीकरण (जेसी) मुलप्रवाहीकरणको अभ्यास गरेको छ ।

संस्थाले हरेक तहमा (कार्यसमिति, कर्मचारी, सवालगत बिभागहरु तथा स्वयंसेवक) ४० प्रतिसत दलित महिलाको अनिवार्य अर्थपुर्ण सहभागिताको नितिगत प्रावधान राखेको छ । संस्थाको कार्यसमिति १७ सदस्यीय कार्यसमिति रहेको छ । जसमध्य १२ जना ७ वटै प्रदेशबाट निर्वाचित हुने ब्यवस्था रहेको छ भने बाँकी ५ जना दलित भित्रैका सिमान्तकृत समुदयहरुः बादी, मुक्त हलिया, कर्णाली दलित, मधेसी दलित र दलित जनप्रतिनीधी मञ्चबाट निर्वाचित गराउने नितिगत ब्यवस्था रहेको छ । राष्ट्रिय दलित नेटवर्कलसंजालीकरण, एलायन्स निर्माण, सरोकारवालासंग समन्वय मार्फत यसले नितिगत वकालतको काम गरिरहेको छ ।

### १.१) RDN नेपालको परिकल्पना (Vision):

विश्वव्यापी मान्यतामा आधारित सबैप्रकारका जातीय छुवाछूत र विभेद रहित न्यायपूर्ण समाज ।

**१.२) RDN नेपालको ध्येय (Mission):**

दलितहरुको पहिचान, प्रतिनिधित्व र पहँुच सहितको अधिकार स्थापना गर्न मानवअधिकारमुखी आन्दोलनको स्रोत केन्द्रका रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१.३) RDN नेपालको लक्ष्य (Goal):**

जातीय छुवाछूत र विभेदको समूल अन्त्य गरी राजनैतिक, आर्थिक र सामाजिक/सांस्कृतिक अधिकार कायम गर्न निर्णय तहमा प्रभाव पार्नु ।

**१.४) RDN नेपालका मान्यताहरु (Values):**

<u>RIGHTS :</u>

R :- Right Based (अधिकारमुखी)

I :- Integreted (एकीकृत)

G :- Governance (सुशासन)

H :- Human Rights (मानव अधिकार)

T :- Transparency (पारदर्शिता)

S :- Solidarity (ऐक्यवद्धता)

**१.५) RDN नेपालका उद्देश्यहरु (Objectives):**

१) दलितहरुको राजनैतिक, आर्थिक, सामाजिक/सांस्कृतिक अधिकारहरु स्थापित गर्न अधिकारमुखी अभियान संचालन गर्नु ।

२) जातीय छुवाछूत र विभेदको समुल अन्त्य गर्न स्थानीयदेखि राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा अभियान मार्फत राज्यको वर्तमान विभेदकारी संरचनाको पुनःसंरचना गर्दै राज्यलाई उत्तरदायी, पारदर्शी, जवाफदेही बनाउन भूमिका निर्वाह गर्नु ।

३) दलित समुदायको संवैधानिक हक अधिकार र मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गरी सामाजिक न्याय, मानव मर्यादा कायम गराई राष्ट्र विकासको मूल प्रवाहमा दलित समुदायको अनिवार्य र सक्रिय सहभागीता गराउन राज्य सत्ता, सरकारी तथा गैसस क्षेत्र, शिक्षा, भूमि तथा आवास र उत्पादन तथा उत्पादित वस्तुको बजारमा संवैधानिक रुपमा अवाधिक आरक्षणका लागि अभियान संचालन गर्नु ।

४) सामन्तवादी शोषणमुलक सामाजिक कु-प्रथा, चलन (हलिया, डोली, खली, भुँड, यौन शोषण, सीनो खाने/फ्याँक्ने, छोरीको धनखाने, मल बोक्ने, जारी, छुवाछूत) हरुको अन्त्य गर्नु ।

५) राज्यका साधन/श्रोत (जल, जमिन, जगल) र निर्णायक तह (संसद, सरकार, न्यायालय, प्रशासनिक क्षेत्र, स्थानीय निकायहरु, राजनैतिक दलहरु, गैससहरु, उपभोक्ता समितिहरु, विद्यालय व्यवस्थापन समितिहरु, आयोगहरु, संचारक्षेत्र) हरुमा दलितहरुको समान पहुँच र नियन्त्रण कायम गर्नु ।

६) दलितहरुका परम्परागत पेशाहरुलाई आधुनिकीकरण र वैज्ञानिकीकरण गर्दै जीवन उपयोगी बनाई सामयिक प्रतिष्पर्धामा आउने वातावरण बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनका साथै स्वयं दलित समुदायका वीच विद्यमान आन्तरिक छुवाछूत अर्थात् ब्राह्मणवादी चिन्तनको समूल अन्त्य गर्नु ।

७) मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विकास तथा सामाजिक न्यायको स्वच्छ समतामुलक र पारदर्शी सम्पादन एवं उपयोग हुने वातावरणको प्रवर्द्धन र विकासका निमित्त सक्रीय हुनु ।

### १.६) RDN नेपालका रणनीतिहरु (Strategy):

१) जनकेन्द्रीत वकालत तथा मानवअधिकार अभियान ।
२) सदस्यता बृद्धि, संगठन निर्माण तथा परिचालन ।
३) अध्ययन, अनुसन्धान, प्रकाशन तथा ज्ञान निर्माण
४) सवालको सार्वजनिक वहस तथा संवाद ।
५) स्वयंसेवी भावनाबाट प्रेरित दलित एक्टीभिष्ट उत्पादन ।
६) दलित केन्द्रीत राजनीति र संगठनको आन्तरिक सुशासनमा जोड ।
७) नेतृत्वदायी दलित जनसंगठनका लागि संस्थागत क्षमता अभिवृद्धि ।
८) संचार माध्यमसंगको साझेदारी
९) स्थानीय उत्पादनमुलक स्रोत साधनमा जनताको पहुँच तथा नियन्त्रण ।

### १.७) RDN नेपालको संलग्नता (Allianceship):

- ☞ संयोजक : बाध्यकारी श्रम उन्मुलन वकालत मन्च (FLeAG)
- ☞ सदस्य : मानवअधिकार एलाइन्स, काठमाडौं ।
- ☞ सदस्य सचिव : लोकतन्त्र र शान्तिका लागि नागरिक समाज, कैलाली ।
- ☞ सदस्य : मानवअधिकार संरक्षण संयुक्त मञ्च, काठमाडौं ।
- ☞ अध्यक्ष : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मंच, काठमाडौं ।
- ☞ सदस्य : गैसस महासंघ, काठमाडौं ।
- ☞ सदस्य : दलित गैसस महासंघ, नेपाल ।
- ☞ सदस्य : नेपाल दक्षिण एशियाको परिकल्पना, काठमाडौं ।
- ☞ सदस्य : शान्तिका लागि साझा अभियान, काठमाडौं ।
- ☞ सदस्य : संविधानसभाका लागि दलित नागरिक समाज, काठमाडौं ।
- ☞ सदस्य : दक्षिण एशियाली दलित आन्दोलन
- ☞ सदस्य : दक्षिण एशियाली गरिवी निवारण अभियान
- ☞ सदस्य : भूमिअधिकार आन्दोलन ।

## २) RDN नेपालका प्राथमिकताहरु :

RDN नेपालको हालसम्म संचालन गर्दै आएको अभियानलाई निम्नानुसार ३ वटा अधिकार अन्तरगत कार्य गरिनेछ ।

### २.१) आर्थिक अधिकार:

| सवाल | अडान |
|---|---|
| भूमिहिन, अव्यवस्थित बसोवासी, सुकुम्बासी | प्रत्येक भूमिहिन, दलित परिवारलाई उपयोगिताको आधारमा जीवन निर्वाह गर्न सक्ने जमिन उपलब्ध |

| | |
|---|---|
| | गराउने । पाएको जमिन बेच्न नपाउने र पहाडमा १३ रोपनी, तराईमा १० कठ्ठा उपलब्ध गराउने । |
| शहरिया सुकुम्बासी | रोजगारी र बसोबास दिने । |
| भूमिमा दलित महिलाहरुको स्वामित्व | श्रीमान्/श्रीमतीको नाममा संयुक्त लालपूर्जा दिनुपर्ने |
| गुठी | गुठी जग्गालाई रैकवारमा परिणत गर्दै दलितको स्वामित्व स्थापित गर्ने । |
| मोही | हलिया लगायतका दलितहरुको मोहीयानी हक कायम गरी आधा जमिन दलितलाई वितरण गरिनु पर्ने । |
| हलिया तथा हरवाचरवा | मोहियानी हक, निशर्त ऋण खारेजी, क्षतिपूर्ति उपलब्ध सहित केटाकेटीको शिक्षाको व्यवस्था । |
| भूमि | अनुपस्थित जमिन्दारको जमिन दलित भूमिहिनलाई बाँड्ने र उद्योगको नाममा रहेको जग्गा राष्ट्रियकरण गरिनुपर्ने । |
| नागरिकता नहुनु | गा.वि.स.ले नागरिकता वितरण गर्न सक्ने गरी संविधान सभाको चुनाव भन्दा अगाडि नागरिकता दिइनु पर्छ । (स्थानीय सर्जमिनको आधारमा) |
| वनमा दलितको उपभोग तथा पहुँचहिनता | वन पैदावारका वस्तुहरु निःशुल्क उपभोग गर्न पाउने । सामुदायिक तथा सरकारी सामुदायिक वनहरुको नीति निर्माण तहमा दलितको उचित प्रतिनिधित्व गराउनुपर्छ । |
| ठेक्का पट्टा प्रणालीमा दलितको पहुँच नहुनु । | ठेक्कापट्टा प्रणालीमा दलितलाई ५०% छुट दिने र रोजगारी उपलब्ध गराउने । |
| वन | १ कठ्ठा जग्गा मात्र भएको व्यक्तिलाई गाई, भैसी पाल्न जंगलबाट निःशुल्क घाँस ल्याउनु दिनु पर्ने । |
| सार्वजनिक पानीका मूलमा दलितहरुको बञ्चितीकरण (नदीका किनारमा गिट्टी फोड्ने) | दलितहरुले कुनै खोलानालामा माछा मार्ने काममा ठेक्का पट्टा प्रणाली रोकी निःशुल्क माछा मार्न दिने र नदिका किनारामा दलितले गिट्टी कुट्दा उचित ज्याला पाउनु पर्ने र कर तिर्नु नपर्ने । |
| घट्ट/कुलो/पानी मिल | घट्ट वा पानी मिल बनाउँदा दलितले कर तिर्नु नपर्ने |
| जल (उद्योग) | जल उद्योग गर्दा दलितहरुले राजश्व नतिर्नुपर्ने । |
| सरकारी सेवा सुविधामा दलित बञ्चितीकरण | विना भेदभाव उपभोग गर्न पाउने । |
| आधारभूत अधिकारहरु | आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, संचार, विजुली, खानेपानी, पेशागत, तालिम, सडक आदिमा दलितहरुको पहुँच पुऱ्याउने । |

| | |
|---|---|
| रोजगारी | एक परिवार एक रोजगारको व्यवस्था सरकारले गर्नुपर्ने । दलित अधिकार कार्ड उपलब्ध गराउने, हरेक सेवा सुविधामा २५% छुटको व्यवस्था गरिनु पर्ने । |

**२.२) राजनैतिक अधिकार:**

| सवाल | अडान |
|---|---|
| आरक्षण (Reservation) | शिक्षा, स्वास्थ्य, भूमि, प्राकृतिक श्रोत, राजनीति, उत्पादन तथा उत्पादित वस्तुको बजार, आधारभूत आवश्यकता, निजी क्षेत्रमा ५० वर्षका लागि जनसंख्याका आधारमा आरक्षण दिने र Index बनाई समिक्षा गरी क्षतिपूर्ति दिने । साथै विशेष दलित जनगणना आयोग बनाउने र दलित भित्र पनि प्राथमिकताका आधारमा आरक्षण लागु गरिनुपर्ने दलितहरुका लागि छुट्टै निर्वाचन क्षेत्र घोषणा गरिनुपर्ने । |
| आयोग तथा भातृ संगठनको नाममा दलित विखण्डीकरण | राजनीतिक दलका जनवर्गीय संगठन र दलित नागरिक जनसंगठनलाई एकीकृत गरी राष्ट्रिय दलित यूनियन बनाउने । |

**२.३) सामाजिक/सांस्कृतिक अधिकार :**

| सवाल | अडान |
|---|---|
| जातीय छुवाछूत (Caste Discrimination) | राजनैतिक पार्टी भित्र छुवाछूत गर्ने व्यक्तिलाई कार्वाही सहित निलम्बन गर्ने । प्रत्येक जिल्ला अदालत भित्र दलितका मुद्दा हेर्ने छुट्टै दलित डेस्क तयार गर्ने । |
| श्रम शोषण (Labour Exploitation) | हली, खली, डोली प्रथालाई तत्काल खारेजी गरी त्यसको क्षतिपूर्ति सहित श्रम अदालत खडा गर्ने । श्रम अदालतले स्थानीय स्तरदेखि केन्द्रीय तहसम्म कार्यान्वयन नगर्नेलाई १५ दिन भित्र त्यसको फैसला गरी सक्नु पर्ने । |
| अन्तराष्ट्रिय गै.स.स. (INGOs) | प्रत्येक INGOs ले दलित विभाग खडा गरी त्यसको प्रमुख दलितलाई बनाउने । |
| दलित महिलामाथि हुने विभेद | छाउपडी प्रथाको अन्त्य, बोक्सी प्रथाको अन्त्य र आन्तरिक तथा वाह्य छुवाछूत गर्नेलाई कार्वाही । |
| शैक्षिक विभेद | एक शैक्षिक संस्था एक दलित शिक्षक, एक |

| | |
|---|---|
| | विद्यालय व्यवस्थापन समिति एक दलित अभिभावक भन्ने नारालाई अवलम्बन गरी अभियान सञ्चालन गर्ने |
| वादी समुदायको सवाल | आमाको नामबाट नागरिकता दिलाउने, एक परिवार एक रोजगार, उच्च शिक्षा निःशुल्क, यौनशोषणको अन्त्य, भूमिको यथोचित वितरण |

### ३) RDN नेपालको समय रेखा (TIME LINE OF RDN NEPAL):

| २०५७ साल | २०६० साल |
|---|---|
| ○ RDN नेपालमा स्रोत थिएन । | ○ अभियानका लागि स्रोत आयो । |
| ○ RDN नेपालको कार्यसमितिमा सुदूर पश्चिमका मात्र प्रतिनिधिहरु थिए । | ○ RDN नेपालको कार्य समितिमा मध्य पश्चिमाञ्चलबाट प्रतिनिधित्व गराइयो । कर्णालीबाट पनि प्रतिनिधि छनौट गरियो । |
| ○ काठमाण्डौंमा NGO/INGOs सँग सम्पर्क थिएन । | ○ काठमाण्डौं (राष्ट्रिय स्तरका) NGO/INGOs सँग सम्पर्क भयो । |
| ○ प्रकाशनहरु थिएनन् । | ○ प्रकाशनहरु बढे । |
| ○ समावेशी कार्यसमिति थिएन । | ○ कार्यसमितिमा सार्की, बादी जाति र कर्णालीबाट समेत प्रतिनिधित्व हुने गरी कार्यसमिति निर्माण भएकाले समावेशीकरण भयो । |
| ○ एक एक्सन एक बैठक थियो । | ○ बैठकमा योजना तर्जुमा सहित निर्माण हुनथाल्यो । |
| ○ राजनैतिक पार्टीका साथीहरु सक्रिय थिए | ○ राजनैतिक पार्टीका साथीहरु निस्क्रिय भए (दलित अधिकार अभियान थालेपछि) |
| ○ हलियाको सवाल पहिचान भयो तर एक्सन चाहि भएको थिएन । | ○ हलियाको सवाल शुक्ष्म तरिकाले उठ्दै गयो । |
| ○ जातीय छुवाछूत सवालमा मात्र अभियान चलायौ । | ○ जातीय छुवाछूत सहित राजनैतिक अधिकारको बारेमा कुरा उठाइयो र अभियानको थालनी भयो । |
| ○ आरक्षण अभियान नाराको रुपमा सिमित थियो । | ○ आरक्षणको अभियानलाई राजनीतिसँग जोड्दै अभियान थालनी गर्दै आरक्षणको प्याकेज बाहिर ल्याउन सफल । |
| ○ RDN नेपालको सचिवालय NNDSWO कैलालीमा थियो आफ्नो व्यवस्थापन थिएन । | ○ २०६० मा अलग कार्यालय सहित RDN नेपालको व्यवस्थापन गरियो । |

| | |
|---|---|
| ○ राजनैतिक मोर्चा जस्तो थियो । | ○ अधिकारमुखी संगठन भयो । |
| ○ अधिकारमुखी पद्धतिमा आधारित अभियान । | ○ अधिकारमुखी पद्धतिमा आधारित अभियानको निरन्तरता भयो । |
| ○ मन्दिर प्रवेश, आन्तरिक तथा बाह्य सहभोजको अभियानका साथै होडिङ्ग बोर्ड र होटल प्रवेश गऱ्यौं । | ○ पूजा गर्न जाने आन्दोलन र आन्तरिक छुवाछूत अन्त्यका लागि सहभोज अभियानका साथै दलित अधिकार आन्दोलन । |
| ○ वहस र सशक्तिकरणका अभियानहरु । | ○ आरक्षण, हलिया सवाल, निःशुल्क शिक्षा अभियान लगायत दलितहरु बसोबास गर्दै आएको ऐलानी जमीन अधिकरण गर्नु हुँदैन भन्ने अभियानको थालनी । |

त्यसैगरी २०६० साल र २०६३ साल २०६३ र २०६५ साल बीच RDN नेपालले सञ्चालन गरेका अभियानहरुलाई निम्नुसार तुलनात्मक अध्ययन गरिएको छ ।

| **२०६० साल** | **२०६३ साल (हालसम्म)** |
|---|---|
| ○ RDN नेपालको कार्यक्षेत्र सुदूर पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चलमा विस्तारित थियो । | ○ RDN नेपालले सञ्चालन गरेको "जातीय विभेद विरोधी मानव अधिकार अभियान" स्थानीय स्तरदेखि राष्ट्रियकरण हुँदै अन्तर्राष्ट्रिय स्तरमा विशेष गरी भारतको दलित आन्दोलनसँग सम्पर्क/समन्वय भयो । आरक्षणको सवालमा भारतसँग अनुभव आदान प्रदान भयो । |
| ○ सहजकर्ता (एक्टीभिष्ट) मार्फत काम हुन्थ्यो | ○ संगठन मार्फत काम हुँदैछ । |
| ○ साझेदारी/सहकार्यमा कमी । | ○ साझेदार/सहकार्य फराकिलो भयो । |
| ○ समिक्षामा कमी थियो । | ○ वार्षिक कार्य योजना, समिक्षामा व्यापकता साथै स्वमूल्याङ्कन बढ्दैछ । सञ्चार प्रणालीमा व्यवस्थित, प्रकाशन तथा फरक संस्थाको रुपमा पहिचान । |
| ○ NGO को आरोप तर स्वयंसेवी भावनाले काम हुन्थ्यो । | ○ अरुले पनि RDN नेपालबाट सिकेर स्वयंसेवी भावनालाई आत्मसाथ गरिएको पाईन्छ । |
| **२०६३** | **२०६५** |
| ○ जनसंगठनबाट परिचित थिएन । | ○ जनसंगठनका रुपमा परिचित भयो । |
| ○ राष्ट्रव्यापी नेटवर्कका रुपमा स्थापित थिएन | ○ हाल आएर राष्ट्रिय स्तरको नेटवर्कका रुपमा स्थापित हुन गएको छ । |
| ○ RDN नेपालले उठाएको आरक्षणको सवाल लाई सरकारल संबोधन गरेको | ○ हाल आएर प्रशासनिक क्षेत्र अर्थात आरक्षण को अभ्यासलाई अवलम्वन |

| | |
|---|---|
| थिएन । | गरको छ । |
| ○ संगठनले उठाएको हलियाहरुको सवाल सरकारले संबोधन गरेको थिएन । | ○ हाल आएर हलियाहरुको पक्षमा सरकारल मुक्तिका घोषणा भएको छ । |
| ○ सदनमा दलितहरुको प्रतिनिधित्व थिएन । | ○ हाल आएर RDN नेपालका पदाधिकारीहरु ९ जना र अन्य गरी ५० जना सभाषद छन् |
| ○ कार्यक्षेत्रका परिवेश विश्लेषण थिएन । | ○ हाल आएर कार्यक्षेत्रको परिवेश विश्लेषण भएको छ । |
| ○ दीर्घकालिन रणनीति पत्र तयार भएको थिएन | ○ हाल आएर दीर्घकालिन रणनीति पत्र तयार भएको छ । |
| ○ काठमाडौंमा सम्पर्क कार्यालय थिएन । | ○ काठमाडौंमा सम्पर्क कार्यालय व्यवस्थापन भएको छ । |
| ○ संगठनले संचालन गरेको हलिया मुक्तिको आन्दोलनमा निकै दबाब सृजना गर्दा पनि मुक्त हुन सकेका थिएनन् । | ○ संगठनको देशव्यापी दबाब र हलियाहरुको आफ्नै संगठनको दबाबले गर्दा मुक्त भएका छन् । |
| **२०६५** | **२०६६** |
| ○ राज्य संघीय संरचनामा जाँदा दलित समुदायको स्थान कहाँ हुने स्पष्ट थिएन । | ○ RDN नेपालले हाल राज्य संघीय संरचनामा जाँदा दलितहरुका लागि गैरभौगोलिक संघीयता चाहिन्छ भन्ने स्पष्ट धारणा र वहसमा लिएको छ । |
| ○ RDN नेपालको अगुवाईमा बैतडी जिल्लामा संचालन गरेको राँगा वहिष्कार आन्दोलनको कुनै टुंगो लागेको थिएन । | ○ RDN नेपालको सिंगो टिम सोही क्षेत्रको आन्दोलनमा लागेपछि दलितका पक्षमा जिल्ला अदालतले निर्णय गरेको छ । |
| ○ साझेदार संस्था कम थिए । | ○ हाल आएर साझेदार संस्थाको बृद्धि भएको छ । |
| ○ दलित अधिकार सुनिश्चतताका लागि मेची महाकाली दलित अधिकार यात्रा भएको थिएन । | ○ RDN नेपालको अगुवाईमा मेची महाकाली दलित अधिकार यात्रा २०६६ सम्पन्न भएको छ । |
| **२०६६** | **२०६७** |
| ● मुक्त हलियाहरुको पुर्नस्थापना तथा समावेशीकरणका लागि छुट्टै अभियान थिएन | ● हाल मुक्त हलियाहरुको पुर्नस्थापना तथा समावेशीकरणका लागि सुदूरपश्चिमका ९ वटा जिल्लाहरुमा अभियान संचालन छ । |
| ● हलिया अधिकार मंच जिल्ला र राष्ट्रिय स्तरमा मात्रै थियो । | ● हाल आएर गाउँ स्तरीय २७ वटा हलिया अधिकार मंच गठन भई अभियानरत छन् । |
| ● राज्यले अख्तियार गरेको मुक्त हलियाहरुका लागि पुर्नस्थापनाको | ● मुक्त हलियाहरुको पुर्नस्थापना तथा उनीहरु को पुहँच बृद्धि गर्न र गराउनका |

| | |
|---|---|
| प्याकेज ल्याउने भन्ने सहमति भएपनि हालसम्म पनि पहल भएको थिएन । | लागि सर्बोच्च अदालतमा ऋट दायर भएको छ । |
| ● पुनः राष्ट्रिय मानवअधिकार एलाइन्सको नेतृत्व | |
| ● सचिवः लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलाली | ● उपाध्यक्ष : लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलाली |
| ● सचिवः राष्ट्रिय मानवअधिकार एलाइन्स कैलाली | ● उपाध्यक्षः राष्ट्रिय मानवअधिकार एलाइन्स कैलाली |
| **२०६७** | **२०६८** |
| ● नेपाल सरकारले केन्द्रीय स्तर तथा सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रका ९ वटा जिल्लाहरुमा हलिया पुर्नस्थापना तथा अनुगमन समितिहरु गठन गरेको थिएन । | ● नेपाल सरकारले केन्द्रीय स्तर तथा सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रका ९ वटा जिल्लाहरुमा हलिया पुर्नस्थापना तथा अनुगमन समितिहरु गठन गरेको गरयो । |
| ● जातीय बिभेद तथा छुवाछुत कसुर र सजाय ऐन निर्माण भएको थियो । | ● जातीय बिभेद तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ निर्माण भयो । |
| ● सवालगत बिभागहरु पुर्नगठन गर्न बाँकी थियो । | ● सन २०११ मा संगठनका सवालगत बिभागहरु पुर्नगठन गरियो । |


**४) RDN नेपालका सवालगत विभागहरु :**

RDN नेपालले हालसम्म अभियानलाई सवालगत विभागहरु निर्माण गरी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्दै आएको छ । हाल सबै क्षेत्र, समुदायहरुको प्रतिनिधित्व हुने गरी हरेक क्षेत्रमा दलित अधिकार प्राप्तिको अभियानमा एकरुपताका साथ अघि बढाउने निचोड निकाल्दै निम्न प्रकारका सवालगत विभागहरु निर्माण गरिएका छन् ।

क) RDN नेपाल महिला अधिकार विभाग
ख) RDN नेपाल विद्यार्थी अधिकार विभाग
ग) RDN नेपाल प्राकृतिक श्रोत तथा भूमिअधिकार विभाग
घ) RDN नेपाल हलिया तथा हरवाचरवा अधिकार विभाग
ङ) RDN नेपाल मधेशी दलितअधिकार विभाग

**५) RDN नेपालले संचालन गरेका मुख्य क्रियाकलापहरु :**

१) अभियान (Campaign)
२) क्षमता अभिबृद्धि (Capacity Building)
३) तत्कालिन समस्यालाई संबोधन
४) अभिलेखिकरण तथा/प्रकाशन (Research)
५) नीतिगत वकालत तथा अभियान



## **सन २०२१ मा संस्थाद्धारा सञ्चालित कार्यक्रमहरुः**

### १. पृष्ठभूमिः

राष्ट्रिय दलित नेटवर्कले निर्दीष्ट गरेको लक्ष्य र उद्देश्यहरु परिपुर्ति गर्नका लागि आफनो स्थापना कालदेखि बिभीन्न साँझेदार संस्थाहरुसंगको समन्वयमा नितिगत जनवकालत, क्षमता अभिबृद्धी, सचेतना अभियान, संस्थागत बिकाससंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । यसै सन्दर्भमा सन २०२१ मा ४ वटा परियोजनाहरुको कार्यान्वयन गरियो ।

द एसिया फाउण्डेसनको सहयोग र धनगढी उपमहानगरपालिकाको सहकार्यमा राष्ट्रिय दलित नेटवर्कद्धारा धनगढी उपमहानगरपालिकाका १९,५२० दलितहरुलाई लक्षित गरि **दलितहरुको मानव अधिकार, मर्यादा र सामाजिक आर्थिक सशक्तिकरणको सवलीकरण मार्फत दिगो सुशासन प्रवर्द्धन परियोजना (पहल) सञ्चालन भयो । सन १९ नोभम्बर, २०२० देखि १८ जनवरी, २०२२ सम्म सञ्चालन भएको कार्यक्रमको प्रमुख उद्देश्यभ भनेको** नागरिक समाज संस्थाहरुको सक्रिय सहभागिता सहित जवाफदेही, पारदर्शि र लोकतान्त्रिक सुशासन प्रणाली मार्फत दलितहरुको सामाजिक आर्थिक सशक्तिकरण तथा मर्यादित जीवनलाई सवलीकरण गर्न योगदान गर्नु रहेको थियो ।

द फ्रिडम फण्डको सहयोगमा कृषी बधुवा मजदुरहरुको मर्यादित जीवन श्रृजना गरि न्यायपुर्ण समाज निर्माणमा योगदान गर्ने हेतुले सन **१ अप्रेल, २०२१ देखि ३१ डिसेम्बर, २०२३ सम्मका लागि** कृषी बधुवा मजदुरहरुको मर्यादित जीवन श्रृजना गरि न्यायपुर्ण समाज निर्माणमा योगदान गर्ने उद्देश्यले **नेपालमा कृषी बधुवा मजदुर प्रणालीको अन्त्य कार्यक्रम सञ्चालन भईरहेको छ । उक्त कार्यक्रमले** मधेस प्रदेशमा  हरवाचरवा, लुम्बिनी प्रदेशमा मुक्त कमैया, सुदूरपश्चिम प्रदेशमा मुक्त हलियाको सवाल र काठमाण्डौमा नितिगत वकालतलाई केन्द्रीत गरेको छ ।

द ओपन सोसाईटी फाउण्डेसनको आर्थिक तथा प्राबिधीक सहयोगमा नेपालको संबिधान २०७२ को धारा ४० को उपधारा ५ र ६ को संबैधानिक प्रावधान अनुसार भूमिमा दलितहरुको स्वामित्व कायम गराउन दलित भूमिहिन समुदायमा आम जागरण श्रृजना गर्ने उद्देश्यले सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरुका १८ पालिकामा दलित भूमिहिन र सुकुम्बासीलाई लक्षित गरि सन **१ अगस्त, २०२१ देखि ३१ जुलाई २०२३ सम्मका लागि** भूमि अधिकार अभियान सञ्चालन भईरहेको छ । त्यसैगरी खाद्य र कृषी संगठनको आर्थिक सहयोगमा जीवीकोपार्जन अवसरका लागि दलित महिला र यूवाहरुको प्राकृतिक सेवा र श्रोतमा पहुँच अभिबृद्धी गर्ने उद्देश्यले सन **२८ डिसेम्बर, २०२० देखि ३१ मार्च, २०२२ सम्मका लागि** शिवराज नगरपालिका वडा नं. ५ कपिलबस्तुमा मिलीजुली कृषक समुहका ३१ सदस्यहरु (दलित महिला र यूवा) लाई लक्षित गरेर **बन र कृषीमा आधारित माछापालन उद्यमशिलता कार्यक्रम सञ्चालन गरियो ।**

## २. मुख्य गतिबिधीहरुः

### २.१) संगठन निर्माण तथा सुदृढीकरण (Formation & Strenghtening People Based Organizations):



**२.१.१ दलित अधिकार मञ्चको गठन तथा परिचालनः** दलितहरुको सामाजिक र आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले धनगढी नगरपालिकाका १९ वटा वडाहरुमा दलित अधिकार मञ्चहरु गठन गरिएका छन । संगठन निर्माण भए पश्चात दलित अधिकार मञ्चका मासिक रुपमा सवाल केन्द्रीत छलफल गर्ने उद्देश्यले नियमित बैठकहरु सम्पन्न भएका थिए । बैठम मार्फत दलित अधिकार तथा सवालहरु बारे सहभागिहरुको समालोचनात्मक बुझाई कायम हुनका साथै स्थानिय निर्वाचित जनप्रतिनिधीहरुले दलितहरुको सालमा आफु प्रतिबद्ध भएर काम गर्ने प्रतिबद्धता कायम गरेका छन् ।साथै वडा कार्यालय बाट दलित मैत्रि योजना बिनियोजन गरी कार्यान्वय गर्ने वडा सदस्य ज्यु ले प्रतिबद्धता कायम गरेका छन् । उक्त बैठक मार्फत ३८० जना दलित अगुवाहरु परिचालन भएका छन । वडा स्तरिय दलित अधिकार मञ्चको बिवरण यस प्रकारले प्रस्तुत गरिएको छ ।

| वडा न. | संगठनको नाम | अध्यक्षको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | वडा स्तरिय दलित अधिकार मञ्च | बिप्लब जैरु | ९८१००६६१९६ |
| २ | वडा स्तरिय दलित अधिकार मञ्च | गोपाल दमाई | ९८६८४२२४४० |
| ३ | वडा स्तरिय दलित अधिकार मञ्च | अञ्जु मगराति | ९८२४६३४१२७ |
| ४ | वडा स्तरिय दलित अधिकार मञ्च | निर्मला गहतराज | ९८१२६७१९७२ |
| ५ | वडा स्तरिय दलित अधिकार मञ्च | जानकी ताम्राकार | ९८४८५७८१८७ |
| ६ | वडा स्तरिय दलित अधिकार मञ्च | राधा सुनार | ९८०४६६९४९९ |
| ७ | वडा स्तरिय दलित अधिकार मञ्च | आर्जीयल बि सी | ९८१५६९४७४३ |
| ८ | वडा स्तरिय दलित अधिकार मञ्च | जोग बहादुर ताम्राकार | ९८४८४०६१११ |
| ९ | वडा स्तरिय दलित अधिकार मञ्च | शेर ब. पार्की | ९८४८४८८८२५ |
| ११ | वडा स्तरिय दलित अधिकार मञ्च | रमेश नेपाली | ९८६४७५१२७८ |
| १२ | वडा स्तरिय दलित अधिकार मञ्च | प्रेम कला शोब | ९८४८६२६६१७ |
| १३ | वडा स्तरिय दलित अधिकार मञ्च | टिकेस्वरी नेपाली | ९८८८०१३१५२ |
| १४ | वडा स्तरिय दलित अधिकार मञ्च | बिकास सि के | ९८११६१६३८६ |
| १५ | वडा स्तरिय दलित अधिकार मञ्च | नौले सुनार | ९८०६४२१८८२ |
| १६ | वडा स्तरिय दलित अधिकार मञ्च | तारा देबी सार्की | ९८२४६४३१७४ |
| १७ | वडा स्तरिय दलित अधिकार मञ्च | ललीता देबी बि क | ९८१२६९२९३४ |
| १८ | वडा स्तरिय दलित अधिकार मञ्च | किसन बि क | ९८१२६७४००३ |
| १९ | वडा स्तरिय दलित अधिकार मञ्च | शान्ता बि क | ९८११६०९८३७ |

**२.१.२ दलित भूमि अधिकार यूनियन गठन तथा सुदृढीकरण:** ओपन सोसाईटी फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरुमा सञ्चालन भईरहेको भुमि अधिकार अभियान अन्तरगत १८ वटा पालिकाहरु (प्रत्येक जिल्लाका १ नगरपालिका र १ गाऊँपालिका) मा दलित भूमि अधिकार यूनियनहरु गठन गरिएको छ ।



निर्माण गरिएका संगठनहरु परिचालन तथा सुदुढीकरणका लागि उक्त संगठनका नियमीत बैठकहरु समेत सम्पन्न गरिएको छ । भुमि र आवाशको अधिकारको लागि दलित समुदायको संगठन निर्माण गरि त्यसको परिचालन गर्ने, भुमि तथा आवाशमा दलित समुदायको पहुँच बृद्धी गर्नका लागि सरकारी निकाय र भुमि आयोगसंग समन्वय गर्ने, भुमिहिन दलितहरुको भुमि र आवाशमा प्रणालीगत दावी गर्नका लागि प्रमाणमा आधारित जनवकालत अभियानहरु संचालन गर्ने उदेश्यले दलित भूमि अधिकार यूनियन गठन गरिएको हो । स्थानिय स्तरमा गठन गरिएका दलित भूमि अधिकार यूनियनहरुको बिवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

| **क स** | **संगठनको नाम** | **स्थानिय तह/जिल्ला** | **अध्यक्षको नाम** |
|---|---|---|---|
| १ | दलित भूमिअधिकार यूनियन | साफेबगर साफेनगरपालिका, अछाम | मनिश बि क |
| २ | दलित भूमिअधिकार यूनियन | मंगलसेन नगरपालिका, अछाम | टेकेन्द्र जैगडी |
| ३ | दलित भूमिअधिकार यूनियन | थलारा गाउपालिका, बभाङ्ग | भुवनेश्वर उपाध्याय |
| ४ | दलित भूमिअधिकार यूनियन | ज्यपृथ्वीनगरपालिका, बभाङ्ग | बिरेन्द्र बहादुर खडका |
| ५ | दलित भूमिअधिकार यूनियन | बडीमालिका नगरपालिका, बाजुरा | प्रेम बि क |
| ६ | दलित भूमिअधिकार यूनियन | बुढीगंगाा नगरपालिका, बाजुरा | जुना लहार |
| ७ | दलित भूमिअधिकार यूनियन | दिपायलसिलगढी नगरपालिका डोटी | सुनिल सुचिकार |
| ८ | दलित भूमिअधिकार यूनियन | पुर्बी चौकी गाउपालिका डोटी | प्रेम नेपाली |
| ९ | दलित भूमिअधिकार यूनियन | अमरगढी नगरपालिका, डडेल्धुरा | किरण जैरु |
| १० | दलित भूमिअधिकार यूनियन | नबदुर्गा गाउपालिका, डडेल्धुरा | लोग बहादुर टमटा |
| ११ | दलित भूमिअधिकार यूनियन | सुर्नय गाउपालिका बैतडी | जयराम बिश्वकर्मा |
| १२ | दलित भूमिअधिकार यूनियन | दशरथचन्द नगरपालिका बैतडी | मदन तिरुवा |
| १३ | दलित भूमिअधिकार यूनियन | महाकाली नगरपालीका दार्चुला | बिष्णु राम हुमली |
| १४ | दलित भूमिअधिकार यूनियन | लेकुम गाउपालिका दार्चुला | ग्रिस राम पार्की |
| १५ | दलित भूमिअधिकार यूनियन | गौरीगंगा नगरपालिका कैलाली | नरपता बिश्वकर्मा |
| १६ | दलित भूमिअधिकार यूनियन | धनगढी उपमहानगरपालिका कैलाली | प्रेमकला बि क |
| १७ | दलित भूमिअधिकार यूनियन | भिदत्तनगरपालिका कञ्चनपुर | प्रताप तिरुवा |
| १८ | दलित भूमिअधिकार यूनियन | बेदकोट नगरपालिका कञ्चनपुर | मदन सेराला |

**२.१.३ सुदूरपश्चिम प्रदेश स्तरिय दलित भूमि अधिकार यूनियन गठन:** सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा मंगलबार अधिकारकर्मीहरुको भेलाले प्रदेश स्तरिय दलित भूमि अधिकार यूनियन गठन

गरेको छ । मुक्त हलिया आन्दोलनका नेता राजुराम भुलको नेतृत्वमा १३ सदस्यीय दलित यूनियन गठन गरेको हो ।

यूनिएनको महासचिवमा श्याम सुनार (बझाङ्ग) र अन्य सदस्यहरुमा हरिना ओड (कञ्चनपुर) दानीराम तिरुवा (दार्चुला) नन्द बिश्वकर्मा (डडेल्धुरा) कर्ण चुनारा (डोटी) मनिष बि.क.(अछाम) लक्ष्मण बि.क. (कैलाली) प्रेम बि.के. (बाजुरा) सुजाता ओखेडा (बझाङ्ग) कालीदेवी पार्की (डडेल्धुरा) गोपाल नेपाली (कैलाली) र प्रेमकला सोव (कैलाली) रहेका छन् । यसैगरी मोहन ओडको संयोजकत्वमा ५ सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ । समितिका सदस्यहरुमा जंग बहादुर सुनार, पार्वती आग्री, काशी नेपाली र जीत बहादुर निसानी रहेका छन् ।

भूमि अधिकारबाट बंचित भएकाहरुको अधिकार सुनिश्चित गर्न पैरवी गर्ने उदेश्यले यूनिएन गठन गरिएको राष्ट्रिय दलित नेटवर्कका टिम लिडर हुकुम सार्कीले जानकारी दिए । उनका अनुसार यूनिएनले लक्षित समुदायको भूमिहिनता, सुकुम्बासीपन र अव्यवस्थित बसोवासीहरुका लागि सुरक्षित आवास र जिविकोपार्जनका सवालमा वकालत गर्नेछ ।
भेलाको उद्धघाटन राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष दलित एवं भूमि आन्दोलनका अगुवा गणेश बिश्वकर्माले गरेका हुन् ।

राष्ट्रिय भूमि आयोग कानून–भूमि सम्बन्धी ऐन २०२१ को (आठौं संशोधन) बमोजिम गठन भएकाले यसको अधिकार क्षेत्र, समयाबधी र कार्यविधी विश्वसनीय रहेको सन्दर्भमा दलित भूमि अधिकार यूनियनले नीतिगत वकालतमा प्रभाव पार्नुपर्नेमा विश्वकर्माले जोड दिए । उनले, दलित भूमिहिन, सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई आवश्यक कागजात जुटाउने आदि कार्यमा मद्दत गर्न यूनियनको महत्वपुर्ण योगदान रहने बताए ।
यूनिएनको अध्यक्ष निर्वाचित भएपछि प्रतिबद्धता ब्यक्त गर्दै युनियनका प्रदेश अध्यक्ष राजुराम भुलले आगामी २०७९ बैशाख ३० गते सम्पन्न हुने स्थानिय निर्वाचनमा दलित भुमिहिनको उम्मेदवारीमा प्रतिनिधीत्व बृद्धी गर्नका लागि बिभिन्न राजनीतिक दलहरुमा दबाव श्रृजना गरिने बताए । उनले भने, राष्ट्रिय भूमि आयोग नेपालको संविधानको मौलिक हकमा उल्लेख भए अनुसार ऐन कानूनको कार्यान्वयन गर्न गठन भएको हुँदा यसमा दलित भूमिहिनहरुको आफ्नै जनसंगठन भएको हुनाले रचनात्मक सहयोग रहने छ ।

**२.१.४ स्थानिय स्तरमा हरवाचरवा अधिकार मञ्च गठन:** राष्ट्रिय दलित नेटवर्कको सहजीकरणमा



राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको परिचालनद्धारा मधेस प्रदेशका ३ वटा जिल्लाहरु (बारा, पर्सा र रौतहट) का १२ वटा पालिकाहरुमा स्थानिय हरवाचरवा अधिकार मञ्चहरु गठन गरिएका छन । उक्त संगठनहरु निर्माणका लागि प्रारम्भीक चरणमा सम्बन्धित जिल्ला समन्वय समितिहरुसंग समन्वय गरिएको थियो । जिल्ला समन्वय समितिहरुसंगको सल्लाह बमोजिम हरवाचरवा बस्ती बढी भएका गाऊँपालिका र नगरपालिकाहरुसंग समन्वय गरियो ।

स्थानिय निर्वाचित जनप्रतिनिधीहरुको सल्लाहमा हरवाचरवा बस्तीबाट एउटा नगरपालिकामा ३२ जना हरवाचरवाको भेला मार्फत स्थानिय हरवाचरवा अधिकार मञ्च गठन गरियो जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.स. | संगठनको नाम | पलिकाको नाम | गठन मिति | अध्यक्षको नाम |
|---|---|---|---|---|
| **बारा जिल्ला** | | | | |
| १ | हरवाचरवा अधिकार मञ्च | करैयामाई गापा | ८ अक्टुवर, ०२१ | महाबिर माँझी |
| २ | हरवाचरवा अधिकार मञ्च | कोल्भी नगरपालिका | ३० अक्टुवर, ०२१ | तुलछी माँझी |
| ३ | हरवाचरवा अधिकार मञ्च | जीतपुर सिमरा नपा | ३१ अक्टुवर, ०२१ | दली माँझी |
| ४ | हरवाचरवा अधिकार मञ्च | बारागढी गापा | २०नोभेम्बर, ०२१ | राकेश राम |
| **पर्सा जिल्ला** | | | | |
| १ | हरवाचरवा अधिकार मञ्च | बिरगंज उमनपा | ८ अक्टुवर, ०२१ | जयप्रकाश माँझी |
| २ | हरवाचरवा अधिकार मञ्च | बहुदरमाई नपा | ६ नोभेम्बर, ०२१ | सुभाष राम |
| ३ | हरवाचरवा अधिकार मञ्च | पर्सागढी नपा | ७ नोभेम्बर, ०२१ | जधोलाल राम |
| ४ | हरवाचरवा अधिकार मञ्च | पकहामैनपुर गापा | १७ नोभेम्बर, ०२१ | नन्दलाल राम |
| **रौतहट जिल्ला** | | | | |
| १ | हरवाचरवा अधिकार मञ्च | माधवनारायण नपा | २५ अक्टुवर, ०२१ | रामसुन्दर पासवान |
| २ | हरवाचरवा अधिकार मञ्च | गरुडा नगरपालिका | २५ अक्टुवर, ०२१ | सुनितादेबी राम |
| ३ | हरवाचरवा अधिकार मञ्च | बिन्द्राबन नपा | १३ नोभेम्बर, ०२१ | सेख जुबेध |
| ४ | हरवाचरवा अधिकार मञ्च | चन्द्रपुर नगरपालिका | १३ नोभेम्बर, ०२१ | शान्ती राम |

### २.१.५ जिल्ला हरवाचरवा अधिकार मञ्च गठन:



२०७८ मंसिर १७ गतेका दिन हरवा चरवा अधिकार मंच बराको जिल्ला भेला सप्पन्न भएको थियो । सम्पन्न भेलाले माहाबिर माझिको अध्यक्षतामा १५ सदस्यीय हरवा चरवा अधिकार मंच बारा गठन गरेको थियो ।जसको उपाध्यक्षमा लक्ष्मी बिक , सचीवमा झगरु पासवान , सह-सचीवमा दलि माझी , कोषाध्यक्षमा धनमती राम र सदस्यहरुमा क्रमशः राजेश पासवान , हासिम अन्सारी , हिरामती गिरि , करिशमा माझी , बन्धु राम , राकेश राम ,भुलनी माझी , शन्त माझी , ललिता पासवान , दामोदर पासवान रहनु भएको छ ।बाराको सदरमुकाम कलैयामा माहाबिर माझिको अध्यक्षतामा आयोजित भेलाको प्रमुख अतिथि प्रदेश सान्सद एवं नेकपा एस प्रदेश २को संसदीय दलका सचेतक सुन्दर बिकले अत्यन्तै पिछडिएका हरवा चरवाहरुको जीवन स्तर उकास्नका निम्ति तिनीहरुको आवश्यक मुद्दा सम्बोधन गर्न पहल गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो ।भेलामा द फ्रिडम फनडका प्रामर्शदाता एवं कनुनी सल्लाहकार बलराम भट्टराई , हरवा चरवा अधिकार मंचका केन्द्रीय सचिव महमद काशिम अनसारी , सिरहा अध्यक्ष श्याम सुन्दर सदा , दलित मुक्ती संगठन पर्सा अध्यक्ष सुशील हजरा , रास्ट्रिय दलित नेट वर्कका टिम लिडर

हूकुम सार्की लगाएतले मन्तव्य ब्यक्त गरेका थिए भने कार्यक्रम माथी प्रकाश रुपनरायन पासवान र संचालन दशरथ रामले गरेका थिए ।




त्यसैगरी २०७८ मंसिर १७ गतेका दिन हरवा चरवा अधिकार मंच पर्साको जिल्ला भेला सप्पन्न भएको थियो । सम्पन्न भेलाले अमरदेव पासवानको अध्यक्षतामा १५ सदस्यीय हरवा चरवा अधिकार मंच पर्सा गठन गरेको थियो । जसको उपाध्यक्षमा उमापती माझि , सचीवमा खेदन माझि , सह(सचीवमा रिता देबि पासवान , कोषाध्यक्षमा सोभा देबि राम र सदस्यहरुमा क्रमशः परमा पासवान , सनजय पासवान रहनु भएको छ । नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभाहलमा अमरदेव पासवानको अध्यक्षतामा आयोजित भेलाको प्रमुख अतिथि पर्सा क्षेत्र न ३ (क) का प्रदेश सान्सद प्रहलाद गिरिले अत्यन्तै पिछडिएका हरवा चरवाहरुको जीवन स्तर उकास्नका निम्ति प्रदेश सरकारलाइ पहलकदमी लिन पहल गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो । भेलामा द फ्रिडम फनडका परामर्शदाता एवं कनुनी सल्लाहकार बलराम भट्टराई, हरवा चरवा अधिकार मंचका केन्द्रीय अध्यक्ष दरसन मन्डल , सिरहा अध्यक्ष श्याम सुन्दर सदा , अगुवा दलित नेता प्रभु पासवान , शिक्षक रबि भुसन राम , समाजबादी प्रेस संगठन पर्साका नेता मनोज पटेल ,दलित मुक्ती संगठन पर्सा अध्यक्ष सुशील हजरा , रास्ट्रिय दलित नेट वर्कका टिम लिडर हुकुम सार्की लगाएतले मन्तव्य ब्यक्त गरेका थिए भने कार्यक्रम माथी प्रकाश रुपनरायन पासवानले पार्नु भएको थियो ।




२०७८ मंसिर २० गतेका दिन रौतहटको गरुडामा हरवाचरवा अधिकार मंचको जिल्ला भेला आज सम्पन्न भएको थियो । सम्पन्न भेलाले बिजनेस पासवानको अध्यक्षतामा १५ सदस्यीय हरवाचरवा अधिकार मंच रौतहट जिल्ला कमिटी गठन भएको थियो । कमिटीको उपाध्यक्षमा खुश्बु कुमारी पासवान, उपेन्द्र साह, सह–सचिवमा रामईश्वर पासवान, कोषाध्यक्षमा शन्ति राम रहेका छन् । यस्तै सदस्यहरुमा दिपेन्द्र तिवारी, उर्मिला कार्की, छोटेलाल राम, करुणा पासवान, रुना पासवान, मिना देबि माझी, उपेन्द्र पटेल, दशरथ महरा, सुनिता राम र रेखा पासवान रहेका छन् । गरुडा उधोग बाणिज्य संघको सभा हलमा भगमनिया देबि रामको अध्यक्षतामा आयोजित भेलाको प्रमुख अतिथि गरुडा नगरपालिकाको उपमेयर रंगिला देबि जैसवालले अत्यन्तै पिछडिएका हरवाचरवाहरुको पहिचान गरी तिनिहरुको अधारभुत आवश्यकता पूरा गर्नुको साथै बिस्तारै योजनाबद्द ढंगले तिनिहरुको पक्षमा योजना ल्याउन आफ्नो स्थानीय तहमा जोडदार पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरिन् । भेलामा द फ्रिडम फण्डका प्रामर्शदाता एवं कानुनी सल्लाहकार बलराम भट्टराई, हरवाचरवा अधिकार मंचका केन्द्रीय अध्यक्ष दशन मण्डल, सिरहा

अध्यक्ष श्यामसुन्दर सदा, राष्ट्रिय दलित नेट वर्कका टिम लिडर हुकुम सार्की, रुपनारायण पासवान, सुब्बासाहेब पासवान लगायतको विशेष सहभागिता रहेको थियो ।

## २.२) **क्षमता अभिबृद्धी (Capacity Building):**



**२.२.१ दलित अधिकार मञ्चको क्षमता अभिबृद्धी कार्यक्रम:** द एसिया फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सञ्चालन गरिएको पहल परियोजना अन्तरगत धनगढी उपमहानगरपालिका १९ वटै वडाहरुमा दलितहरुको सामाजिक र अवस्थामा सुधार ल्याउन योगदान गर्ने उद्देश्यले दलित अधिकार मञ्चका प्रतिनिधीहरुलाई लक्षित गर्दै स्थानिय जननिर्वाचित प्रतिनिधीहरुका लागि सामाजिक जवाफदेहिताका औजारको प्रयोग र बित्तीय साक्षरता सम्बन्धी तालिमहरु सञ्चालन गरिएका थिए ।

**२.२.२ स्थानिय दलित जनप्रतिनिधीहरु र अधिकार एक्टिभीष्टहरुकालागि उप महानगरपालिका स्तरिय २ दिने तालिम:** दलित सशक्तिकरण तथा समावेशीकरण रणनितिक योजना निर्माण मार्फत स्थानिय



जननिर्वाचित प्रतिनिधीहरुको भूमिका र जिम्मेवारीहरुलाई सुनिश्चित गर्दै सामाजिक जवाफदेहिता कायम गर्ने उदेश्यले स्थानिय दलित जनप्रतिनिधीहरु र अधिकार एक्टिभीष्टहरुकालागि उप महानगरपालिका स्तरिय २ दिने तालिम संचालन गरीएको थियो । जसका निम्न प्रकारका उदेश्यहरु रहेका छन् ।

- न्यायिक समतिको काम, कर्तब्य, अधिकार र जनप्रतिनिधीहरुको भुमीकाकनो बारेमा जानकारी गर्ने ।
- १९ बटै वडाहरुमा सम्पन्न सार्बजनिक सुनुवाई कार्यक्रमको निष्कर्ष तथा अनुभब सिकाईहरु र दलित जनप्रतिनिधीको भुमीकाको बारेमा जानकारी गर्ने ।
- दलितहरुको राजनितिक, आर्थीक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धि संबैधानिक कानुनी प्राबधान बारे जानकारी गर्ने ।
- न्यायिक समितिको प्रभाबकारीताका लागि जनप्रतिनिधीहरुको भुमीकाबारे जानकारी गर्ने ।
- आगामी आर्थीक बर्षमा दलित मैत्रि बजेट निर्माणका लागि जनप्रतिनिधिहरुसंग कार्ययोजना निर्माण गर्ने ।

तालिमको सुरुवात अनौपचारीक रुपमा संचालन गरीएको थियो । तालिममा धनगढी उप महानगरपालिकाका दलित जनप्रतिनिधीहरु र अधिकार एक्टिभिष्टहरुलाई आमन्त्रण गरी सो तालिमको सुरुवात गरीएको थियो । तालिमम उदेश्य टिम लिडर हुकुम सार्की ज्युले गर्नु भएको भने संचालन सामाजिक परिचालन अधिकृत गोरख सार्की ज्यु ले गर्नु भएको थियो । त्यस पश्चात स्रोत ब्यक्ति

अधिबक्ता बराराम भटट्राई ज्यु ले गर्नु भएको थियो । कार्यक्रममा पहिलो दिनको पुनराबलोकन गरीएको थियो, जस प्रकृयामा सहभागिहरुले पालै पाले आफ्ना सिकाईहरु प्रस्तुत गरिएका थिए । त्यस पश्चात बालारा भटट्राई श्रोत ब्यक्तिले का बिषयमा छलफल गर्नु भएको थियो ।

**२.२.३ भूमि सम्बन्धी रणनिति निर्माण गोष्ठी सम्पन्नः** द ओपन सोसाईटी फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सुदूरपश्चिम प्रदेशमा सञ्चालन गरिएको भूमि अधिकार अभियान अन्तरगत मिति २०७८ असोज २३ देखि २४ सम्म भूमि सम्बन्धी रणनितिका निर्माणका लागि २ दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरुमा कार्यरत भूमि अधिकारकर्मी तथा सरोकारवाला निकाय गरि ३० जना प्रतिनिधीहरुको सहभागितामा सञ्चालित गोष्ठीको सहजीकरण राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश बि.के. र कानुनी सल्लाहकार वालाराम भट्टराईले गर्नु भयो । उक्त कार्यक्रमका भूमि सम्बन्धी दलितहरुका साझा सवालहरुको पहिचान भई दलित भूमिहिन र सुकुम्बासीहरुको बिशीष्ट सवालहरु प्राथमिकीकरण गरेर भूमि अधिकार रणनितिका आधारमा ६ महिने जनवकालत योजना समेत निर्माण गरिएको थियो ।



**२.२.४ आन्दोलन निर्माण सम्बन्धि तीन दिने तालिमः** हरवाचरवा मुक्तिको घोषणा गरौ, समाजिक न्यायपुर्ण श्रम सम्बन्ध कायम राखौ" भन्ने मुल नाराका साथ रास्ट्रिय हरवाचरवा अधिकार मंचका पदाधिकारी र सदस्यहरुका लागि नेतृत्व बिकास र आन्दोलन निर्माण सम्बन्धि तीन दिने तालिम प्रारम्भ भएको छ ।रास्ट्रिय दलित नेटवोर्कको आयोजना द फ्रीडम फन्डको सहयोग र रास्ट्रिय हरवाचरवा अधिकार मंचको समन्वयमा महोतरीको लालगढमा आयोजित तालीमको उद्घाटन गर्दै रास्ट्रिय दलित नेटवर्कका अध्यक्ष गणेश बिकले पुस्तौपुस्ता देखि पीडित रहेको हरवा चरवाको समस्या सम्बोधनका लागि तिनै तहका सरकार गम्भीर हुनुपर्ने बताए ।बिकले खास गरि प्रदेश न. २ मा हाल सम्म बिधमान रहेको हरवाचरवा प्रथाको उन्मुलनको लागि स्वयम् पीडितहरु अगाडि आउनुपर्नेमा जोड दिए ।

रास्ट्रिय हरवाचरवा अधिकार मंचका अध्यक्ष दशरथ मण्डलको अध्यक्षता भएको उद्घाटन समारोहमा नेपाल दलित मुक्ती संगठन प्रदेश न. २ का अध्यक्ष मीन रहपाल, द फ्रीडम फनडका कार्यक्रम सल्लाहकार ब्रहमदेव राम, सामुदायिक बिकास केन्द्र सप्तरीका कार्यवाहक अध्यक्ष बबिता चौधरी, रास्ट्रिय मुक्त हलिया समाज महासंघका पुर्ब अध्यक्ष राजु राम भुल, मुक्त कमैया समाजका बिनोद चौधरी लगायतले मन्तव्य ब्यक्त गरेका थिए । कार्यक्रम बारे प्रकाश रास्ट्रिय दलित नेटवोर्कका टिम लिडर हुकुम सार्कीले पारेका थिए भने स्वागत मन्तव्य रास्ट्रिय हरवाचरवा अधिकार मंचका महासचिव लगेन्द्र सदा र संचालन सन्जय महराले गरेका थिए ।




**२.२.५ सरकारि निती तथा कार्यक्रमबारे हरवा चरवा मंचलाई पुनःताजगि कार्यक्रम सम्पन्नः** द फ्रिडम फण्डको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा संचालित कृषी बधुवा मजदुरको अन्त्यका लागि हलिया र कमैया आन्दोलनसंगको

सहकार्यमा सरकारी निति प्रभावित गर्नका लागि हरवाचरवा संगठनहरुको क्षमता सवलीकरण परियोजना  (सवल) परियोजना अन्तरगत सिरहा जिल्लामा जिल्ला हरवा चरवा मंचका पदाधिकारी तथा सदस्यहरुलाई सरकारी तथा निती तथा कार्यक्रम सम्बन्धि पुनःताजगि  अभिमुखीकरण कार्यक्रम सम्मपन्न सिरहाको गोलबजारमा सम्मपन्न भएको हो ।  कार्यक्रममा जिल्ला हरवा चरवा अधिकार मचं सिरहाको अध्यक्ष श्याम सुन्दर सदाको अध्यक्षता रहेको थियो । उक्त कार्यक्रममा राष्ट्रिय हरवा चरवा अधिकार मचं केन्द्रीय कोषाध्यक्ष राजवति देवी मण्डलको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख अतिथिले मैनवति प्रज्वलन गरि उद्घघाटन गर्नुभएको थियो ।

पुनःताजगि अभिमुखीकरण कार्यक्रममा दलित जनकल्याण युवा क्लव लहानका अध्यक्ष उमेश विसुन्के ले पनि मन्तव्य राख्नुभएको थियो । अध्यक्ष विसुन्के का अनुसार हरवा चरवाहरुले संगठीत भई आन्दोलनको आधिवेहरी श्रृजना गर्न विलम्ब नर्गन सुझाव समेत दिनुभएको हो ।        कार्यक्रममा अतिथिको रुपमा बोल्दै दलित विकास मञ्च सिरहाका सचिव रामचन्द्र महरा ले हरवा चरवाको आन्दोलनमा हाम्रो संस्थाले सदैव सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको हो । कार्यक्रममा भुमीअधिकारकर्मी राजकुमार पासमानले पनि आफनो मन्तव्य राखेका थिए । कार्यक्रमको सहजिकरण मणिलाल विश्कर्माले गर्नुभएको हो । कार्यक्रम संचालन राष्ट्रिय दलित नेटवर्कका कार्यक्रम फिल्ड अधिकृत संजय महराले गरेको हो ।




**२.२.६ नेतृत्व बिकास तालिम**ः कपिलवस्तुको शिवर रहेको दियालो नेपाल र राष्ट्रिय दलित नेटवर्क संस्थाको आयोजनामा वन तथा कृषि सहज कार्यक्रमको सहयोग र शिवराज नगरपालिकाको संमन्वयमा शिवराजमा तिन दिने नेतृत्व बिकास तालिम सुरु भएको छ ।वन तथा कृषि सहज कार्यक्रमकोआर्थिक सहयोगमा सञ्चालित तालिममा शिवराजमा रहेको मिलिजुली कृषक समुहका ३० जना मुुस्लिम तथा दलित समुदायका महिला तथा युवाहरुको सहभागिता रहेको आयोजक संस्था राष्ट्रिय दलित नेटवर्क दलित मानव अधिकारी निगरानी समितिको अध्यक्ष मिना परिरयारले जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्दै दियालो नेपालकि अध्यक्ष तारा थापले समुुहमा आवद महिलाहरुको नेतृत्व विकासका लागि तालिम उपयोगी हुने विश्वास व्यक्त गर्नु भयो । तालिममा महिलाहरुलाई नेतृत्व क्षमता बिकास गर्न आवश्यक ज्ञान र शीपका बारेमा संक्षिप्त चर्चा गर्नु भयो ।त्यस्तै कार्यक्रममा बोल्दै दलित मानव अधिकारी निगरानी समितिको अध्यक्षमा मिना परियारले समाजमा महिलाहरुले घरभित्रको चुलो चौका मात्र गर्नुपर्छ भन्ने मान्यतालाई जरै देखि उखलेर महिलाहरुलाई पनि अब घरबाट बाहिर निकालेर अगाडि बढाउनुपर्ने बताउँदै यस किसिमका तालिमले सहयोग पुर्याउने उहाँले बताउनुभये । तालिमले महिलाहरुमा सकारात्मक सोच आउने र समाजमा महिलाहरुको सहभागितामा बृद्धि हुने बताउनुभयो ।तालिमका सहभागिहरुलाई नेतृत्व विकास, नेता र नेतृत्वको बारेमा जानकारी दिँदे महिला विकास कार्यक्रम, सहकारी प्रबद्र्धन तथा अभिबृद्धी, वैठक सञ्चालन प्रक्रिया लगायत फरक फरक विषयमा तालिमको सहजकर्ता संजय कुमारले अवगत गराउनुभएको थियो ।दियालो नेपाल संस्थाकी अध्यक्ष तारा थापाको अध्यक्षतामा संचालित तालिममा दलित मानव अधिकारी निगरानी

समितिको अध्यक्ष मिना परियार , तालिमका सहजकर्ता संजय कुमार पासि लगायत शिवराजमा रहेको मिलिजुली कृषक समुहका ३० जना महिलाहरुको सहभागिता रहेको थियो। आज देखि संचालित तालिम सोमबार समापन हुने छ ।

**२.२.७ समुहका महिलाका लागी २ दिने वित्तिय साक्षरता तालिमः** कपिलवस्तुको शिवराज नगरपालिका ५ चन्द्रौटामा समुहका महिलाका लागी २ दिने वित्तिय साक्षरता तालिम सुरु भएको छ । राष्ट्रिय दलित नेटवर्क धनगडीको सहयोग दियालो नेपाल कपिलवस्तुको आयोजनामा संचालित समुहका सदस्यहरुका लागी वित्तिय साक्षरता तालिम बुधबार बाट सुरु भएको जनाइएको छ । तालिम उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै शिवनगरपालिका वडा नम्वर ५ का वडा अध्यक्ष अर्जुन पाण्डेले समुहका महिला दिदिबहिनीहरुले तालिम लिई व्यावहारमा लागु गर्न आग्रह गर्नुभयो । खासगरि दलित समुदाय तथा पिछडा वर्गका महिलाको सहभागिताले तालिम फलदायी रहने बताउदै सहयोगी संस्था प्रति आभार प्रकट गर्नु भयो । यसै विच राष्ट्रिय दलित नेटवर्कका केन्द्रिय सदस्य तथा महिला अधिकार कर्मी मिना परियारले समुहमा रहेका महिलाहरुको वित्तिय साक्षरता क्षेत्रमा क्षमता अभिवद्धि गर्न यो तालिमले टेवा पुराउने विश्वास व्याक्त गर्नु भयो । तामिममा अर्थोपार्जन कसरी गर्न सकिन्छ र खर्च गर्ने तरिका एवम बचतका बारेमा प्रशिक्षण दिइने तालिमका सहजकर्ता किडार्क नेपाल कपिलवस्तुका जिल्ला संयोजक कृष्ण रावलले जानकारी दिनुभयो । तालिममा शिवराज नगरपालिका क्षेत्रका विभिन्न समुहका ३१ जना महिलाहरुको सहभागिता रहेको र तालिम विहिबार सम्पन्न रावलले जानकारी दिनुभयो ।



## २.३) नितिगत वकालत (Policy Advocacy):

**२.३.१ बिभीन्न जनवकालत अभियानहरु सञ्चालन:** द एसिया फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सञ्चालन गरिएको पहल परियोजना अन्तरगत धनगढी उपमहानगरपालिका १९ वटै वडाहरुमा दलितहरुको सामाजिक र अवस्थामा सुधार ल्याउन योगदान गर्ने उद्देश्यले बिभीन्न जनवकालत अभियानहरु सञ्चालन गरिएका छन । जसअनुसार बिभीन्न वडाहरुमा बिभीन्न निर्णय गर्न दलितहरुको समावेशीकरण अभियान, सार्वजनिक सुनुवाई, दलित सशक्तिकरण तथा समावेशीकरण रणनिति योजनाका लागि पैरवी कार्यक्रमहरु सञ्चालन गरिएका छन ।



**२.३.२ सार्वजनिक सुनुवाइ अभियान**: कैलालीको धनगढी उप-महानगरपालिकाका १९ वटै वडामा अभियानको



रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम थालिएको छ ।The Asia Foundation संगको साझेदारीमा राष्ट्रिय दलित नेटवर्कद्धारा विगत एक बर्षदेखी धनगढी उप-महानगरपालिकाका १९ वटै वडामा संचालित "दलितहरूको मानवअधिकार मर्यादा र सामाजिक आर्थिक सशक्तीकरणको सबलीकरण मार्फत दिगो सुशासन प्रवर्द्धन" (पहल) परियोजना अन्तर्गत सार्वजनिक सुनुवाई अभियान थालिएको हो ।अभियान अन्तरर्गत वडा कार्यालयले प्रदान गर्ने सेवासुबिधामा दलित समुदायको पहुँचको अबस्था बारे जनप्रतिनिधी र सेवाग्राहीबिच व्यापक रुपमा छलफल हुने गरेको आयोजक संस्थाले जानकारी गराएको छ ।



गत १ गतेदेखी धनगढी उपमहानगरपालिका-११ घोरसुवाबाट थालिएको सार्वजनिक सुनुवाई अभियानको पाचौं दिन सोमबार ( ५ गते) धनगढी उपमहानगरपालिका वडा नं. १४ फूलवारीमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ । यस अघि वडा नं.१३ राजपुर,वडा नं.३ बिशालनगर,वडा नं.८ धनगढीगाउँ र वडा नं.९ घुइयाघाटमा सम्पन्न भइसकेको बताइएको छ ।फूलवारीस्थित वडा कार्यालयमा आयोजना गरिएको सार्वजनिक सुनुवाईमा वडा अध्यक्ष रामबजारी चौधरी प्रमुख बक्ताको रुपमा सहभागी थिए । अध्यक्ष चौधरी र सहभागीहरुबीच दुई घण्टा लामो सवाल जवाफ भएको थियो ।सवाल जवाफको क्रममा कार्यक्रमका सहभागीहरुले वडा कार्यालयले दिने सेवा सुविधामा दलित समुदायको पुग्न नसकेको र वडा कार्यालयको कुनै पनि सुचना आफुहरुले सहज रुपमा पाउन नसकेको गुनासो गरेका थिए ।स्थानीय चमेलि परियारले हामी दलित समुदायका ब्यक्तिहरु स्वय आफू सचेत र सक्षम नभएका कारण वडा कार्यालयबाट प्रदान गर्ने सेवासुबिधाबाट बंचित हुनु परेको बताइन् ।



जवाफको क्रममा अध्यक्ष चौधरीले वडामा प्रतिनिधित्व गर्ने दुई जना दलित समुदायका जनप्रतिनिधि मार्फत दलित लक्षित कम्प्यूटर शिक्षा,बंगुर पालन,कुखुरा पालन लगाएत धेरै सिपमूलक तालिमहरु सम्पन्न गरिएको र स्वयं दलित समुदायका व्यक्तिहरु नजिकै वडा कार्यालय भएर पनि सुचनामा चासो नराख्ने गरेको बताए ।म जनजाती समुदायको प्रतिनिधित्व गर्ने व्यक्ति हु दुई जना दलित समुदायका जनप्रतिनिधि हुनुहुन्छ तपाइहरुले कति पटक उहाहरुलाई

भेटेर वडाको सेवासुविधा बारे बुझ्नु भाको छ ? कति पटक आफ्ना समस्याहरु राख्नुका साथै आफूहरुलाई आबश्यक पर्ने सिपमूलक तालिम वा विकास निर्माणका योजना बारे छलफल गर्नुभाको छ ? तपाईहरुबीचमा नै एकता नभएका कारण यो अबस्था सृजना भएको उनले सहभागीहरुबीचनै प्रति प्रश्न गरे ।कार्यक्रममा पहल परियोजना अन्तर्गत गठन गरिएको वडा स्तरीय दलित अधिकार मंचमा आबद्ध सम्पूर्ण पदाधिकारी सदस्यहरुको सहभागीता रहने गरेको छ ।सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुको उदेश्य बारे सबल परियोजनाका सामाजिक परिचालन अधिकृत गोरख सार्कीले जानकारी गराउने गरेका छन भने कार्यक्रमको सहजीकरण समता मिडिया सेन्टरका कार्यकारी अध्यक्ष मिलन परियारले गरेका छन् ।



**२.३.३ कृषि बधुवा मजदुरहरुको सवालमा बहुपक्षिय सरोकारवाला निकायसंग अन्तरसंवादः** राष्ट्रिय दलित नेटवर्कको आयोजन तथा बाध्यकारी श्रम उन्मुलन पैरवी समुहसंगको समन्वयमा ११ डिसेम्बर, २०२१ का दिन काठमाण्डौको होटल ईन्द्रेणीमा एक दिने कृषि बधुवा मजदुरहरुको सवालमा बहुपक्षिय सरोकारवाला निकायसंग अन्तरसंवाद कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको उदघाटन गर्दै राज्यको निर्देशक सिद्धान्त, नितिको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिका सभापती माननीय निरा जैरुले हरवाचरवा मुक्तिको घोषणा गर्नु राज्यको पहिलो प्राथमिकता हुनुपर्ने कुरा औल्याउनु भयो । साथै उहाँले हलिया मुक्ति भएको १३ बर्ष र कमैया मुक्त भएको २० बर्षभन्दा बढी भईसकेको सन्दर्भमा अहिलेसम्म पनि न्यायिक पुनर्स्थापना हुन नसककोले त्यसका लागि साझा पहलकदमी हुनुपर्ने कुरामा जोड दिनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं प्रतिनिधीसभा सदस्य माननिय बिमला बिश्वकर्माले कृषी बधुवाहरुको अधिकार र स्वतन्त्रताका पक्षमा आफु सधै लागिरहेको र आगामी संघीय संसदको बैठकमा यस सवालबारे जोडदार ढंगले कुरा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



कार्यक्रममा संघीय सरकार भूमि ब्यवस्था, सहकारी र गरिवी निबारण मन्त्रालयका सहसचिव जनकराज जोशीले कृषि बधुवा मजदुरहरुको सवालमा सरकारी पहल र आगामी रणनिति बिषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो कार्यपत्रमा द फ्रिडम फण्डका कानुनी सल्लाहकार बालाराम भट्टराई र भूमिबिज्ञ धर्म जोशीले टीप्पणी गर्नुभएको थियो । उक्त कार्यक्रममा दलित गैरसरकारी संस्था महासंघका कार्यबाहक अध्यक्ष भक्त बिश्वकर्मा, बरिष्ठ मानव अधिकारकर्मी चरण प्रसाई, युथ एडभोकेसी फोरमका केन्द्रीय अध्यक्ष नरेन्द्र खतिवडा, राष्ट्रिय मानव अधिकार आयोगका दीपेन्द्र बहादुर सिंह, राष्ट्रिय मुक्त हलिया समाज

महासंघका पुर्वअध्यक्ष राजुराम भुल, राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका कोषाध्यक्ष राजवती मण्डल, कमैया महिला जागरण समाजका सचिव संगीता थारु लगायतले आ आफनो बिचार ब्यक्त गर्नुभएको थियो ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश बिश्वकर्माले कार्यक्रमबारे अवधारणागत प्रस्तुती गर्नका साथै सहभागीहरुलाई स्वागत गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय दलित नेटवर्कका टीम लिडर हुकुम बहादुर सार्कीले गर्नु भएको थियो । कार्यक्रममा निति निर्माता, सरकारी कार्यालय, नागरिक समाज, पत्रकार, वकिल लगायत अन्य सरोकारवाला निकाय गरि जम्मा ४० जनाको सहभागिता रहेको थियो ।

### २.३.४: कृषी बधुवा मजदुर सम्मेलन सम्पन्नः




हरवाचरवाका नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गर्नुपर्ने मागसहित काठमाडौं घोषणापत्र जारी गर्दै कृषि बधुवा मजदूर सम्मेलन सम्पन्न भएको छ । कृषि बधुवा मजदूर अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्क नेपाललगायत सङ्घ/संस्थाद्वारा आयोजित दुई दिने सम्मेलनले हरवाचरवाको स्पष्ट तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्नुपर्ने मागसमेत गरेको छ । सम्मेलनले हरुवाचरुवाको पुनःस्थापना गर्दा कम्तीमा १० कट्ठा जमिन प्रदान गर्न र हरवाचरवाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीसहितको पुनःस्थापना गर्नसमेत माग गरेको छ । ‘धेरै लामो समयदेखि छलफल भई विज्ञसमेतको सुझाव प्राप्त भएको हलिया श्रम निषेध गर्ने ऐन पारित हुन नसक्दा सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकारको निम्ति पनि हलिया पुनःस्थापनाको काम प्राथमिकतामा नपरेको प्रति सम्मेलनले सरकारको ध्यानाकर्षण गराएको छ ।

यसैगरी प्रमाणीकरण भएका तर परिचयपत्र प्राप्त गर्न बाँकी रहेका हलियालाई अविलम्ब परिचयपत्र वितरण गर्न तथा छुट हलियालाई एक पटकको लागि पुनःप्रमाणीकरण खुला गर्न पनि घोषणा पत्रमा माग गरिएको छ । बाध्यात्मकरूपमा अरुको घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने शर्तमा काम गरिरहेका कृषि मजदूरमध्ये खेत जोत्नेलाई हरवा भनिन्छ भने गाईवस्तु चराउनेलाई चरवा भनिन्छ ।

यस्ता हरवाचरवाले एकातर्फ उचित ज्याला पाउँदैनन् भने अर्कोतर्फ धेरैले बाबुबाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता छ । जसको घरमा पुस्तौँदेखि उनीहरू ऋण चुक्ताका लागि श्रम गरिरहेका हुन्छन् । तिनैलाई ऋण कति थियो र कति समय श्रम गरेपछि त्यो कट्टा हुन्छ भन्नेसमेत जानकारी हुँदैन ।

यस अर्थमा हरुवाचरुवा पुस्तौँदेखि न्यायिक ज्यालाबिनै श्रम गर्न बाध्य छन् । सन् २०१३ मा आइएलओले गरेको अध्ययन अनुसार हरवाचरवाको सङ्ख्या एक लाख भन्दा बढी भएको अनुमान गरिएको छ । हाल 'द' फ्रिड्म फण्ड तथा सिएसआरसिले गरेको अध्ययनले हरवाचरवा अनियमित ऋणका कारण अझैपनि बधुवाको रुपमा रहेको तथ्य छ ।

नेपालको संविधानको धारा २९ शोषणविरुद्धको हकअन्तर्गत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन र उपधारा (४) मा कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भने धारा ४० को उपधारा (५) र (६) मा दलितलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ ।सम्मेलनले मुक्तकमैयाको वास्तविक अर्थमा मुक्तिको लागि बहुआयामिक गरिबी र बधुवा श्रमको स्थितिबाट पूर्णतयामुक्त गर्दै आधुनिक किसान वा श्रमिकमा रुपान्तरित गर्न हजारौँको सङ्ख्यामा छुट र मुक्तकमैयाको पुनः एकपटक लगत लिने व्यवस्थासहित उनीहरूलाई परिचयपत्र प्रदान गरी पुनःस्थापना प्याकेजमा समावेश गर्न पनि सम्मेलनले माग गरेको छ ।

अझैसम्म दास प्रथाको अवशेषको रुपमा कृषि बधुवा श्रमिकहरू हरवाचरवाको रुपमा रहेको घोषणा पत्रमा उल्लेख छ ।सम्मेलनले हरवाचरवाको नागरिकता, जन्मदर्ता, सामाजिक सुरक्षा भत्तालगायतका सवालहरूलाई सहज ढङ्गले सम्बोधन गरिदिन, पहिचान, प्रमाणीकरण र परिचयपत्र वितरणका लागि पहल गर्न, हरवाचरवा भूमिहीन भएकाले भूमिमाथि उनीहरूको स्वामित्व कायम गराउन, हरवाचरवाको आयआर्जन प्रबद्र्धधन गर्नका लागि जीविकोपार्जन सिप विकास तालिममा उनीहरूको पहुँच कायम गरिदिन र नेपाल सरकारको नीति अनुसार 'समान कामको समान ज्याला' कायम गर्दै श्रम शोषणको अन्त्य गर्न मागसमेत गरेको छ ।छुट कम्हलरीको एकीन तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई परिचयपत्र प्रदान गर्न र अझै पनि कम्लहरिका रुपमा काम गरिरहेका बालिकाकाका मालिकलाई कानुनी दायरामा ल्याई कम्हलरीलाई सम्पूर्ण रुपमा मुक्त गराउनुपर्ने घोषणामा भनिएको छ ।

**२.३.५: मानव अधिकार महाभेलामा कृषी बधुवा मजदुरहरुको सहभागिताः** ७३औ अन्तरास्ट्रिय मानव अधिकार



दिवसको अवसरमा मंसिर २२ देखि २८ सम्म काठमाडौंमा मानव अधिकार माहाभेला प्रारम्भ भएको छ । माहाभेलाको समुदघाटन गर्दै उपराष्टपति नन्दकिशोर पुनले राज्यमा बिधिको शासन कायम गर्दै मानव अधिकारको सम्मान , संरक्षण र सम्बर्द्धनका लागि राज्यले पहलकदमी लिनु पर्नेमा जोड दिनु भयो । उहाले त्यसमा नागरिक समाज तथा संघ संगठनहरुको भुमिका महत्वपूर्णको रहेकोले सोही अनुसरण कृयाशिल हुन अपिल गर्नु भयो । सात दिन सम्म चल्ने उक्त माहा भेलामा कृषि बधुवाहरु , हरवा चरवा , हलिया र कमैया अगुवाहरुको सहभागीता रहेको छ । महाभेलाको अवधिमा आयोजना हुने विभिन्न कार्यक्रममा आफ्ना सवालहरु उठाउनका लागि कृषी बधुवाहरु मजदुरहरुको सहभागीता रहेको रास्ट्रिय मुक्त हलिया माहासंघ नेपालका पुर्ब अध्यक्ष राजु राम भुलले बताउनु भयो ।

**२.३.६ हरवाचरवा प्रथाको अन्त्य गर्न माग गर्दै २४ स्थानीय तहमा ज्ञापन पत्रः** राष्ट्रिय दलित नेटवर्कद्वारा गठीत हरवा चरवा अधिकार मञ्चले प्रदेश नम्बर २ का ६ जिल्लाका २४ वटा स्थानीय तहमा विभिन्न माग राख्दै ज्ञापन पत्र बुझाएको छ ।पर्सा, बारा, रौतहट, धनुषा, सिरहा र सप्तरीका २४ स्थानीय तहहरुमा हरवा चरवा अधिकार मञ्चका पालिका समितीहरुले बाध्यकारी बधुवा श्रममा आधारित एउटा शोषणमुलक दास प्रथाको रुपमा रहेको हरवा चरवा प्रथा अन्तय गर्न माग गर्दै ज्ञापन पत्र बुझएको हो ।




बिभिन्न पालिकाहरुमा पेश गरिएको ज्ञापन पत्रमा दास प्रथाको अवशेषको रुपमा रहेको कृषी बधुवा श्रमिकहरु हरवा चरवाहरुको नागरिकता, जन्मदर्ता, सामाजिक सुरक्षा भत्ता लगाएतका सवालहरुलाइ सहज ढंगले सम्बोधन गर्न माग गरिएको छ ।


हरवा चरवाहरुको पहिचान, प्रमाणिकरण र परिचयपत्र बितरण गर्नुपर्ने र हरवा चरवाहरु भुमिहिन भएकोले भुमी माथी उनिहरुको स्वामित्व कायम गर्नुपर्ने ज्ञापन पत्रमा उल्लेख छ ।हाल स्थानिय सरकारहरुबाट नै सम्बोधन हुन सक्ने खालका विभिन्न मागहरु जस्तै हरवा चरवाहरुको आय आर्जन प्रबर्द्धन गर्नका लागि जिविकोपार्जन सीप बिकास तालीमहरुमा समेत उनिहरुको पहुच कायम गर्नुपर्ने मागहरू ज्ञापन पत्र मार्फत प्रस्तुत गरिएको रास्ट्रिय दलित नेटवोर्कका जनवकालत अधिकारी रुपनारायन पासवानले बताए । सदियौँ देखि हरवा चरवा प्रथाबाट प्रताडित भइ सामाजिक , आर्थिक, राजनितीक र शैक्षिक दृस्टिले पछाडि परेकाहरुलाई राज्यको मुलधारमा ल्याउनु राज्यको प्रमुख दायीत्व भएकोले मागहरू अबिलम्ब सम्बोधन हुनुपर्ने हरवा चरवा अधिकार मञ्च बिरगञ्जका अध्यक्ष जयप्रकाश माझिले बताए ।

**२.३.७ राष्टिय भूमिआयोगमा ज्ञापनपत्रः** सन २०२१ डिसेम्बर १३ का दिन राष्ट्रिय दलित नेटवर्कको सहजीकरणमा कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया,मुक्त कमैया, मुक्त कमलरि र भुमि अभिकार मंचका प्रतिनिधीहरुको सहभागितमा हरवाचरवाको मुक्ति र पुनर्स्थापनका माग सहित राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष माननीय नेहेन्द्र खडकालाई ज्ञापनपत्र बभ्काइयो । कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश



बि.के.ज्यूको नेतृत्वमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डल, महासचिव लागिन्द्र सदा, कोषाध्यक्ष राजवती मण्डल, राष्ट्रिय मुक्त हलिया महासंघ नेपालका पुर्व अध्यक्ष राजुराम भुल, महासचिव पर्वत सुनार र कमैया महिला जागरण समाजका सचिव संगिता थारु र सदस्य रमा चौधरीको सहभागिता थियो ।

### २.४) अध्ययन तथा अनुसन्धान (Study and Research):




**२.४.१ दलितहरुको अवस्था अध्ययन:** द एसिया फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सञ्चालन गरिएको पहल परियोजना अन्तरगत धनगढी उपमहानगरपालिका १९ वटै वडाहरुमा दलितहरुको राजनितिक, आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाको अध्ययन गरिएको छ । अध्ययन अनुसार सुदूरपश्चिम प्रदेशको एकमात्र उपमहानगरपालिका धनगढीमा जातीय विभेद गर्ने प्रचलनमा कमी हुन थालेको एक अध्ययनले देखाएको छ । धनगढी उपमहानगरका १९ वडाका २५२ घरमा गरिएको सर्वेक्षणमा सहभागी ७२ प्रतिशतले अहिले जातीय विभेदमा कमी आउन थालेको बताएका थिए । सर्वेक्षणमा १९ प्रतिशतले पहिले जस्तै विभेद रहेको र सात प्रतिशतले अझै विभेद बढेको दावी गरेका थिए ।

मंगलबार धनगढीमा आयोजित सो सर्वेक्षणको प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै दलित समुदायको अवस्थाको अध्ययन गरेका प्रा.डा. हेमराज पन्तले भने– समग्रमा विभेदमाकमीआएको भएपनि सरकारी सेवालिनजाँदादलितहो भन्ने थाहा पाएपछि भने कर्मचारीले व्यवहार परिवर्तन गरेको भोगेको गुनासो दलित समुदायले गरेका छन् । सर्वेक्षणमा सहभागीमध्ये ४२ प्रतिशतले व्यवहार परिवर्तन भोग्नु परेको बताएका छन् । प्रा.डा. पन्तका अनुसार धनगढीका १९ वटै वडाका दलित वस्तीमा खाद्यान्न, जग्गाको स्वामित्व, सीप, पारिवारिक आय, जातीय विभेद, शहरी सुविधा, वित्तिय सुविधामा पहुँच, सामाजिक काममा संलग्नता, वडा स्तरका सुशासन सहितका गतिविधिमा पहुँच लगायतका विषयमा अध्ययन गरिएको थियो ।सो अध्ययनअनुसार महिनामा १० हजार रुपैयाँ मुनि कमाउनेको दलित समुदायको संख्या ५७ प्रतिशत, १० हजार रुपैयाँसम्म कमाउनेको संख्या ३७ प्रतिशत, १० देखि २० हजार रुपैयाँ कमाउनेको संख्या एक दशमलव पाँच प्रतिशत र ३० हजार रुपियाँ कमाउनेको संख्या एक प्रतिशत छ । यस्तै ४७ प्रतिशत इँटा/टायल, ३० प्रतिशत कच्ची घर, १९ प्रतिशत दलितहरु पक्की घरमा बस्ने गरेका छन् ।

प्रा. डा. पन्तले भने– ५७ प्रतिशतसंग जग्गाधनी पूर्जा छैन । ४१ प्रतिशतसंग पूर्जा छ र दुई प्रतिशतसित केही पनि छैन । त्यस्तै ७७ प्रतिशतलाई छ महिना र १४ प्रतिशतलाई वर्षभरी आफ्नो कमाइले खान पुग्छ । दलित


समुदायका ३२ प्रतिशत आफ्नै परम्परागत पेशामा संलग्न छन । दलित समुदायका ३६ प्रतिशत बालबालिकाले स्कुल छोड्ने गरेका छन् । सो अध्ययन अनुसार बिजली, सडक, खानेपानी र सरसफाइमा भने दलित समुदायको पहुँच बढ्दै गएको छ । जसअनुसार ९१ प्रतिशतको विद्युतमा, ७९ प्रतिशतको चर्पीमा, ४३ प्रतिशतको सडकमा, १५.५ को शुद्ध खानेपानीमा र १० प्रतिशतले फोहर संकलन हुने सुविधा पाएका छन् । उनीहरुले पानी, विजुली सुविधा लिंदा भने विभेद नभोगेको जवाफ दिएका छन् । प्रा.डा. पन्तले भने– वित्तिय संस्थातर्फ वैंकमा उनीहरुको पहुँच कम देखिएको छ । वैंकमा ८.३, साहुमहाजनमा ११ र सहकारी र वचत समूहमा उनीहरुको ४८ प्रतिशत निर्भरता छ ।अध्ययनअनुसार वार्ड तथा टोल भेलामा ८ प्रतिशत, जुलुसमा १८ प्रतिशत मात्र दलित समुदायको सहभागिता छ । दलित समुदायले सरकारी निकायमा ३० प्रतिशतले सजिलै, ४० प्रतिशतले भनसुका आधारमा र ३३ प्रतिशतले घुस खुवाएर काम गराइएको देखिएको छ ।उनीहरुले जग्गाधनी पूर्जा भए बैंकबाट ऋण लिन सजिलो हुने र सस्तो व्याज पाउँदा काम गर्न सजिलो हुने, छुवाछुत गर्नेलाई कडा कानूनी कार्वाही हुने व्यवस्था गर्नुपर्ने, सुधारिएको घर बनाइदिनु पर्ने र परम्परागत सीपलाई जोगाउन पहल गरे रोजगारी बढ्ने भएकोले सरकार ध्यान दिनु पने माग गरेका छन् ।सो अध्ययन प्रतिवेदन धनगढी उपमहानगरपालिकाका प्रमुख नृप वडले सार्वजनिक गरेका थिए । उनले पछाडि परेका दलित, महिला, जनजाती उत्थानले मात्रै समाज राम्रो बन्ने बताए । सो अध्ययन द एसिया फाउन्डेसनको सहयोगमा राष्ट्रिय दलित नेटवर्कको अगुवाइमा भएको हो । सो अवसरमा नेटवर्कका संस्थापक अध्यक्ष गणेश विकले यो विस्तृत अध्ययनले उपमहानगर सहितका सरकारी तथा गैरसरकारी पक्षलाई दलित समुदायका लागि आवश्यक कार्यक्रम ल्याउन सजिलो हुने बताए ।कार्यक्रममा सो अध्ययनको औचित्यबारे हुकुम सार्कीले प्रकाश पारेका थिए । भने अध्ययनका सवालमा मानवअधिकार आयोगका रुपसिंह निरौला, नेपाल बार एशोसियसनका कैलाली अध्यक्ष सिद्धराज ओझा, दलित अधिकारकर्मी चक्र विक, द एसिया फाउन्डेसनका ज्योत्सना बस्नेत, जनप्रतिनिधि राधा विक, सुदूरपश्चिम समाजका अध्यक्ष करुणा नेपाल लगायतले टिप्पणी गरेका थिए ।

**२.४.२ दलित मानव अधिकारको अवस्था सम्बन्धी सर्वेक्षण:** द एसिया फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सञ्चालन गरिएको पहल परियोजना अन्तरगत धनगढी उपमहानगरपालिका १९ वटै वडाहरुमा मोवाईल यापको प्रयोग मार्फत **दलित मानव अधिकारको अवस्था सम्बन्धी सर्वेक्षण** गरिएको छ । **यो सर्वेक्षण कूल ३२१ जनामा गरिएको हो । जस मध्य महिला १९५ र पुरुष १२६ रहेका छन । सर्वेक्षण गरिएका मध्य २० वर्ष उमेर भन्दा कम २४ जना, २१ देखी ४० वर्ष उमेर समूहक १९१ जना, ४१ देखी ६० वर्ष उमेर समूहका ९४ जना र ६० वर्ष भन्दा माथीका १२ जना रहेका छन ।**


| Gender | No of people | |
|---|---|---|
| Female | 195 | 60.7% |
| Male | 126 | 39.3% |
| Total | 321 | |




| | | |
|---|---|---|
| 21 देखि 40 वर्ष | 191 | 60% |
| 41 देखि 60 वर्ष | 94 | 29% |
| 60 वर्ष भन्दा बढी | 12 | 4% |
| 20 वर्ष भन्दा कम | 24 | 7% |




| Education level | | |
|---|---|---|
| bachelor_level | 33 | 10.28% |
| general_education | 222 | 69.16% |
| More than bachelor | 3 | 0.93% |
| see | 63 | 19.63% |
| Total | 321 | |





सर्वेक्षण गरिएका व्यक्तीहरूको शैक्षिक अवस्था अनुरुप वर्गीकरण गर्दा । समान्य लेखपढ गर्न जान्ने २२२ जना, एसईई सम्म अध्ययन गर्ने ६३ जना, स्नातक तह सम्म अध्ययन गर्ने ३३ जना र स्नातक तह भन्दा माथी अध्ययन गर्ने ३ जना रहेका छन ।

५ पेशाको आधारमा

पेशाको आधारमा वर्गीकरण गर्दा निम्न अनुरुप रेहका छन ।


| | | |
|---|---|---|
| skilled_work | 23 | 6.55% |
| student | 44 | 12.54% |
| agriculture | 77 | 21.94% |
| business_selfemployment | 30 | 8.55% |
| service | 21 | 5.98% |
| housewife | 110 | 31.34% |
| other | 46 | 13.11% |
| | 351 | |




कूल सर्वेक्षण गरिएका ३२१ जना मध्य केहीले एक भन्द बढी पेशामा आवद्ध रहेको बताए जस अनुसार वर्गिकरण गर्दा शिपमुलक काम गर्ने २३ जना, विदधार्थी ४४ जना, कृषिमा ७७ जना, व्यापार व्यवसाय वा स्वरोजगार ३० जना, नोकरी गर्ने २१ जना, गृहणी ११० जना तथा अन्य पेशा गर्ने ४६ जना गरेका छन ।

**आवासीय घरको किसिम**


| | | |
|---|---|---|
| Housing | | |
| concrete | 84 | 26.17% |
| concrete_wall_tine_tile_roof | 124 | 38.63% |
| non_concrete_wall_thatched_roof | 102 | 31.78% |
| on_rent | 11 | 3.43% |
| Total | 321 | |




आवासीय घरको किसिम अन्तर्गत पक्की घर भएका ८४, पक्की दिवाल र जस्ता/ टायलले छाएको घर भएका १२४, कच्ची दिवाल र खरले छाएको घर भएका १०२, रले छाएको घर भएका १०२, भाडाको घरमा बसेका ११ जना रहेका छन ।

## ७ सुविधा उपयोग तपाईले  तलका मध्ये कुन सुविधाहरु उपभोग गर्नु  भएको छ?

| सुविधा | | |
|---|---|---|
| बिजुली जडान | 306 | 95.33% |
| खाने पानीको धारा | 123 | 38.32% |
| सडक पहुँच | 304 | 94.7% |
| शौचालय | 286 | 89.1% |
| फोहर मैला संकलन | 22 | 6.85% |
| ढल निकास | 20 | 6.23% |




सर्वेक्षण गरिएका व्यक्तिहरु मध्य धेरै ले एक भन्दा बढी सुविधाहरु उपभोग गर्नु भएको पाइयो जसमध्य ३०६ जनाले बिजुली जडान, १२३ जनाले खानेपानीको धारा जडान, ३०४ जनाले आफ्नो सडकमा पहुँच भएको, २८६ जनाले शौचालय उपभोग, २२ जनाले फोहर मैला संकलनको सुविधा र २० जनाले ढल निकासको सुविधा उपभोग गर्ने बताए।

८. सरकारबाट प्रदान गरिने विभिन्न सुविधाहरू जस्तै बिजुली , खानेपानी, सडक आदिको सुविधा अरु वर्ग सरह प्राप्त भएको छ या छैन भन्ने प्रश्नमा २४० जना व्यक्तीहरूले छ भन्नु भयो भने ८१ जना व्यक्तीहरूले छैन भन्नु भयो ।

| Govt Facility | No of people | |
|---|---|---|
| no | 81 | 25.23% |
| yes | 240 | 74.77% |
| Total | 321 | |




९.

| Social Security | No of people | |
|---|---|---|
| no | 91 | 28.35% |
| yes | 230 | 71.65% |
| Total | 321 | |

शिक्षा, स्वास्थ्य, बालबालिका तथा महिला कल्याण, सामाजिका सुरक्षा भत्ता र अन्य सरकारी राहतका कार्यक्रमा २३० जनाले पहुँच भएको बताउनु भयो भने ९१ जनाले आफ्ने पहुँच नभएको बताउनु भयो ।

१०.

| Own land | No of people | |
|---|---|---|
| no_land_refugee | 13 | 4.05% |
| registered_land | 139 | 43.3% |
| unregistered_land | 169 | 52.65% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तीहरूलाई आफ्नो परिवारसँग भएको जग्गाको विवरणबारे सोध्दा १३९ जनाले दर्ता भएको जग्गा छ भन्नु भयो, १६९ जनाले ऐलानी जग्गामा बसोबास गरेको भन्नु भयो भने १३ जनाले आफ्नो परिवारको नाममा कुनै पनि जग्गा नरहेको र आफु भूमिहिन सुकुम्वासी रहेको बताउनु भयो ।

११. तपाईको परिवारमा परम्परागत शिप भएका मानिस छन ?

| Famili profession | No of people | |
|---|---|---|
| no | 252 | 78.5% |
| yes | 69 | 21. 5% |
| Total | 321 | |

कूल सर्वेक्षण गरिएका व्यक्तिहरू मध्य ६९ जनाले आफ्नो परिवारमा परम्परागत शिप भएका मानिसहरू रहेका बताए भने २५२ जनाले आफ्नो परिवारमा त्यस्तो मानिसहरू नरहेको बताए ।


**१२ तपाईले अहिले सम्म कुनै जातीय छुवाछूत वा भेदभावको अनुभव गर्नू भएको छ?**

| experianced discrimination | people | |
|---|---|---|
| no | 66 | 20.56% |
| yes | 255 | 79.44% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तिहरूलाई अहिले सम्म कुनै प्रकारको जातीय छुवाछुत वा भेदभावको अनुभव गर्नु भएको छ भनेर सोध्दा २५५ जनाले छ भन्नु भयो भने ६६ जनाले त्यस्तो अनुभव नभएको बताउनु भयो ।

**१३ यदि छ भने कुन ठाउमा भेदभाव भयो ?**

| | | |
|---|---|---|
| कार्यालयमा | 37 | 11.53% |
| मन्दिरमा | 100 | 31.15% |
| विद्यालयमा | 10 | 3.12% |
| होटलमा | 55 | 17.13% |
| अन्य सार्वजनिक | 223 | 69.47% |



| | | |
|---|---|---|
| स्थलमा | | |

भेदभाव भयो भन्ने २५५ जना मध्य धेरैले एक भन्दा बढी स्थानमा भेदभाव भोगेको बताए जस मध्य कार्यलायमा ३७ जनाले, मन्दिरमा १०० जनाले, विद्यालयमा १० जनाले, होटलमा ५५ जनाले तथा अन्य सार्वजनिक स्थलमा २२३ जनाले रहेको छ ।

**१४ तपाईको विचारमा समाजमा अहिले जातिय छुवाछुत र भेदभावको स्थिति कस्तो छ ?**

| in society | people | |
|---|---|---|
| decreased | 292 | 90.97% |
| increased | 4 | 1.25% |
| same_as_before | 25 | 7.79% |
| Grand Total | 321 | |

कूल सर्वेक्षण गरिएका व्यक्ति मध्य २९२ जनाले अहिले समाजमा जातिय छुवाछुत र भेदभाव पहिलेको भन्दा घटेको बताउनु भयो त्यस्तै ४ जनाले पहिलेको तुलनामा बढेको बताउनु भयो भने २५ जनाले पहिलेको जस्तै रहेको बताउनु भयो ।

**१५ दलितमाथि हुने जातिय छुवाछूत र भेदभाव हटाउन के गर्नु पर्ला ?**

| | | |
|---|---|---|
| शिक्षा र संचेतना | 248 | 77.26% |
| कडा कानुन कार्यान्वयन | 210 | 65.42% |
| आर्थिक सवलिकरण | 134 | 41.74% |
| अन्य केही भए ? | 3 | 0.93% |

दलितमाथि हुने जातिय छुवाछुत र भेदभाव हटाउन के गर्न पर्ला भन्ने प्रश्नमा शिक्षा र संचेतनामा २४८ जनाले जोड दिनु भयो, कडा कानुन कार्यान्वयनमा २१० जनाले जोड दिनु भयो, आर्थिक सवलिकरणमा १३४ जनाले जोड दिनु भयो भने ३ जनाले यो बाहेक अन्य केही हुन सक्ने बताए ।


**१६ तपाईको परिवारका सदस्यहरु कुनै संघ संस्थामा आवद्ध छन**

| family_social_affiliation | people | |
|---|---|---|
| no | 228 | 71.03% |
| yes | 93 | 28.97% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तिहरुमा यदि परिवारका सदस्यहरु कुने संघ संस्थामा आवद्ध छन भन्ने प्रश्नमा २२८ जनाले कुनैमा पनि छैनन भन्नु भयो भने ९३ जनाले आवद्ध रहेको जनाकारी गराउनु भयो ।

**१७ छन  भने तलका मध्ये कुनमा आवद्ध छन ?**

| | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| स्थनिय तहमा निर्वाचित | 6 | 6 | 12 |
| टोल सुधार  समिति | 25 | 27 | 52 |
| वडा समिति | 0 | 7 | 7 |
| महिला समूह | 0 | 81 | 81 |
| सहकारी संस्था | 11 | 54 | 65 |
| गैर सरकारी  संस्था कल्ब | 14 | 50 | 64 |
| राजनीतिक दल | 17 | 17 | 34 |
| उपभोक्ता समिति | 21 | 24 | 45 |
| अन्य | 19 | 35 | 54 |
| | 113 | 301 | 414 |




परिवारका सदस्य कुनै संघ संस्थामा आवद्ध छन भन्ने व्यक्तिहरूका अनुसार ६ पुरुष र ६ महिला गरि १२ जना स्थानिय तहमा निर्वाचित रहेका, २५ पुरुष र २७ महिला गरि टोल सुधार समितिमा, ७ महिला वडा समितिमा, ८१ महिला महिला समूहमा, ११ पुरुष र ५४ महिला गरि ६५ जना सहकारी संस्थामा, १४ पुरुष र

५० महिल गरि ६४ जना गैर सरकारी संस्था र कल्बमा, १७ पुरुष र १७ महिला गरि ३४ जना राजनीतिक दलमा, २१ पुरुष र २४ महिल गरि ४५ जना उपभोक्ता समितिमा र १९ पुरुष र ३५ महिला गरि ५४ जना अन्य संघ संस्थामा आवद्ध रहेका बताएका छन् ।

**१८ तपाई आफ्नो वडा, टोल या स्थानीय योजना निर्माणमा या छलफलमा सहभागी हुनु भएको छ?**

| social_development_discussion | people | |
|---|---|---|
| no | 157 | 48.91% |
| yes | 164 | 51.09% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएका मध्य १६४ जना व्यक्तिहरूले आफु आफ्नो वडा, टोल या स्थानिय योजना निर्माणमा या छलफलमा सहभागी भएको बताउनु भयो भने १५७ जनाले आफु त्यस्तो छलफलमा सहभागी नभएको बताउनु भयो ।

**१९ तपाईले हालसम्म दलित समुदायको जातीय छुवाछूत तथा भेदभाव र उत्पीडनबारे कुने सामुहिक छलफल, अन्तर संवाद, गोष्ठी, सभा, सम्मेलन, जुलुस, अभियान, आन्दोलनहरुमा भाग लिनु भएको छ ?**

| dalit_discussion | people | |
|---|---|---|
| no | 192 | 59.81% |
| yes | 129 | 40.19% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तिहरुलाई हालसम्म दलित समुदायको जातीय छुवाछुत तथा भेदभाव र उत्पीडनबारे कुनै सामुहिक छलफल, अन्तर सम्बाद, गोष्ठी, सभा, सम्मेलन, जुलुस, अभियान, आन्दोलनहरुमा भाग लिनु भएको छ भन्ने प्रश्नमा १२९ जनाले भाग लिएको भन्नु भयो भने १९२ जनाले कुनै पनि कार्यक्रममा भाग नलिएको बताउनु भयो ।

**२० तपाईले सेवा प्रदायक निकायहरु जस्तै सरकारी कार्यालय, या स्थानीय तहको कार्यालय, प्रहरी, स्वास्थ्य संस्था आदिमा कुनै समस्या या गुनासो लिएर जानु भएको छ**

| government_problem_complaint | people | |
|---|---|---|
| no | 197 | 61.37% |
| yes | 124 | 38.63% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तिहरुमा सेवा प्रदायक निकायहरू जस्तै सरकारी कार्यालय या स्थानिय तहको कार्यालय, प्रहरी, स्वास्थ्य संस्था आदि कुनैमा समस्या वा गुनासो लिएर जानु भएको छ भनेर प्रश्न गर्दा १२४ जनाले गएको भन्नु भयो भने १९७ जनाले त्यस्तो कुनै गुनासो लिएर नगएको बताउनु भयो ।

### २१ तपाईको विचारमा विभिन्न सेवाप्रदान गर्ने सरकारी र स्थानीय निकायहरुमा दलितहरुसंग कस्तो व्यवहार हुन्छ?

| government_behaviour | people | |
|---|---|---|
| discrimination | 132 | 41.12% |
| normal_behaviour | 189 | 58.88% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तिहरु मध्य १८९ जनाले विभिन्न सेवाप्रदान गर्ने सरकारी र स्थानीय निकायहरूमा दलितहरूसँग अरु जस्तै समान व्यवहार हुने बताए भने १३२ जनाले दलित भन्ने थाहा पाएपछि भेदभाव गरिन्छ भन्ने बताए ।

### २२ तपाई लाई आर्थिक समस्या पर्दा ऋण,सापटी लिनु भएको छ या छैन ?


| economic_loan | people | |
|---|---|---|
| no | 45 | 14.02% |
| yes | 276 | 85.98% |
| Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्तिहरु मध्य २७६ जनाले आर्थिक समस्या पर्दा श्रृण, सापटी लिएको बताए भने ४५ जनाले श्रृण, सापटी नलिएको बताए ।

### २३ यदि लिनु भएको छ भने कहा वाट लिनु भएको छ

| | | |
|---|---|---|
| बचत तथा श्रृण संस्थाबाट | 172 | 53.58% |
| छरछिमेकसँग | 143 | 44.55% |
| साहुसँग | 102 | 31.78% |
| बैङ्कबाट | 41 | 12.77% |
| अन्य | 21 | 6.54% |

ऋण सापटी लिएको भन्ने मध्य सबै भन्दा बढी बचत तथा ऋण संस्थाबाट १७२ जनाले, छरछिमेकबाट १४३ जनाले, साहुसँग १०२ जनाले, बैँकबाट ४१ जनाले र अन्यबाट २१ जना रहनु भएको छ ।




२४ त्यो रकम तपाईले के मा खर्च गनु भो ।

| | | |
|---|---|---|
| अन्य घरायसी खर्च | 178 | 55.45% |
| औषधी उपचार | 145 | 45.17% |
| शिक्षा | 84 | 26.17% |
| खादय सामग्री | 78 | 24.3% |
| व्यवसाय | 64 | 19.94% |
| अन्य | 15 | 4.67% |




ऋण सापटी लिएको रकमबाट १७८ जनाले आफ्नो घरखर्चमा प्रयोग गर्नु भयो, १४५ जनाले औषधी उपचारमा खर्च गर्नु भयो, ८४ जनाले शिक्षामा खर्च गर्नु भयो, ७८ जनाले खाद्य सामग्रीमा खर्च गर्नु भयो, ६४ जनाले व्यवसायमा खर्च गर्नु भयो भने १५ जनाले अन्य विविध कारणमा खर्च गर्नु भयो ।

२५ **तपाईको परिवारमा स्कुल छोडने वालवालिका पनि छन**

| leaving_school | people | |
|---|---|---|
| no | 270 | 84.11% |
| yes | 51 | 15.89% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएका मध्य २७० जनाले आफ्नो परिवारमा स्कुल छाडने बालबालिका नरहेको बताए भने ५१ जनाले स्कुल छाडने बालबालिका रहेको बताए ।

२६ **संघीय सरकार,प्रदेश सरकार र स्थानीय तहवाट संचालन भएका कार्यक्रमवाट तपाईको परिवार लाभान्वित भएको छ ?**

| government_benefit | people | |
|---|---|---|
| benefited | 90 | 28.04% |
| not_benefited | 231 | 71.96% |
| Grand Total | 321 | |

संघिय सरकार, प्रदेश सरकार र स्थानिय तहबाट संचालन भएका कार्यक्रमबाट ९० जनाले आफ्नो परिवार लाभान्वित भएको बताए भने २३१ जनाले लाभान्वित नभएको बताए ।

२७ **तपाईले आफ्नो टोल,छिमेकमा हुने स्थानीय निकाय वा कुनै संस्थाको सार्वजनिक सुनुवाई, छलफल कार्यकममा भाग लिएको छ?**

| public_hearing | people | |
|---|---|---|
| no | 180 | 56.07% |
| yes | 141 | 43.93% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएका माध्य १४१ जनाले आफ्नो टोल, छिमेकमा हुने स्थानिय निकाय वा कुनै संस्थाको सार्वजनिक सुनुवाई, छलफल कार्यक्रममा भाग लिएको बताए भने बाँकी १८० जनाले कुनै पनि कार्यक्रममा भाग नलिएको बताए ।

२८ **तपाईको टोल छिमेकमा भएका स्थानिय तह या प्रदेश सरकारले निर्माण गरेका विभिन्न कामहरुमा भएको खर्च र कामको गुणस्तर को वारेमा तपाईले एकलै वा टोलवासिको समुहमा गएर चासो राखेर सोधपुछ गर्नु भएको छ**

| local_government_expenditure_work | people | |
|---|---|---|
| no | 230 | 71.65% |
| yes | 91 | 28.35% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएका मध्य ९१ जनाले आफ्नो टोल छिमेकमा भएका स्थानिय तह या प्रदेश सरकारले निर्माण गरेका विभिन्न कामहरुमा भएको खर्च र कामको गुणस्तरको बारेमा एक्लै वा टोलवासिको समूहमा गएर चासो राखेर सोधपुछ गरेको बताए भने बाँकी २३० जनाले सोधपुछ नगरेको बताए ।

२९ **कार्यालयहरुमा त्यहाँवाट प्रदान गरिने सेवा सुविधा र जवाफदेहीता उल्लेख भएको नागरिक वडापत्र राखिएको हुन्छ र गुनासो,सिकायत सुन्ने कर्मचारीको व्यवस्था हुन्छ यस वारेमा तपाईलाई थाहा छ।**

| citizens_charter | people | |
|---|---|---|

| | | |
|---|---|---|
| no | 155 | 48.29% |
| yes | 166 | 51.71% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएकामा १६६ जनाले कार्यालयहरुमा त्यहाँबाट प्रदान गरिने सेवा सुविधा र जवाफदेहिता उल्लेख भएको नागरिक वडापत्र राखिएको हुन्छ र गुनासो सुन्ने कर्मचारीको व्यवस्था गरेको हुन्छ भन्ने थाहा भएको बताए भने बाँकी १५५ जनाले त्यसबारेमा थाहा नभएको बताए ।

### ३० तपाईले अहिले सम्म कुनै कामको सिलसिलमा लिखित या मौखिक रुपमा कुने निकायमा कुनै सिकायत, गुनासो गर्नु भएको छ

| filed_complaint | people | |
|---|---|---|
| no | 235 | 73.21% |
| yes | 86 | 26.79% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएका मध्य जम्मा ८६ जनाले अहिलेसम्म कुनै कामको सिलसिलमा लिखित या मौखिक रुपमा कुनै नियकायमा सिकायत वा गुनासो गरेको बताउनु भयो भने बाँकी २३५ जनाले कुनै पनि सिकायत वा गुनासो नगरेको बताउनु भयो ।


### ३१ स्थानीय निकाय सरकारी कार्यालय र अन्य सेवा प्रदायक वाट काम लिदा तपाईको अनुभव बस्तो रह्यो

| | | |
|---|---|---|
| सहज रुपमा काम भयो | 176 | 54.83% |
| भनसुन गराएपछि मात्र काम भयो | 169 | 52.65% |
| पैसा दिएपछि मात्र काम भयो | 41 | 12.77% |

सर्वेक्षण गरिएका व्यक्तिहरुलाई स्थानिय निकाय, सरकारी कार्यालय र अन्य सेवा प्रदायक संस्थामा काम लिदा तपाईंको अनुभव कस्तो रह्यो भनेर सोध्दा १७६ जनाले सहज रुपमा कामभएको बताउनु भयो, १६९ जनाले भनसुन गराएपछि मात्र काम भयो भन्नु भयो, र ४१ जनाले पैसा दिएपछि मात्र काम भएको बताउनु भयो ।

३२ **दलित समुदायमाविद्यमान तलका समस्याहरुबारे तपाईको धारणा ?**

| problem | people | |
|---|---|---|
| alcohalism | 108 | 33.64% |
| Internal discrimination | 82 | 25.55% |
| domestic_violence | 45 | 14.02% |
| drug_addiction | 43 | 13.4% |
| superstition | 28 | 8.72% |
| playing_card | 12 | 3.74% |
| child_marriage | 3 | 0.93% |
| Grand Total | 321 | |




दलित समुदायमा विद्यमा समस्याहरुबारे धारणा राख्दा १०८ जना व्यक्तिहरुले मादक पदार्थ सेवन बताए, ८२ जनाले आन्तरिक छुवाछुत र भेदभाव बताए, ४५ जनाले महिलामाथि हुने घरेलु हिसा बताए, ४३ जनाले लागुपदार्थ दुर्व्यसन बताए, २८ जनाले धार्मिक अन्धविश्वास बताए, १२ जनाले जुवा तास र ३ जनाले बालविवाह बताए ।

३३ **तपाई या तपाईका परिवारका सदस्यहरुले विभिन्न पर्व, पुजा आजा आदिमा सार्वजनिक स्थलमा समुदायका अरु मानिस सरह सहभागी हुने अवस्था छ कि छैन**

| social_participation | people | |
|---|---|---|
| no | 140 | 43.61% |
| yes | 181 | 56.39% |
| Grand Total | 321 | |

सर्वेक्षण गरिएका व्यक्ति मध्य १८१ जनाले आफु र आफ्नो परिवारका सदस्यहरुले विभिन्न पर्व, पुजा आदिमा सार्वजनिक स्थलमा अरु समुदायका मानिस सरह सहभागी हुने अवस्था रहेको बताए भने १४० जनाले त्यस्तो अवस्था नरहेको बताए ।

३४ **जातीय छुवाछुत र भेदभावहटाउन सवैभन्दा वढि कस्तो कार्यक्मको आवश्यकता छ रु प्राथमिकताको कममा १ देखि ४ नम्वरमा राख्नुहोस**

| | |
|---|---|
| कडा कानुनि प्रावधान | 1 |
| दलित समुदायको शैक्षिक र आर्थिक सवलिकरण | 2 |
| नीति निर्माण तहमा दलितको प्रतिनिधत्व | 3 |

| | |
|---|---|
| गैर दलित समुदायको सहकार्यमा सामाजिक सचेतनामा वृद्दि | 4 |
| अन्य केही भए | 5 |

## २.५) समन्वय तथा सहकार्य (Coordination & Collaboration):

**२.५.१ कार्यक्रम शुभारम्भ गोष्ठीहरु सम्पन्नः** दलितहरुको मानव अधिकार,मर्यादा, आर्थिक, सामाजिक, शसक्तीकरणको सवलीकरण मार्फत दिगो सुशासन प्रवद्र्धन परियोजना (पहल) नामक परियोजनाको उपमहानगरपालिकाका प्रमुख नृपबहादुर वडले आइतबार शुभारम्भ भएको घोषणा गरे । सो अवसरमा डा. पन्त, राष्ट्रिय मानव अधिकार आयोगका सुदूरपश्चिमका प्रमुख मोहन जोशी, सामाजिक अभियन्ताहरु शेबहादुर बस्नेत, चित्रा पनेरु, हेकमर्ण विक, चक्र विक, पत्रकार प्रकाशविक्रम शाहले कार्यक्रमको सफलताको लागि कामना गरेका थिए ।सो अवसaरमा राष्ट्रिय दलित नेटवर्कका हुकुम सार्कीले सो परियोजना बारे प्रकाश पारेका थिए । राष्ट्रिय दलित नेटवर्कले धनगढी उपमहानगरपालिकाका १९ वटै वडामा दलितहरुको अवस्थाको अध्ययन गर्ने भएको छ ।प्राध्यापक डा. हेमराज पन्त नेतृत्वको टोलीले दलितहरुको अवस्था बारे अध्ययन गर्ने भएको हो । सो अध्ययनले धनगढी उपमहामनगरपालिकालाई दलितका क्षेत्रमा कार्यक्रम बनाउन सघाउ पुगाउने अपेक्षा गरिएको राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश विकले बताए ।

द एसिया फाउन्डेसनको सहयोगमा राष्ट्रिय दलित नेटवकले धनगढी उपमहानगरपालिकासित मिलेर कार्यक्रम सञ्चालन गर्ने पनि अध्यक्ष विकले बताए ।

**त्यसैगरी** द ओपन सोसाईटी फाउण्डेसनको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा सुदूरपश्चिम प्रदेशमा सञ्चालन गरिएको भूमि अधिकार अभियान अन्तरगत मिति २०७८ असोज २३ गते धनगढीमा परियोजना परिचयात्मक गोष्ठी सम्पन्न भयो । कार्यक्रमको उदघाटन गर्दै सुदूरपश्चिम प्रदेशका मुख्य न्यायधिवक्ता कुलानन्द उपाध्यायले नेपालको संविधानले दिएको अधिकार अनुसार कानून बन्न नसक्दा भूमिहिन लगायतले जग्गा पाउने लगायतका अधिकारबाट वञ्चित भएको बताएका छन् ।

राष्ट्रिय दलित नेटवर्क (आरडिएन) को भूमिअधिकार अभियान, जनवकालत रणनीति निर्माण कार्यक्रमको शनिबार उद्घाटन गर्दै उनले भने, संविधानले दिएको अधिकार कानुन बनाएर स्थापित हुन जरुरी छ । कानुन बनाउदा स्थानीय, प्रदेश र संघले के के अधिकार लिने ऐकिन गर्न सकिन्थ्यो ।

संविधान सभाका सदस्य तथा अधिकारवादी अभियन्ता हरी श्रीपाइलीले हामीले अनेक आन्दोलन गरेर विभिन्न समुदायका अधिकार स्थापित गरेका छौ तर कार्यान्वयन नहुँदा समस्या भएकोले अव कार्यान्वयनका लागि दवाव सृजना गर्नु पर्ने बताए ।सो अवसरमा बोल्दै आरडिएनका संस्थापक अध्यक्ष गणेश विकले निरन्तरताको प्रयासले

अधिकार पाइने भएकोले अझै लडिरहनु पर्ने बताए । उनले भने सबैको एकजुट भएमा भूमिहिन दलित लगायतकत समुदायले भूमि पाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा आरडिएनकै हुकुम सार्कीले ओपन सोसाइटी फाउन्डेसनको सहयोगमा आगामी दुई वर्षमा भूमिहिनका पक्षमा हुने कार्यक्रम बारे जानकारी दिएका थिए । उनले दुई वर्ष भित्र सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाका भूमिहिनका सवाल सहिचान गर्ने, उनीहरुको क्षमता अभिबृद्धि गर्ने, प्रमाण खोज्ने, भूमिहिनहरुलाई सम्वैधानिक र कानुनी अधिकार बारे जानकारी दिने र नागरिक समाजसंग समन्वय गर्ने गरेर रणनीति बनाउने बताए ।

कार्यक्रममा फाया नेपालका पूर्व अध्यक्ष शेरबहादुर बस्नेत, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव हेमकर्ण विक, पत्रकार महासंघकै पूर्व केन्द्रीय सदस्य प्रकाशविक्रम शाह, राष्ट्रिय हलिया मुक्त समाजका ईश्वर सुनार, डिएलएफका खडक विक, हलिया अधिकारकर्मी राजाराम भूल, भूमिअधिकार मञ्च कैलालीका अध्यक्ष लक्ष्मण विक, याक नेपालका महासचिव हृदय पुजारा, समता मिडियाका मिलन नेपाली र राममणी चौधरी लगायतले भूमिअधिकार अभियानमा सहयोग गर्ने प्रतिवद्धता गरेका थिए । कार्यक्रम आरडिएनका कार्यवहाक अध्यक्ष मोहन वडको अध्यक्षतामा भएको थियो । सो कार्यक्रममा स्वागत भाषण पार्वती आग्री र सञ्चालन गीता नेपालीले गरेकी थिइन ।

## ३. मुख्य उपलब्धीहरुः

### ३.१ दलित अधिकार तथा मानव मर्यादा

- स्थानिय स्तरमा १९ वटा दलित अधिकार मञ्चहरुको गठन मार्फत दलित समुदायहरु आफनो अधिकारबारे प्रणालीगत रुपले दावी गर्न सक्ने भएका छन ।
- कार्यक्रमको सहयोग र सहजीकरण मार्फत धनगढी उपमहानगरपालिकाले दलित अधिकार कार्यबिधी (दलित अधिकार सशक्तिकरण तथा रणनितीक कार्ययोजना) निर्माण गरि पारित गरेको छ ।
- २२४५ दलित बालबालिकाहरुको जन्मदर्ता, ९३२ दलितहरुको नागरिकता, ५०४ जोडीको बिवाह दर्ता, ८८६ दलित बृदबृद्धाहरुको सामाजिक सुरक्षा, ११५१ बालवालिकाको पोषणभत्ता, १५९ दलितहरुको अपाङ्गता भत्ता र ३३४ दलित एकल महिलाको भत्तामा सहजीकरण गरिएको छ ।
- धनगढी उपमहानगरपालिकाका २० सिमान्तकृत दलित घरधुरीहरु जनता आवाश कार्यक्रमबाट लाभान्वित भएका छन ।
- दलित अधिकार मञ्चको पैरवी मार्फत संसदीय बिकास कोषबाट रु २० लाख बिनीयोजन भई धनगढी उपमहानगरपालिका वडा नं. ६ मा सामुदायिक भवन निर्माण भएको छ ।
- धनगढी उपमहानगरपालिकाका १९ वटै वडाहरुबाट प्रतिनिधीत्व हुने गरि ४९२ दलित घरधुरीहरुको प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा पहुँच अभिबृद्धी भएको छ ।
- दलितसमुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि धनगढी उपमहानगरपालिकाका बिभीन्न वडाहरुबाट रु ११ लाख ८५ हजार बिनीयोजन भएको छ ।

- धनगढी उपमहानगरपालिकाका ३२५० दलित घरधुरीहरुको बित्तीय संस्थाहरु र सहकारीमा पहुँच बृद्धी भएको छ ।
- कार्यक्रमको सहजीकरणको माध्यमबाट २ वटा दलितमैत्री सरकारीको स्थापना भई परिचालन समेत गरिएको छ ।
- मधेस र सुदुरपश्चिम प्रदेशले दलित सशक्तिकरण ऐन निर्माण गरि दलितहरुको सामाजिक र आर्थिक रुपान्तरणका लागि पहल कदमी लिएको छ ।

## ३.२ मानव अधिकार तथा सामाजिक न्याय

- सूचना शिक्षा सञ्चार सामाग्रको प्रकाशन र बितरणको माध्यमबाट १० हजार भन्दा दलित समुदाय आफनो संबैधानिक र कानुनी प्रावधानबारे सचेतीत भएका छन ।
- १९ वटै दलित अधिकार मञ्चका ३८० प्रतिनिधीहरुको सामाजिक जवाफदेहिताका औजार, सुशासन लगायत बित्तीय साक्षरतामा क्षमता अभिबृद्धी भएको छ ।
- संयूक्त राष्ट्र संघका बिशेष रिर्पोटर ओलीभरको सन ३० नोभेम्बर देखि ९ डिसेम्बर, २०२१ सम्म सम्पन्न नेपाल भ्रमणका सन्दर्भमा कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुको सवालबारे ज्ञापनपत्र पेश गर्दा सो समुदायको मानव अधिकार र सामाजिक न्याय सम्बन्धी सवालहरु बिशेष रिर्पोटरको प्रतिबेदनमा समेटीएका छन ।
- कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुका सञ्जालहरुको स्थानिय, प्रादेशिक र संघीय स्तरका १०० भन्दा मानवअधिकारबादी संस्थाहरुसंग समन्वय कायम भई संयूक्त आन्दोलन र साझा अभियानका लागि ऐक्यबद्धता कायम भएको छ ।
- १३ औ मानवअधिकार महाभेला २०२१ ले जारी गरेको ३९ बुदे काठमाण्डौ घोषणा पत्रमा कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुका ४ वटा सामान र फरक सवालहरु समेटीएको छ ।

## ३.३ भूमि अधिकार तथा प्राकृतिक श्रोत ब्यवस्थापनः

- संस्थागत सहजीकरण मार्फत ३००० भन्दा बढी दलित भूमिहिन र सुकुम्बासीहरुको लगत संकलन गरिएको छ ।
- कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुको संघीय स्तरमा सम्पन्न भएको जनवकालत अभियानको प्रभावले संघीय सरकार भूमि ब्यवस्था, सहकारी तथा गरिवी निबारण मन्त्रालयले हरवाचरवा, मुक्त हलिया र कमैया समस्या सामाधान अध्ययन समिति गठन भई सो समतिमा राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश बिश्वकर्माको सहभागिता भई उक्त समितिले नेपालका कृषि बधुवा मजदुर रहेका २५ जिल्लाहरुको अध्ययन भ्रमण गरि नेपाल सरकारलाई सिफारिश सहित प्रतिबेदन बुझाएको छ ।
- राज्यको निर्देशक सिद्धान्त, नितिको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समितिले संघीय स्तरमा भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, कृषी मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसंग एक बिशेष खालको बैठकको आयोजना गरि

नेपालमा अझैपनि दाशप्रथाको अवशेषको रुपमा रहेको कृषि बधुवाहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाको मुक्ति र पुनर्स्थापनाका लागि सम्बन्धित सरोकारवाला निकायलाई पहल कदमी लिन निर्देशन जारी गरेको छ ।

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एकिकृत बधुवा श्रम ऐन निर्माण गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।
- ११ वटा राष्ट्रिय स्तरका बिभिन्न अनलाईन मिडीयाहरुले कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुका सवाल सम्बन्धी १३४ वटा सामाचारहरु प्रकाशन गरेको छ ।
- राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका २५ जना प्रतिनिधीहरुको नेतृत्व बिकास र आन्दोलन निर्माण सम्बन्धी क्षमता अभिबृद्धी भएको छ ।
- मधेस प्रदेशका ३ वटा जिल्लाहरु (बारा, पर्सा र रौतहट) मा १२ वटा स्थानिय हरवाचरवा अधिकार मञ्च र ३ वटा जिल्ला स्तरिय हरवाचरवा अधिकार मञ्च गठन भएको छ । अहिले मधेस प्रदेशका ६ वटा जिल्लाहरुमा स्थानिय, जिल्ला र केन्द्रीय स्तरका हरवाचरवा नेटवर्क गठन भई अधिकार र स्वतन्त्रताका लागि संगठन परिचालनमा सहजीकरणको काम भईरहेको छ ।
- कपिलबस्तुको शिवराज नगरपालिका वडा नं. १ मा मिलीजुली कृषक समुहका ३१ जना सदस्यहरु (दलित महिला र यूवाहरु) कृषी र बनमा आधारित माछापालन उद्यमशिलतामा संग्लन भएका छन ।

## ४. सिकाई

- राज्यद्वारा अख्तियार गरेका निति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनुमा अनुगमन संयन्त्रको बिकास नहुनु हो ।
- कार्यक्रमको प्रभावकारीता, दिगोपना र अपन्त्व श्रृजना गर्नका लागि अधिकारवालाको संगठन निर्माण, परिचालन र क्षमता अभिबृद्धीमा जोड दिनु पर्दछ
- सहभागितात्मक पद्धतीद्धारा निर्माण गरिएको कार्ययोजना नै प्रभावकारी हुन्छ ।
- समय सान्दर्भीक संस्थागत रणनिति, निति तथा कार्यक्रमहरु बिकास गर्न सकेको खण्डमा श्रोत प्रबर्द्धनमा मार्फत संस्थागत बृद्धी र बिकास गर्न सजिलो हुन्छ ।
- समावेशी बिकास र संघीयताक मुल मर्म भनेकै निति, संस्थागत संरचना, कार्यक्रम र बजेट लगायत अनुगमन र मुल्याकंन प्रणालीमा लैंगिक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहीकरण गर्नु हो ।

## ५. सामाना गरिएका चुनौतीहरुः

- कोभीड १९ को प्रभावका कारणले योजना अनुसार कार्यक्रम सञ्चालन गर्न सकिएन ।
- हरवाचरवा नेटवर्कको प्राबिधीक क्षमता कमजोर भएका कारणले बिभीन्न कार्यक्रममा उनीहरुको समय व्यवस्थापन गर्न गाह्रो

- कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयाहरुका सवाल सम्बोधनमा राजनितिक ईच्छाशक्तिको कमी । जसका कारणले अहिलेसम्म पनि यी सवालहरुलाई समाजको साझा सवाल बनाउन सकिएको छैन ।
- स्थानिय, प्रादेशिक र संघीय सरकारका कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयामैत्री निति तथा कार्यक्रमको आभाव हुनु

## ६. आगामी कार्यक्रमहरुः

- दलित सशक्तिकरण ऐन बारे सुदूरपश्चिम प्रदेशका ८८ पालिकामा रहेका दलित समुदायका बिचमा जागरण अभियान सञ्चालन गर्ने
- आगामी स्थानिय, प्रदेश र संघीय निर्वाचनमा दलित समुदायको सामानुपातिक प्रतिनिधीत्वका लागि राजनितिक दलहरुसंग अन्तर संवाद
- आगामी स्थानिय, प्रदेश र संघीय निर्वाचनमा दलित, महिला तथा बाध्यकारी श्रमीक र अन्य सिमान्तकृत समुदायलाई लक्षित गरि मतदाता शिक्षा अभियान
- बाध्यकारी श्रम ऐन निर्माणका लागि प्रदेश र संघीय सरकारसंग पैरवी
- कृषी बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया र कमैयामैत्री निति तथा कार्यक्रमका लागि ,देश र संघीय सरकारसंग जनवकालत अभियान सञ्चालन गर्ने
- जनसंगठनहरु (दलित अधिकार मञ्च, भूमि अधिकार यूनियन र हरवाचरवा अधिकार मञ्च) को सवलीकरणसउिवपउवउजवृवउप(वव, प्रदेश र संघीय) सञ्जालीकरण, एलायन्स निर्माण र ऐक्यबद्धता
- कृषी बधुवा मजदुरहरुका सवालमा बहुपक्षिय सरोकारवाला निकायसंग संघीय स्तरको अन्तरसंवाद
- भूमि अधिकार जागरण यात्रा
- हरवाचरवा यूवा एक्टिभीष्ट तथा जनवकालत तालिम
- हरवाचरवा अधिकार साईकल यात्रा
- कृषी बधुवा मजदुरहरुका सवालमा सचेतीकरण अभियान
- बहुदलिय राजनितिक दल संसदीय मञ्चको गठन तथा परिचालन
- कृषी बधुवा मजदुरहरु सवालहरु सम्बोधन गराउनका लागि राजनितिक दलका प्रदेश र केन्द्रीय कमिटीलाई डेलीगेसन
- कृषी बधुवा मजदुरहरु सवालहरु सम्बोधन गराउनका लागि मुख्य मन्त्री कार्यालयमा धर्ना
- जिल्ला भूमि आयोगहरुसंग अन्तरसंवाद कार्यक्रम
- कृषीमा आधारीत माछा पालन उद्यमशिलताको प्रबर्द्धन गर्ने

## खण्ड कः केही प्रतिनिधीमूलक घटना अध्ययनहरुः

### १) मुक्त हलियाको जीवनस्तर नाजुक

मार्तडी । जिल्लाको पूर्वी उत्तरी भेगको बुढीनन्दा नगरपालिका–६ दैयाका हलिया समुदाय गिट्टी कुटेर जीविकोपार्जन गरिरहेका छन् । सरकारले मुक्त हलिया घोषणा गरे पनि हलियाको जीवनस्तर पछिल्लो समय झन् नाजुक बन्दै गएको छ ।

हलिया समुदायका मानिसले दैनिक जीविकोपार्जनका लागि गिट्टी कुटेर दिन बिताउने गर्दछन् । तर गिट्टी बिक्री नभएपछि बिहान बेलुकी छाक टार्न उनीहरुलाई सकस भएको छ । गिट्टी बेचेर बिहान–बेलुकीको छाक टार्दै आएका उनीहरुले कुटेका गिट्टी पनि बिक्री हुन छाडेको बताइएको छ । सरकारले मुक्त हलिया घोषणा गरे पनि उनीहरुले उचित राहत र जग्गा नपाउँदा खोला किनारमा गिट्टी कुट्न बाध्य छन् । स्थानीय सरकार ले काम गरेको पाँच वर्ष पुग्न लाग्दा पनि हलिया समुदायले स्थानीय तहबाट पाउने सेवा–सुविधा नपाएको गुनासो गरेका छन् ।

बुढीनन्दा नगरपालिका–६ दैयाका खड्के विककी आमा शारीरिक अपाङ्गता छन् । आमाबुवालगायत १४ जना परिवार पाल्न उहाँलाई निकै समस्या छ । उनले प्रधानमन्त्री रोजगार कार्यक्रममा समेत राजनीतिकरण गरेर आफ्नो परिवारलाई छनोट नगरेको दुःखेसो पोखे । उनले भने, 'थोरै जमिन थियो । त्यही जमिनसमेत बड्डीगाड खोलाले बगायो । अहिले ढुङ्गा फुटाएर नै सकिनसकी १४ जनाको परिवार पाल्दै आएको छु ।'

स्थानीय तहबाट पाउने हरेक सेवासुविधाबाट बञ्चित हुँदै आएको उनको गुनासो छ । हलियाले पाउने भनेको राहतसमेत अहिलेसम्म पाउन नसकेको अर्का हलिया सगुने विकले बताए । उनले भने, 'परिवार पाल्नका लागि बड्डीगाड खोलामा दिनभरि ढुङ्गा फुटाउँछु । पछिल्लो समय कुटेको गिट्टी बिक्री समेत भएको छैन । '
घर खर्च चलाउनका लागि गाउँमा रोजगारी नपाएपछि श्रीमान्लाई कोरोनाको जोखिममा समेत भारतमा काम गर्न पठाएको गौती विकले दुखेसो पोखे । उनले भने, 'कोरोना आएको छ, श्रीमान भारतमा छन् । के–कस्तो छ फोनसमेत गर्न पाएको छैन । श्रीमान्ले अलिकति पैसा कमाएर ल्याएपछि उदारो ल्याएको दालचामलको पैसा तिर्नहुन्थ्यो ।'

आफूले पनि दिनमा गिट्टी कुटेर छोराछोरीको पेट पाल्ने गरेको उनले बताए । 'पेट पाल्नकै लागि दुःख गरेर खोलामा मरिमेटी ढुङ्गा फुटायौं, तर ती फुटाएका ढुङ्गासमेत बिक्री नभएर खोलामै थन्किएका छन्', अर्की पीडित जनकला विकले भने ।
उनले मात्रै होइन, दैयाका हलिया दिनभरि कामका लागि विभिन्न ठाउँमा भौतारिरहेका हुन्छन् । तर काम नपाएपछि बेलुका निराश हुँदै घर फर्कने गरेको नरे विकले सुनाए । आफूले लगाएको घरमा टिन हाल्ने

पैसा नहुँदा अहिलेसम्म घर छाउन नसकेको उनको गुनासो छ । उनले भने ‘घर छाउन सहयोग पाएको छैन । ’

## २) धनुषाका खन्दानी हरबाहको अवस्था

श्रीप्रसाद सदा खन्दानी हरबाह रहेका छन । धनुषाको शहीदनगर नगरपालिका ५ स्थित पचहरबाका श्रीप्रसादका बुबा मुसाइ सदा र हजुरबुबा विलट सदा पनि हरबाह थिए । न्यून खेत दिएर हरबाह राख्ने परम्परा नै धनुषा सहित तराइका जिल्लामा रहेको छ । हरबाहको कोखबाट जन्मेकाले पनि उनी अहिलेसम्म हरबाह छन । मात्र ३ धुर जग्गामा घर बनाइ बसी रहेका छन । सीआइसी धनुषाका सतिश ठाकुरका अनुसार श्रीप्रसादको घर भएको जग्गा पनि ऐलानी नै रहेको छ । श्रीप्रसाद राजाराम कापरको हरबाह छन । हरबाहका लागि ३ कट्टा जग्गा कापरले उनलाई दिएको छ । अरुबेला काम गर्दा १० किलो धान दिने गरेका छन ।

६१ बर्षको उमेरमा पनि धनीको घरमा काम गर्नुपर्ने बाध्यता रहेको उनले बताए । बुबा र हजुरबुबा शम्भुराम भगतको हरबाह थिए । उनी मात्र हो र ! उनकी श्रीमति रासोदेवी सदापनि सधै श्रीमानसँगै जान्छीन, दिनभरी उसैको काम गरिदिन्छ र बेलुका फर्कने संगै हो । यसक्रममा उनले गाइबस्तुको गोबर सोहोर्छिन भने घाँस, कुटी तयार पार्छिन । अनि सरसफाइको जिम्मा पनि उनैको हो । भरमा आइपर्ने अरु काम पनि गरिदिनुपर्ने हून्छ । श्रीमान श्रीमतिका अतिरिक्त छोरापनि बाबुलाइ सघाइ रहेका छन । घरमा तीन सदस्य काम गर्दापनि घरको प्रगति हून सकेको छैन । अहिलेपनि ७० हजार कर्जा रहेको छ । ऋण पनि धनीले नै दिएको छ । ऋण तिर पनि भन्ने, कमाएर तिर्छु छाडिदेउ भन्दा पनि नमान्ने । आखिर ऋणको कारण देखाएर सधै आफनो काम सुनिशिचत गर्ने तरिका अपनाएका छन धनि राजारामले । श्रीप्रसाद र उनका छोरा अरुण दूबै उनको यो रणनीति बुझेका छन तर पनि उनीहरुसंग मालिकले भनेको मान्नुको विकल्प छैन । किनकि बीचमा ऋण तगारो बनेको छ जसले उनीहरुलाई कतैपनि डेग चल्नै दिदैनन । जीवनमा केही गरेको छु भने त्यो हो छोरा छोरीको विहे । प्रगति नहूनमा पढाइ समस्या रहेको स्वीकार गर्छन । जो पढेलेखेका छन । तिनीहरुको कुनै समस्या छैन श्रीप्रसाद स्वीकार गर्छन । ४ वटा नातीनतिनी छन । ती मध्ये दूईवटा नाती विद्‍यालय जान थालेका छन । अब पढाइको महत्व बुझ्न थालेको उनले बताए ।

## ३) मधेस प्रदेशमा दलितको अवस्था: बढ्दो हत्या र बलात्कार

देशकै सबै भन्दा धैरै दलित समुदायको जनसंख्या रहेको मधेश प्रदेशमा वर्षेनी दलित समुदाय माथि हुने विभेदका घटना बढ्दै गएको छ । मधेश प्रदेशमा जातीय भेदभाव तथा छुवाछुतका घटना बढी हुने गरेको एक अध्ययनले देखाएको छ ।

केही दिन अघि इन्सेक नेपालले सार्वजनिक गरेको नेपाल मानव अधिकार वर्ष २०२२ का अनुसार वर्षेनी अधिकार हनन्का घटनाहरुमा कुनै कमि आउन सकेको छैन् । पुस्तकका अनुसार पछिल्लो चार वर्षमा दलित समुदायका ६२ जनाको हत्या भएको छ भने २ सय ४९ जना माथि बलात्कार भएको छ । तथ्यांक अनुसार सन २०१८ मा मधेश प्रदेशमा ११ जनाको हत्या भएको थियो भने सन २०२१ मा ११ जनाकै हत्या भएको छ । सबै भन्दा बढी सन २०२० र २०१९ मा २०÷२० जनाको हत्या भएको थियो । जिल्लागत हेर्दा सबै भन्दा धेरै धनुषामा २०, सिरहामा १२, सप्तरीमा ७, सर्लाही ८, रौतहट ५, बारा ३ र पर्सामा ४ जनाको हत्या भएको देखिएको छ ।
यता बलात्कारका घटनामा पनि कुनै कमि आएको छैन् । प्रतिवेदनको तथ्यांक अनुसार चार वर्षको अवधिमा भएका २ सय ४९ वटा बलात्कारका घटना मध्ये १ सय ८४ बालिका र ६५ महिला बलात्कृत भएका छन् । २०१८ मा ४० जना, २०१९ मा ६२, २०२० मा ८६ र २०२१ मा ६१ जना दलित महिला तथा बालिका बलात्कृत भएका छन् ।

बलात्कारको घटना सबै भन्दा धेरै सिरहामा ७३ वटा भएको छ । त्यस पछि सप्तरीमा ४४, धनुषामा ३९, महोत्तरी २५, सर्लाही ५, रौतहट २५, बारा १३ र पर्सामा २५ वटा बलात्कारका घटना भएको उल्लेख छ । बलात्कारको प्रयासमा ३१ जना महिला र यौन दुव्र्यवहार घटनामा ६२ जना बालिका पिडित भएका छन् ।
प्रदेशमा प्रहरी हिरासतमा गएको दुई वर्षमा मृत्यु भएका तिनै जना दलित समुदायका रहेका रहेका छन् रौतहटमा एक र धनुषामा दुई जना दलित युवाहरुले हिरासतमै मृत्यु भएको थियो । हिरासतमा मृत्यु हुनेमा रौतहत जिल्ला गरुडा नगरपालिका ८ का १९ वर्षिय विजय महराको इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा भएको थियो । हिरासतमा प्रहरीले दिएको यातनाका कारण नेशनल मेडिकल कलेज बिरगंजमा उपचारका क्रममा उनको २०७७ भदौ ११ गते मृत्यु भएको थियो ।

त्यसै गरि धनुषा जिल्लाको इलाका प्रहरी कार्यालय सबैला प्रहरी हिरासतमा २२ वर्षिय शम्भु सदाको २०७७ जेठ २८ गते शौचालयमा पासो लगाएर झुण्डिएको अवश्थामा शव फेला परेको थियो । उनले चलाएको ट्याक्टर दुर्घटना हुँदा एक स्थानीयको मृत्यु भएको थियो । त्यस्तै धनुषाकै लक्ष्मीनियाँ गाउँपालिका २ सिनुरजोडाका ४० वर्षिय पल्टु रविदासको २०७८ साउन १५ गते जिल्ला प्रहरी कार्यालय धनुषाको थुनुवा कक्ष भित्र रहेको शौचालयमा पासो लगाएर झुण्डिएको अवश्थामा शव फेला परेको थियो । विभिन्न आरोपमा गिरफ्तार परेका उनीहरुको प्रहरी हिरासतमै मृत्यु हुनुमा पिडित परिवारले प्रहरीको कुटपिट तथा यातनाका कारण भएको आरोप लगाएका छन् ।

दलित महिला माथि बोक्सीको आरोपमा दुव्र्यवहार पनि मधेश प्रदेशमै बढी हुने गरेको तथ्यांकमा देखिएको छ । प्रतिवेदनका अनुसार सन २०१८ देखि २०२१ सम्मा १४ जना दलित महिला माथि कथित बोक्सीको आरोप लगाएर दिशा कोच्याउने, कुटपिट तथा अमानवीय व्यवहार गरिएको छ । इन्सेकको

तथ्यांक अनुसार सन २०१७ देखि २०२१ सम्म मधेश प्रदेशमा जातीय छुवाछुतका घटनामा ५ महिला र १८ पुरुष गरि २३ जना पिडित भएका छन् । यस अवधीमा सात वटा घटनाको मात्रै प्रहरीमा उजुरी परेको छ ।

सार्वजनिक को तथ्यांक अनुसार सन २०२० मा सामाजिक आर्थिक र मानव अधिकार हनन्का घटनामा जातजातिका आधारमा पिडित ७ सय ७८ मध्ये सबै भन्दा धैरै दलित समुदायका १ सय ८८ जना थिए । करिब २४ दशमलव १६ प्रतिशत रहेको थियो । देशका सातै प्रदेश मध्ये १७ दशमलव २९ प्रतिशत जनसंख्या रहेको मधेश प्रदेशमा जातपात र छुवाछुतका नाममा दलित माथि विभेदका घटनाहरु बढ्दै जानुमा राज्यका हरेक निकायमा तथा निती निर्माणको तहमा दलित सहभागिता नहुनुनै रहेको प्रतिवेदनले निश्कर्ष निकालेको छ ।

## ४) २० वर्षपछि हरुवाचरुवाको अवस्था अध्ययन

सरकारले कानुनी रूपमा मुक्ति घोषणा गरेको २० वर्षपछि हरुवाचरुवाको अवस्थाबारे अध्ययन थालेको छ। कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ ले हरुवाचरुवालाई कमैया श्रमिकका रूपमा परिभाषित गरेको छ।ऐन बनेपछि सरकारले धैरैजसो कमैयाको पुनःस्थापना पनि गरेको छ तर हरुवाचरुवा र कम्लरीले अझै मुक्त नभएको गुनासो गरेका छन्। मुलुकभर हरुवाचरुवा कति संख्यामा छन्, सरकारी तथ्यांक छैन। यसको अध्ययनका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले श्याम श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ। समितिमा गणेश विक, हरि श्रीपाइली, मन्त्रालयका उपसचिवहरू चन्द्रप्रसाद सिवाकोटी र शाखा अधिकृत रेमानसिंह राना सदस्य छन्।

मन्त्री श्रेष्ठका अनुसार उनीहरूको पुनःस्थापना गर्नेमात्र होइन, तथ्यांकमै नसमेटिएको गुनासो आएको छ। तथ्यांक संकलनमा छुटेकाहरूलाई कुन हदसम्म समेट्नुपर्ने हो, समितिलाई सोहीअनुसारको म्यान्डेड दिइएको उनले जानकारी दिइन्। पुनःस्थापनाका लागि संघीय सरकारले कमैया र हलियालाई वर्गीकरण गरेर जग्गा खरिद, घर निर्माण, घरमर्मत जस्ता शीर्षकमा बजेटसहित स्थानीय तहलाई अधिकार हस्तान्तरण गरेको छ। मन्त्रालयले गठन गरेको समितिका संयोजक श्रेष्ठले आफूहरूले निकट भविष्यमै फिल्डमा गएर काम सुरु गर्ने जानकारी दिए। 'हरुवाचरुवाको मुक्तिका लागि आवश्यक रिपोर्ट तयार गरिनेछ,' श्रेष्ठले भने, 'हलिया, कमैया र कम्लरीका विषयमा अहिलेसम्म उनीहरूको पुनःस्थापनाका लागि भए/गरेका कामको विवरण तयार गरिनेछ।'

भूमि व्यवस्था मन्त्रालयका प्रवक्ता तथा सहसचिव जनकराज जोशीका अनुसार २०६५ भदौ २१ मा मुक्त घोषणा गरिएका हलियाहरू दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ, डोटी, बाजुरा, अछाम, कैलाली, हुम्ला, जाजरकोट र सुर्खेतमा गरी १२ जिल्लामा १६ हजार ३ सय २२ जना रहेको सरकारी तथ्यांक छ। घोषणा कार्यान्वयन र उनीहरूको पुनःस्थापनाका लागि २०८६ वैशाखमा हरि श्रीपाइलीको

संयोजकत्वमा केन्द्रीय कार्यदल गठन गरेकामा अहिले उक्त कार्यदल निष्क्रिय छ। हलिया १ हजार १ सय ३५ परिवारको पुनःस्थापना भएको छैन। मुक्त कमैया, कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ ५ जिल्लामा छन्।

२०५७ साउन २ मा मुक्त घोषित भएका २७ हजार ५ सय ७० कमैयामध्ये ३ सय परिवारको पुनःस्थापना बाँकी रहेको जोशीले जानकारी दिए। कमैयालाई घर बनाउन २ लाख, काठका लागि १ लाख ५० हजार दिने नीति छ। हलियालाई पहाडमा जग्गा खरिदका लागि २ लाख, तराईमा घर बनाउन ३ लाख २५ हजार तथा घर मर्मतका लागि १ लाख २५ हजार दिने कार्यविधि रहेको छ। यस अवधिमा हलियाका लागि कञ्चनपुरको बगफाँटा र बराकुण्डामा ५६ पक्की घर निर्माण गरिएको छ। त्यसैगरी उनीहरूकै लागि कैलाली लालझाडीमा ६० घर निर्माण गरेर हस्तान्तरण गरिएको छ।

मुक्तिको घोषणा गरेपछि पुनःस्थापनाका लागि गरिएका सरकारी प्रयास प्रभावकारी रूपमा सञ्चालन गर्न २०७० चैत ७ गते मन्त्रिपरिषद्बाट गठन आदेश स्वीकृति गरिएको थियो। भूमि व्यवस्थामन्त्रीको अध्यक्षता, योजना आयोग, मुक्त हलियाका प्रतिनिधिसमेत सहभागी भएको १७ सदस्यीय निर्देशक समिति, भूमि व्यवस्था महाशाखाको प्रमुखको संयोजकत्वमा सरोकारवाला, मन्त्रालयका प्रतिनिधिसहित ९ सदस्यीय समन्वय समिति गठन गरिएको थियो।

त्यसैगरी प्रजिअको संयोजकत्वमा हलिया प्रतिनिधिसमेत रहने गरी जिल्लामुक्त हलिया पुनःस्थापना जिल्ला समिति गठन गरिएको थियो तर वित्तीय हस्तान्तरणसहित सबै अधिकार स्थानीय तहलाई जिम्मेवारी दिएपछि सरकारी संयन्त्र सबै निष्क्रिय भएको छ। प्रवक्ता जोशीले भने, 'अब स्थानीय तहलाई जिम्मेवारी दिएपछि बाँकी पुनःस्थापनाको काम उनीहरूले नै गर्ने हो।'

### ५) बाजुराका मुक्त हलियालाई पेट पाल्नै गाह्रो

बाजुराको बुढीनन्दा नगरपालिका–६ दैयाँका हलियाले ढुङ्गा फुटाएर जीविकोपार्जन गर्ने गरेका छन् । सरकारले मुक्त हलिया घोषणा गरेको १३ वर्ष विते पनि उचित ब्यवस्थापन नहुँदा हलियाहरूको जीवन स्तर झन् नाजुक बन्दै गएको छ ।
सरकारले २१ भदौ २०६५ मा मुक्त हलिया घोषणा गरे पनि उचित राहत र जग्गा जमिन नदिएपछि खोला किनारमा ढुङ्गा फटाएर पेट पाल्दै आएको हलियाको गुनासो छ । स्थानीय सरकार आएको पाँच वर्ष पुग्न लाग्दा पनि हलिया समुदायले स्थानीय तहबाट पाउँने सेवासुविधासमेत नपाएको मुक्त हलिया समुदायले बताएका छन ।

बुढीनन्दा नगरपालिका–६ दैया घर भएकी खड्के विककी आमा शारीरिक अपाङ्ग छिन् । आमाबुवालगायत १४ जना परिवार पाल्न खड्के विकलाई निकै समस्या छ । थोरै जमिन थियो, त्यही जमिनसमेत बड्डीगाड खोलाले बगाएर लगेपछि अहिले ढुङ्गा फुटाएर नै सकिनसकी १४ जनाको परिवार पाल्दै आएको विकले बताए । स्थानीय तहबाट पाउने हरेक सेवासुविधाबाट बञ्चित हुँदै आएको उनको गुनासो छ । हलियाले पाउने भनेको राहतसमेत अहिलेसम्म पाउन नसकेको अर्का हलिया सगुने विकले बताए ।

परिवारको पेट पाल्नका लागि बड्डीगाड खोलामा दिनभरी ढुङ्गा फुटाउने र त्यही बेचेर परिवार पाल्दै आएको विकले बताए । गाउँमा रोजगारी नपाएपछि श्रीमानलाई कोरोनाको जोखिममा समेत भारतमा काम गर्न पठाएको गौती विकले दुखेसो पोखिन् ।आफूले पनि दिनमा गिट्टी कुटेर छोराछोरीको पेट पाल्ने गरेको उनले बताइन् । 'पेट पाल्नकै लागि दुःख गरेर खोलामा मरिमेटी ढुङ्गा फुटायौँ, तर ती फुटाएका ढुङ्गासमेत बिक्री नभएर खोलामै थन्किएका अर्की पीडित जनकला विकले बताइन् । उनीहरु मात्र हैन दैयाका हलियाहरू दिनभरी कामको लागि विभिन्न ठाउँमा भौँतारी रहेका हुन्छन् । तर, काम नपाएपछि बेलुका निराश हुँदै घर फर्कने गरेको नरे विकले बताए ।

### ६) दलित सशक्तिकरण नियमावली स्वीकृत

प्रदेश २ सरकार मन्त्री परिषद्को शुक्रबार बसेको बैठकले महेन्द्र नारायण निधि विपन्न आवास योजना, कार्यान्वयन कार्यविधि र दलित सशक्तीकरण नियमावली स्वीकृत गरेको छ । महेन्द्र नारायण निधि विपन्न आवास योजना २०६८ स्वीकृत भएपछि प्रदेश २ मा ६१० विपन्न परिवारले आवास पाउने भएको हो ।

उक्त कार्यक्रम अन्तर्गत आठवटै जिल्लाको प्रत्येक प्रदेश क्षेत्रमा १० विपन्न परिवारको घर निर्माण गरिने प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री शैलेन्द्र साहले जानकारी दिए । असहाय र विपन्न एकल महिला, कुनै पनि जात वर्गका आर्थिक रुपले विपन्न व्यक्ति, परिवार, दलित, लोपोन्मुख, सीमान्तकृत जाती, अनाथ बालबालिका, अशक्त वृद्धवृद्धालाई प्राथमिकताको आधारमा आवासको व्यवस्था गरिने छ ।

मन्त्री साहका अनुसार प्रति आवास पाँच लाख रुपैयाँमा प्लाष्टरसहितको छाना भएको दुई कोठा, एक भान्छा घर र एक शौचालय रहने छन् ।आवास निर्माणको प्रक्रिया द्रुत गतिमा अगाडि बढाइने जनाएको छ ।

मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बसेको मन्त्री परिषद्को बैठकले दलित सशक्तीकरण नियमावली २०६८ स्वीकृत गरेपछि केही महिना अघि प्रदेश सरकारले गठन गरेको दलित सशक्तीकरण बोर्डलाई आफ्ना कामकारबाही अगाडि बढाउन सहज हुने विश्वास छ ।

### ७) भूमि आयोगले १८ माघदेखि देशभर सुकुम्बासीको लगत संकलन गर्ने

राष्ट्रिय भूमि आयोगले १८ माघदेखि देशभर सुकुम्बासीको लगत संकलन गर्ने भएको छ । आयोगले आइतबार सार्वजनिक सूचना प्रकाशित गरी झापादेखि कञ्चनपुरसम्म २७ जिल्लाका विभिन्न स्थानीय तहमा लगत संकलक खटाएर तथ्यांक संकलन गर्ने भएको हो ।विभिन्न स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम १८ माघदेखि ३५ दिनभित्र निवेदन फाराम भरेर स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलकमार्फत पेश गर्न आयोगले आह्वान गरेको छ ।

आफूले आबाद कमोत गरेको जग्गाको नाप नक्सा सम्बन्धित नापी टोली खटिए पश्चात गराउन पनि भनिएको छ । आयोगले यसअघि निवेदन दिइसकेकाहरूले निस्सा लिन र जग्गा नाप जाँचरचेकजाँच गराउन सम्पर्क गर्न अनुरोध पनि गरेको छ ।

**दलित अधिकार हनन सम्बन्धी अन्य समसायिक घटनाहरुः**

- चितवन जिल्लाको पूर्वी चितवनको राप्ती नगरपालिका वडा नं ९ मा दलित भन्दै गैरदलित परिवारले आमाछोरालाई कुटपिट गरेको छ । २०७८ जेष्ठ ११ गते मंगलबारका दिन काम सक्काएर साझको समयमा उनी बस्तुभाउलाई घाँस दिंदै थिईन ।  गाँउमा पैसा चोरी भएको भन्दै एक्कासी गाँउमा हल्ला आयो । पैसा हराएका छिमेकको घर सेते श्रेष्ठको घर नजिकै नै थियो ।
- उनलाई एक्कासी सेतेको श्रीमतीले कपाल भुत्लार्न गरिन । आमालाई पिटेको देखेर छोरा अमृत परियार पनि छुट्टाउन गए । छोरालाई पनि सेतेका छोरा राजकुमार श्रेष्ठ भएर कुटपिट गर्न लागे । भरतपुर स्थित अलाइभ हस्पिटल एन्ड ट्रमा सेन्टरमा उपचार अमृतको उपचार गरिएको थियो । अमृतको हातको कुमको जोनी भाचिएको छ भने कल्पना सामान्य घाइते छन् । पिडित परिवारले पनि दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्ने र मिलापत्रमा नजाने बताएका छन् । स्थानिय सरकारले भने गाँउघरको सानोतिनो घटना भनेर मिलापत्रमा जानुपर्ने दबाव रहेको छ । स्रोत : नारायणी अनलाइन (२०७८ जेष्ठ १२ गते
- सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकाको ध्यादुममा हरि नेपालीको परिवारलाई स्थानीयले ढुङ्गामुढा गरी कुटपिट गरेको छन् । करिब २० वर्षदेखि ध्यादुममा बस्दै आएका नेपाली परिवारलाई टोलका स्थानीयले दलित भएर माझाँ गाउँमा बसेको भन्दै पटक-पटक बसाइँ सर्न दबाब दिंदै आएका थिए । सोही बाहानामा गत बुधबार स्थानीय गोविन्द श्रेष्ठ र श्रीमती ललिता

श्रेष्ठले कुटपिट गरेका छन् । उक्त नेवार बस्ती रहेको गाउँमा एउटा मात्रै दलित परिवार रहेको छ । स्रोत : दलित अनलाइन (२०७८ जेष्ठ २३ गते)

- भोजपुर जिल्लाको षडानन्द नगरपालिका वडा न. १४ मा संगम ठटाल दमाई थर भएका एक जना दलित युवा त्यहि ठाउमै बस्ने श्रेष्ट थर भएकि युवतिसंग प्रेम सम्बन्धमा रहेको र उनिसंग दुबै जना मिलेर सहमति मै आपसमा बिबहा गरे तर त्यो बिबाहा निर्वाचित वडा अध्यक्ष, पुलिस र प्रशासन  लगाएर उमेर नपुगेको भन्दै बिबाहा रद्ध गराइयो त्यसको अर्को  दिन नजिकैको बनमा  रुखमा झुण्डिएर मरेको अवस्थामा संगम ठटाल को लाश भेटिएको छ । स्रोत : नयाँ पत्रिका दैनिक (२०७८ जेष्ठ २४)
- सर्लाही जिल्लाको विष्णुपुर ७ का शिबकुमार यादवले विवाह गर्ने आश्वासन दिएर बाराको जीतपुरमा ल्याई २० दिनसम्म राखेर घरमा लैजाँदा उनका घरपरिवारले दलित हो भन्ने थाह पाएपछि अस्वीकार गर्दै गाई गोठमा राखे । यसता माइती पक्षले पनि छोरीलाई अब कसैले विहे नगर्ने भन्दै घरमा आउन दिएनन् । अहिले ती यूवतीको विचल्ली भएको छ । स्रोत : फेसबुकबाट (२०७८ जेष्ठ २१ गते)
- रौतहट जिल्लाको ...मा एक यूवकलाई स्थानीय गैरदलितहरुले स्थानीय मन्दिरको रुखमा बाँधेर बेसरी कुटपिट गरेका छन् । स्रोत : फेसबुकको यू टइुबबाट (२०७८ जेष्ठ २१ गते)
- तनहुं जिल्लाकी रुपा सुनार पेशाले पत्रकार हुन । उनी इमेज टेलिभिजनको उकाली ओरालीकी कार्यक्रम प्रस्तोता हुन् । उनी काठमाडौमा भाडामा बस्छिन् । यही २०७८ असार १ गतेका दिन उनी कोठा खोज्दै प्रधान थरको घरमा कोठा खोज्दै पुगिन । कोठा हेरेपछि रुपालाई मन पर्‍यो । बस्ने इच्छा व्यक्त गरिन । घरबेटीले पनि समयमा आउनुपर्ने, होहल्ला गर्न नहुनेलगायतका शर्तहरु सुनाए, रुपाले सबै कुरा स्वीकारिन । रुपाले आमालाईपनि कोठा देखाउने कुरा गरिन अनि घरबेटीले थर सोधिन, रुपाले आफू कामीको छोरी भएको सुनाइन । यो कुरा सुन्ने वितिकै घरबेटीले अनकन गर्दै उनको मोबाइल नंबर मागिन । त्यसपछि उनी साथीसहित फर्किइन । केही छिनपछि उनको साथिको मोबाइलमा तिम्रो साथी त दलित रहेछन्, त्यसैले कोठा दिन नसकिने बताइन । यस्तो अपराधपूर्ण घट्नापछि रुपाले आफूले भिडियो बनाएर सार्वजनिक गरिन । त्यसपछि मिति २०७८ असार २ गते उनले आफूमाथि जातीय छुवाछूत गरेको भन्दै अनामनगर प्रहरीमा उजूरी दर्ता गरेकी छिन । स्रोत : रुपा सुनारसंगको कुराकानी तथा सेतोपाटी (२०७८ असार ३ गते) ।
- मोरंङ जिल्लाको कानेपोखरी ५ चिसाङ्गकी शोमा दर्जीको घरमा कोहि नभएको बेला मोबाइलको सीम छोरेको आरोपमा छिमेकी देवीका मगरको पुरै परिवारै मिलेर मिति २०७८ जेठ १ गते मरणासन्न हुने गरि कुटपिट गरेर मरिसक्यो भनेर छोडेको र त्यो मगर परिवारको कुटाइबाट पीडित सुन्दरी दर्जीको मानसिक अवस्था गुमेको छ । उनलाई साङ्लोले बाधेर राखेको र अवस्था झनझन नाजुक हुदै गएकोले अहिले घोपा क्याम्पमा उपचार गराउदै गरेको अवस्था छ । उनको बुबाले स्थानीय प्रहरीले खासै वास्ता नगरेको र छोरीको न्यायको लागि अपिल गरेका

छन् । २५ वर्षीया शोभा दर्जी गर्भवती भएको बुझिएको छ । स्रोत : शान्ति गजमेरको फेसबुक वालबाट (२०७८ असार ३ गते)

- ओखलढुङ्गा जिल्लाको चम्पादेवी गाउँपालिका वडा नं. ३ मा अन्तरजातीय विवाह गरेका छोराहरूलाई आफ्नो बुवाको निधनमा शव समेत छुन नदिएको घटना सार्वजनिक भएको छ । स्थानीय मित्रबहादुर तामाङको चारभाइ छोरामध्ये शङ्कर तामाङले थापा क्षेत्री र कान्छो प्रदीप तामाङले गाउँकै नेपाली (परियार) थरकी केटीसँग अन्तरजातीय विवाह गरेका थिए । अन्तरजातीय विवाह गरेकै कारण स्थानीय गाउँलेले आफूहरूलाई बुवाको दाहसंस्कारमा पनि जान दिएनन् । आफ्नै दाजुभाइ र इष्टमित्रबाट तिमीहरूले लास छुने भए हामी छुँदैनौ भनेर उठेर हिँड्न थालेपछि उनीहरू काठमाडौं फर्केका थिए । छोराहरूका अनुसार 'वडाध्यक्ष बल बहादुर तामाङकै कारण हामीले बुवाको शव छुन पाएनौं ।' 'स्थानीय चुनावमा उनीहरुले भोट दिएन भनेर त्यसको बदला लिने हेतुले वडाध्यक्षले यसरी गाउँले एक बनाएर हामीलाई बहिष्कार गर्ने काम गरेको उनको दावी छ । लामा गुरुले पनि छ्योइमा अन्तरजातीय विवाह गर्नेले आफ्नो पिताको लास छुन नपाउने केही नलेखेकोले दाहसंस्कार गर्न पाउने भनेका थिए । तर एक्कासि वडाध्यक्षले सोझो गाउँले र लामा गुरुलाई उचालेर छोराहरू दाहसंस्कार सामेल भए हामी सामेल हुँदैनौं भन्ने वातावरण निर्माण गरेपछि कपाल समेत फाल्न नदिई घर छोडेर आउनु परेको उनीहरूको गुनासो छ । यस विषयमा वडाध्यक्ष भन्छन् 'यो हामी तामाङको संस्कार हो ।' उनको थप भनाइ छ कि 'राष्ट्रिय कानुन र समाजको कानुन गरी यो देशमा दुई ओटा कानुन छन् । हामीले गाउँको कानुन मान्ने हो, उनीहरूले कुजातको बिहे गर्दै हिँड्छ त्यसलाई मिलाउने ठेक्का मैले लिन सक्दैन । जे गर्छ समाजले गर्छ । स्रोत : उज्यालो नेटवर्कबाट (२०७८ असार ६)

- कंचनपुर जिल्लाको जिल्ला अदालतमा कार्यरत कानून अधिकृत देवान लुहारलाई सामाजिक संजालमार्फत यूवा संघ नेपाल (केपि गुट) केन्द्रीय सदस्य का धनबहादुर कुंबर (दार्चुला) ले तँ मुजी लुहार होस । अहिले वकिल भइस भनेर ठकुरी हुन सकछस त ? लुहारलाई लुहार, कामीलाई कामी नभनेर के भन्ने ? भनेर तल्लो स्तरको गाली गलौज गरेका छन् । स्रोत : देवान लुहारसंगको कुराकानी र स्कीन सर्ट (२०७८ जेष्ठ ९ गते

- रुपा सुनारमाथि भएको जातीय छुवाछूत तथा भेदभावको घट्नाका विरुद्ध उनले न्यायका लागि गरिएको उजूरीमाथि अनुसन्धान भइरहेको बेला नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठले आज मिति २०७८ असाढ ९ गतेका दिन कानूनलाई हातमा लिदै अनुसन्धानका लागि थुनुवामा रहेकी सरस्वती प्रधानलाई जबरजस्ती थुनुवामुक्त गरी आफ्नै गाडीमा लगेर प्रधानको घर पुगाइ दिएका छन् । उनीसंगै ठूलो संख्यामा नेवार समुदायको समूह गएको थियो भने नाराबाजी समेत गरेको थियो । स्रोत : सामाजिक संजाल तथा सेतो पाटीको न्यूज (२०७८ असार ९ गते)

- बभ्फाङ जिल्लाको सदरमुकाम चैनपुरको वडा प्रहरी कार्यालय नजिकै रहेको नमुना निम्न माध्यमिक विद्यालयमा परिचरदेखि प्रधानाध्यापक हुँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत दलित समुदायका छन् । स्कुल दलित समुदायकै लागि मात्र भनेर सञ्चालनमा आएको होइन । तर, दलित शिक्षक भएको भन्दै स्थानीय गैरदलित समुदायले स्कुल नै बहिष्कार गर्दै आएको छ । २०४१ सालमा स्थापना भएको स्कुलमा सुरुमा गैरदलित समुदायका विद्याथीको बाहुल्य थियो । बस्तारै वादी र दलित समुदायका विद्याथीको संख्या बढ्दै गयो । उनीहरुको संख्या बढेसँगै गैरदलितका सन्तान भने बिस्तारै कम हुन थाले । विद्यालयमा हरेक वर्ष ९५ प्रतिशतभन्दा बढी दलित समुदायका विद्यार्थी भर्ना हुने गरेको विद्यालयको तथ्यांकले देखाउँछ । पुरातनवादी सोच, दलित समुदायप्रति हेर्ने दृष्टिकोण र जातीय छुवाछुतैका कारण गैरदलित अभिभावकले विद्यालयमा छोराछोरी भर्ना गर्न मान्दैनन् । स्कुलमा अहिले दलित समुदायकै विद्यार्थी मात्र भएकाले भौतिक संरचनादेखि पठनपाठनमा समेत कसैले चासो दिएको छैन । स्कुलमा सदरमुकाम र आसपासका वादी, विक, कामी, सुनार, रसाइली, दमाईलगायतका दलित समुदायका बालबालिका अध्ययन गर्छन् । दरबन्दी, राहत, बालकक्षा र परिचर गरेर जम्मा ८ जना शिक्षक तथा कर्मचारी छन । जसमा ५ जना दलित र ३ जना गैरदलित शिक्षक छन् । चैनपुर बजारको पुरानो स्कुल भएकाले विभिन्न सहयोगी संस्थाले विद्याथीका लागि शैक्षिक सामग्री सहयोग गरिरहे पनि गैरदलित समुदायले बालबालिका भर्ना गर्न भने नमानेको देखिन्छ । गैरदलित समुदायका अभिभावक भने पढाइ राम्रो नहुने र भौतिक संरचना पनि राम्रो नभएका कारण छोराछोरी अन्य विद्यालयमा भर्ना गर्ने गरेको बताउँछन । '२०५८ सालदेखि प्रधानाध्यापकको जिम्मेवारी समाल्दै आएका गजेन्द्र रसाइली दलित समुदायकै भएका कारण दलित हेडसर भएको विद्यालयमा छोराछोरी पढाउनुहुन्न भन्ने गैरदलित अभिभावकको मानसिकता देखेर दुखी छन् । जातीय विभेदको सिकार बनेका प्रधानाध्यापक अब नजिकैको अर्को सरकारी विद्यालयमा नमुना निमाविलाई मर्ज गरिदिएहुन्थ्यो भन्ने निश्कर्षमा पुगेका छन् । स्रोत : शिलापत्र (जेठ ४, २०७८)
- सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका वडा नंबर ७ का निर्वाचित वडाध्यक्ष कार्केल लामाले यही २०७८ असाढ ९ गतेका दिन मुक्ति समाज नेपालका केन्द्रीय सदस्य सुभाष सुन्दासलाई गाउँपालिकाको सभाहल बाहिर कुटपीट तथा गालीगलौज गरेका छन् । २०७८ असाढ ९ गतेका दिन बलेफी गाउँपालिकाको ९औं गाउँ सभामा सुभाष सुन्दासलाई स्थानीय पार्टी तथा मुक्ति समाज नेपालको केन्द्रीय नेताको हैसियतमा गाउँपालिका अध्यक्षले निमन्त्रणा गरिएअनुसार उनी गाउँसभामा भाग लिन गएका थिए । गाउँसभामा आफूले चाहे जस्तो गर्न नसकिने र सुभाषलगायतका नेताहरुले सोको खबरदारी गर्ने भन्ने आशंकामा वडाध्यक्ष निज कार्केल लामाले आफू र आफ्ना छोरासहितका व्यक्तिहरुले सभाहलको बाहिरीपट्टी एक्कासी कठालो समाती कुटपीट तथा गालीबइजती गरेका थिए । सो घट्नाका विरुद्ध सुभाष सुन्दासले स्थानीय इलाका प्रहरी कार्यालय बाह्रविसेमा उजूरी

दिन जाँदा चौकीका प्रहरी निरीक्षकले वडाध्यक्षमाथिको उजूरी दर्ता गर्न नसकिने भन्दै फिर्ता पठाएका थिए । स्रोत : सुभाष सुन्दाससंग प्रत्यक्ष कुराकानी (२०७८ असाढ १० गते)

- जुम्ला जिल्लाको सिंजा गाउपालिका वडा नंबर ६ वडाध्यक्ष कालीबहादुर बुढाले यही मिति २०७८ असार ९ गते गाउँपालिकाको न्यायिक समितिमा भएको छलफलमा कालीबहादुर बुढाले स्थानीय दलित युवा बिवेन्द्र नेपालीमाथि जातीय गालीगलौज र कुटपिट गरेका पीडितले बताएका छन् । असार ८ गते राखिएको विवाद समाधान बैठकमा सबैका सामु वडाध्यक्ष बुढाले नेपालीमाथि जातीय गालीगलौजका साथै कुटपिट गरेको पीडित युवाले बताएका छन् । वडाध्यक्षका छोरा नवीन बुढाले कुटपिट गरेका थिए । आफूमाथि सार्वजनिक ठाउँमा जातीय विभेद र कुटपिट भएपछि पीडित युवा उजुरी लिएर जिल्ला प्रहरी कार्यालय जुम्ला पुगेका थिए । तर प्रहरीले प्रमाण नपुगेको भन्दै उजुरी दर्ता गर्न नमानेपछि पीडित युवाले पत्रकारसँग गुनासो राखेपछि घटना बाहिर आएको हो । यसबारे आफूले राष्ट्रिय मानवअधिकार आयोग र दलित आयोगमा जानकारी गराएको पनि उनले बताएका छन् । स्रोत : इकागज २०७८ असार २३ गते ।

- रौतहट जिल्लाको रौतहटको देवाही गोनाही नगरपालिकामा एक हप्ताभित्रै दुई दलित महिला बलात्कृत भएका छन । देवाही गोनाही-१ का ४० वषीय राकेश राउत कुमीले २०७८ असार ३० गते राति सोही वडाकी ३० वषीय पासवान थरकी विवाहित महिलालाई जबर्जस्ती करणी गरेका हुन् । राति करिब १२ बजेको समयमा कुमी ती महिलाको घरभित्र प्रवेश गरी ज्यान मार्ने धम्की दिएर जबर्जस्तीकरणी गरेको ईलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रहरी प्रमुख राजन लम्सालले बताए । महिलाले गुहार मागेपछि राकेश राउत कुमी फरार भएको प्रहरीको भनाइ छ । पीडित महिलाको जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण भइसकेको तथा आरोपित कुमीको खोजी भइरहेको प्रहरी निरीक्षक लम्सालले जानकारी दिए । केहीदिन अघिमात्र देवाही गोनाही नगरपालिका-७ उचिडिह टोलका ५० वषीय नागेश्वर कुश्वाहा करणी आरोपमा पक्राउ परेका थिए । आफ्नै गाउँकी एकजना विवाहित दलित महिलालाई जबर्जस्ती करणी गरेको आरोपमा पक्राउ परेका उनीमाथि मुद्दा दर्ता गरेर कारवाही प्रक्रिया अघि बढाइएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख एवं डिएसपी श्रीराम भण्डारीले बताए ।स्रोत : दलित अनलाइन २०७८ श्रावण १ गते ।

- गुल्मी जिल्लाको मुसिकोट नगरपालिका बामी टक्सार बजारबाट घर जाँदै गरेका र थकाइ मार्न सार्वजनिक बाटो नजिक स्थानीय आदर्श मावि भवन नजिक बसिरहेका बेला दलित बृद्धबृद्धा दम्पतीलाई गैरदलित सापकोटा परिवारले यही २०७८ असार ३१ गतेका दिन निर्घात कुटपिट गरेका छन् । असार ३१ गते मुसिकोट नगरपालिका ९ बस्ने ६० वषीय तेजबहादुर दमाई र श्रीमती चित्रकला दमाईलाई डुम सानो जात मेरो घर अगाडि किन बसिस भनी मुसिकोट ७ का २६ वषीय डिलाराम सापकोटा र उनकी श्रीमती विनीता सापकोटाले दुवै दम्पतीलाई लौरोले निर्घात कुटपिट गरेको हुन । सापकोटाको कुटाइबाट श्रीमती चित्रकला दमाईलाई बढी चोट

लागेको छ उनको शरीर भरि नीलडाम छन् । स्थानीय प्रहरी चौकीले कुनै सुनवाइ नगरेपछि घटनाको चार दिनपछि सोमबार जिल्ला प्रहरी कायालर्यलाई गुल्मी तम्घासमा जाहेरी दिए पनि दर्ता गर्न आनाकनी गरेको बताइन्छ । स्रोत : थाहअनलाइन डटकम २०७८ श्रावण ६ गते ।

- सिरहा जिल्लाको कल्याणपुर नगरपालिकाको निलम्बीत मेयर सूर्यनाथ मण्डलका छोराको समुहले कल्याणपुर वडा नम्बर ३ तिनकी दलित महिलालाई २०७८ साल ८ गते राति ११ बजे आमा र छोरालाई जाँडरक्सी सेवन गरि दलित बस्तीमा गएर मध्यराति मरणासन्न कुटपीट र अभद्रव्यवहार समेत गरेको छ । ती दलित महिलाको घर आँगनमा माटो र पत्थर फयाकि रहेको समयमा दलित महिलाले यति राति कसले मेरोघरमाथि पत्थर र माटोफयाकिएको भन्दै गरिरहेको बेला जाँड रक्सी खाएर नसामा तल्लीन मेयर मण्डलको छोरा र भतिजो दलित महिलालाई अभद्रव्यवहार गर्दै मरणासन्नगरि कुटपिट गरेको हो । कल्याणपुर नगरपालिका वडा नम्बर ३ का कृपाल महराको श्रीमति सिता देवी महरा वर्ष ४० र छोरा जितेन्द्र महरा वर्ष १८ कोलाई कुटपिट गरेको छ । घाईते जितेन्द्र महराका अनुसार रक्सीखाएर मेरो आमालाई चमिनी तलाई कसले कामदिन्छ भन्दै फोहोर गालि गर्दै घिसारी घिसारी कुटपिट गरेको छ त्यहि क्रममा आमालाई किन कुटेको भनेपछि मलाई पनि कुटपिट गरेको छ । घाईते जितेन्द्र महराले आफुहरुलाई घरमा कुटपिट गर्दा कल्याणपुर ईलाका प्रहरिकार्यालय कल्याणपुरलाई फोन गर्दा समेत कुनै वास्ता नगरेको गुनासो गरेको छ । स्रोत : बाला सुन्दरी खबर सिराह अनलाइन ( २०७८ श्रावण ९ गते)
- मोरङ जिल्लाको पथरी शनिश्चरे ४ महेन्द्र चोक कि ४२ बर्षिय वर्षा दजी (कंसाकार) र छिमेकी पति, पत्नी डिल्लीराम नेपाल र हेमा नेपालबिच साउन ६ गते साँझ ४ बजे जग्गाको सीमानामा घाँस काटेको निहुँमा दुई पक्षबिच सामन्य झगडा भएको थियो । सो झगडामा डिल्लीराम नेपालले वर्षाको टाउको र अनुहारमा लात्ती र बाक्सिङले कुटपिट गरेको बताइएको छ । वर्षाको अनुहार र टाउकोमा नीलडाम र चोटहरू देखिएको छ । दुई जनाले हिलोमा चोभलेर निरन्तर कुटपिट गरे पनि फुत्किएर भागेको गाउँमा सबैले देखेको वर्षाको भनाइ छ । कुटपिटबाट उम्किएर जीउभरी हिलो र रगतताम्य भएर इलाका प्रहरी कार्यालय पथरीमा आएर उजुरी गर्दा प्रहरी प्रमुख डिएसपी कृष्ण खड्काले डिल्लीराम र हेमालाई हालसम्म कुनै कार्वाही गरेका छैनन । वर्षा दजी (दमै) को छोरी भएपनि कंसाकार(नेवार)सँग विवाह गरेकी छन् । आफ्नै जग्गामा घाँस काटिरहेको बेला नेपाल दम्पती 'डुम्री' किन घाँस काट्छस भन्दै आएर कुटपिट गर्न थालेको वर्षाको भनाइ छ । इलाका प्रहरी कार्यालय पथरीका प्रमुख डिएसपी कृष्ण खड्काले सामाजिक रूपमा मिल्ने कुरा आएपछि केही दिन मिल्ने समय दिएको र नमिल्ने भए आइतबार (साउन १०) गते, घटना भएको ५ दिनपछि मुद्दा दर्ता गर्ने बताएका छन् । स्रोत : थाह अनलाइन डटकम (२०७८ श्रावण १०)
- कंचनपुर जिल्लाको भीमदत्तनगरपालिका वडा नंबर ४ का सिद्धमति दमाई, तुलसी दमाई र मथुरा दमाईलाई सोही गाउँका प्रकाश भट्ट र उनकी श्रीमति राधिका विष्टले मिति २०७८

श्रावण १२ गतेका दिन दमाईहरुलाई आफ्नै घरको अगाडि गाडी खडा गरेको रिसमा हैसियत नभएका दमाई डुमहरु तिमीहरुले हामीसंग सान देखाउने गाडि प्रदर्शन गर्ने अबदेखि गाडी राखेमा तिमीहरुको खैरियत हुने छैन । तिमीहरु आज निकै मात्तिउका छौं । तिमीहरुले प्रहरी प्रशासनमा उजूरी गरेपनि केही हुनेबाला छैनन भन्दै धम्कीं दिएको बुझिएको छ । सो घट्नाका विरुद्ध आजै प्रहरी छुवाछूत कसुर अनुसार मुद्दा दायर भएको छ । स्रोत : फेसबुकबाट(२०७८ श्रावण १२)

- सप्तरी जिल्लाको खडक नगरपालिका वडा -३ गरुराहा टोलमा बुधबार विहान स्थानीय मुक्ति रामको २५ वर्षीय छोरा श्यामसुन्दर राम मृत अवस्थामा भेटिएका छन् । घरदेखि झण्डै ५० मिटरको दुरीमा नालामा श्यामसुन्दर मृत अवस्थामा भेटिएको छ । मंगलबार साँझ नै घरबाट निस्किेका श्यामसुन्दर रातभरि नआएको र विहान सडकसँगै रहेको नालामा मृत भेटिएको परिवारजनले बताएका छन् । यता श्यामसुन्दरलाई हत्या गरेर नालामा फालिएको परिवारजनले दावी गरेका छन् । परिवारजनले घटनाको अनुसन्धान गरी दोषीलाई कानूनी दायरामा ल्याउन प्रहरीसँग आग्रह गरे । जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपि एव प्रवक्ता माधवप्रसाद काफ्लेले शव पोष्टमार्टमका लागि पठाइएको र घटनाबारे अनुसन्धान थालिएको बताए । मृतक श्यामसुन्दरका पत्नी र अढाइ वर्षीया छोरी छन् । स्रोत : दलित अनलाइन (२०७८ श्रवण २० गते) बारा जिल्लाको बाराको कलैया उपमहानगरपालिका वडा नंबर २७ की वडा सदस्य ( दलित महिला) तारादेवी पासवानलाई खम्बामा बाँधेर निर्घात रुपमा कुटपिट गरेको घटना सार्वजनिक भएको छ । प्रहरीले तारादेवीलाई उद्दार गरी उपचारका लागि कलैया अस्पतालमा भर्ना गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए । पासवानमाथि स्थानीय जोगिन्द्र साहसहितको समूहले खम्बामा बाँधेर कुटपिट गरेको प्रहरीले जानकारी दिएको छ । वडासदस्य पासवानमाथि गाउँकै एक महिलालाई अर्का पुरुषसँग भगाउन सहयोग गरेको आरोप लगाउँदै उक्त समूहले हातपात गरेको बताइएको छ । आक्रमणमा संलग्न रहेको आरोपमा प्रहरीले साहसहित ८ जनालाई पक्राउ गरेको छ । उनीहरुविरुद्ध बारा जिल्ला अदालतमा समाजिक अपराध अन्तर्गत अभद्र तथा अमानवीय व्यवहारविरुद्धको मुद्दा दायर भएको प्रहरीले जानकारी दिए ।(दलित अनलाइन ५ भाद्र २०७८)
- झापा बिर्तामोडकी सीता ढुंगाना अन्तरजातीय बिहेका कारण विगत २ दशकदेखि विभेद खप्न बाध्य छन । झापाका छविलाल विश्वकर्मासंग विवाह गरेकी उनलाई परिवारले अस्वीकार गर्दै निरन्तर अवहेलना गरिरहेको छ । आफ्नै बिहेदेखि बाबुको निधनसम्म ढुंगानाले विभेदको सामना गर्नु परिरहेको छ । सीताका बाबु धर्मानन्दको गत भदौ ७ गते ९३ वर्षको उमेरमा निधन भयो । तर, सीतालाई बाबुको मुख हेर्न पनि दिइएन । 'फेसबुकबाट बुवा खसेको थाहा पाएँ", उनले 'आउँछु भन्दा नआउँदा राम्रो भन्दै खबर पाइन घरबाट । उनी बिर्तामोडस्थित आफ्नै घरमा बाबुको काजकिरिया गरिरहेकी छन । सीताका तीन दाजुमध्ये माहिला र कान्छा शिक्षक छन तर, जातीय विभेदविरुद्धको अभियानमा उनीहरूको पनि चेत फिरेको छैन । घरपरिवार र समाजले गरेको विभेद सहन नसकेर पाँचथरको रानीगाउँबाट झापा झरेकी सीता

२१ वर्षदेखि उही नियतीको सामना गरिरहेकी छन । २०५७ पुस ५ गते उनीहरूको प्रेम विवाह भएको थियो । सीता अखिल नेपाल महिलासंघको कार्यालय सचिव हुन छविलाल एमाले सम्बद्ध दलित संगठन मुक्ति समाज नेपालका केन्द्रीय नेता र एमाले झापाका प्रभावशाली नेता हुन । स्रोत : अन्नपूर्ण पोष्ट दैनिक (२०७८ भाद्र १८ गते)

# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

# सन २०२१ को आर्थिक आय ब्यय विवरण

**Rastriya Dalit NetworK (RDN) Nepal**
**Central Office, Dhangadhi, Kailali**
**F.Y. 2077-4-1/2078-3-31**
**Intigrated Fund Accountability Statement**

| S.N | Particular | Amount of this ye | Amount of Last year | Remark |
|---|---|---|---|---|
| 1 | Opening balance | | 3,482.00 | |
| | AC 10000043050524 | 2,411.00 | | |
| | AC 010600001221524 | 251,248.00 | | |
| | AC 010600000352524 | 1,555.00 | | |
| 2 | Grant from The Freedom Fund | 3,533,495.00 | 3,379,940.00 | |
| 3 | Grant from ILO | 986,650.00 | 408,900.00 | |
| 4 | Grant from FAO | 218,250.00 | | |
| 4 | Grant from UNDP | 3202627 | 933500 | |
| 5 | Grant from TAF | 4558699 | | |
| | **Fund receved during this period total** | **12,754,935.00** | **4,725,822.00** | |
| **Expenditure** | | | | |
| 1 | NCB Project | 3,550,983.00 | 3,397,278.00 | |
| 2 | SAHAS /FBA Project | 1496375 | 159000 | |
| 3 | A2J Project | 3200959 | 933500 | |
| 4 | PAHAL Project | 4549627 | | |
| | **Fund utilization during this period total** | **12,797,944.00** | **4,489,778.00** | |
| **Closing balance** | | | | |
| | Clossing balance transfer in intutional | -58310 | 0 | |
| 1 | Payable among expenture | | | |
| 2 | Bank A/C. 010000043050524 | 783.00 | 2,411.00 | |
| 3 | Bank A/C 010600000352524 | 3,223.00 | 1,555.00 | |
| 4 | Bank A/C 010600001221524 | 2223 | 251248 | |
| | Bank A/C 010600001660524 | 9072 | 0 | |
| 5 | Payable TDS | | -19170 | |
| | **Total** | -43009 | 236044 | |
| | **Total** | **12,797,944.00** | **4725822** | |

Accountant Chairperson Treasure: Redg. Auditor

BASANT & COMPANY ICAN No. 2073

Rastriya Dalit Network

## Rastriya Dalit NetworK (RDN) Nepal
## Central Office, Dhangadhi, Kailali
## F.Y. 2077-4-1/2078-3-31
## Intigrated Balance Sheet

| Capital and liability | | Property and Assets | |
|---|---|---|---|
| Cumulative capital fund | 196758.25 | Assets Annex 4 | 163692.49 |
| Exp. More then incom | -27741 | Depreciations | 48333.763 |
| | | | |
| | | **Total** | **212026.25** |
| TDS Payable | 15860 | Closing balance | |
| | | Bank A/C 010600000352524 | 3223 |
| Program Payable | 42450 | Bank A/C 010000043050524 | 783 |
| | | Bank A/C 010600001660524 | 9072 |
| | | Bank A/C 0106000001221524 | 2,223.00 |
| | | **Total** | **15301** |
| **Grant Total** | **227327.25** | **Grant Total** | **227327.25** |

0

Accountant Chairperson Treasure: Redg. Auditor

**Rastriya Dalit NetworK (RDN) Nepal**
**Central Office, Dhangadhi, Kailali**
**F.Y. 2077-4-1/2078-3-31**
**Intigrated Income & Expenditure**

| Particular | Amount of this year | Amount of Previous year | Remark |
|---|---|---|---|
| **Income** | | | |
| Grant from The Freedom Fund | 3,533,495.00 | 3379940 | |
| Grant from ILO | 986,650.00 | 408900 | |
| Grant from FAO | 218,250.00 | | |
| Grant from UNDP | 3202627 | | |
| Grant from TAF | 4558699 | 933500 | |
| EXP.more Then income | 27741 | | |
| **Total** | **12,527,462.00** | **4722340** | |
| **Expenditure** | | | |
| NCB Project | 3,280,501.00 | 3378528 | |
| SAHAS /FBA Project | 1496375 | 159000 | |
| A2J Project | 3200959 | | |
| PAHAL Project | 4549627 | | |
| ADHIKAR Project | | 933500 | |
| | | | |
| Program Budget surplus | | | |
| Program under conduction | | 251312 | |
| **Total** | **12,527,462.00** | **251312** | |

Accountant Chairperson Treasure: Redg. Auditor

Rastriya Dalit Network

BASANT & COMPANY ICAN No. 2073

# खण्ड खः मानवअधिकार बिश्लेषण

**नेपालको संविधान तथा दलित मानवअधिकार :**

**सन्दर्भ :**

विश्वव्यापी मानवअधिकारका मूल्य मान्यताहरु नत कसैका लागि सुविधाका विषयवस्तु हुन सक्दछन् नत आफ्ना चाहनाका लागि उन्मुक्तिको विषय हुन सक्दछन् । यी मूल्य मान्यताहरु स्वतन्त्रता, बाँच्न पाउने अधिकार, सामाजिक न्याय, शान्ति, सद्भावना र समानताको जगमा उभिएका छन् । यी मूल्यमान्यताहरु राजनीति खेलभन्दा वृहत्तर हुनपर्दछ किनकी ती जनताका लामो संघर्ष र बलिदानबाट स्थापित भएका अधिकारहरु हुन् । मानवअधिकारले न्याय क्षेत्रमा सधै निष्पक्षताको माग गर्दछ । मानवअधिकार कसैको दया, माया र कृपाबाट प्राप्त हुने कुरा होइन बरु मानिसले प्राप्त गर्ने जन्मसिद्ध नैसर्गिक सर्वमान्य, अभिभाज्य, अहरणीय, अपरिहार्य, प्राकृतिक एवं आधारभूत अधिकार हो । यो सामाजिक न्याय, मानव सुरक्षा र स्वतन्त्रताको आधार समेत हो । यससंग मानवीय मर्यादा, सम्मानपूर्वक बाँच्न पाउने र आत्मसम्मान सम्बन्धित छन् ।

मानवअधिकार भनेको कुनै खोजपूर्ण विषय होइन । यो त विकसित युगसँगै आएको मानिसको व्यवहारिक अधिकारसँग सम्बन्धित कुरा हो । मानवअधिकारको संरक्षणका लागि विश्वमा राजनीतिक कारणलेभन्दा सामाजिक, आर्थिक र सांस्कृतिक कारणले बढी आन्दोलन भएका छन् । यसका उदाहरणहरुमा फिराउन शासकका विरुद्ध १७५० मा भएको दास विद्रोह, २ हजारवर्ष पूर्व रोमको दास विद्रोह, १३८१ मा लण्डनमा भएको किसानहरुको विद्रोह, १८५०-१८६४ सम्मको चीनको ताइपेई विद्रोह जसले "जहाँ जमीन छ त्यसलाई जोत्ने, जहाँ अन्न छ त्यसलाई सँगै राख्ने" भन्ने नारा तय गरेको थियो । सन् १८८६ मा अमेरिकाको सिकागोको मजदुर आन्दोलन, १७७९ को फ्रेन्च विद्रोह, नेपालको सन्दर्भमा गौतम बुद्ध र जयपृथ्वी बहादुर सिंहको विद्रोह उल्लेखनीय सामाजिक विद्रोह हुन् । यसरी विश्वमा जति पनि आन्दोलनहरु भए तिनीहरु मानव मर्यादा र स्वतन्त्रता प्राप्तिका लागि भए । यसको पछिल्लो उदाहरण दक्षिण अफ्रिकाको काला जातिमाथि हुदै आएको विभेदका विरुद्ध नेल्सन मण्डेलाको नेतृत्वलाई लिन सकिन्छ । सामाजिक, आर्थिक र राजनैतिक रुपले समाजको सबैभन्दा पीधमा रहेका एशियाका झण्डै २५ करोड र नेपालका झण्डै आधा करोड दलितहरु मानवअधिकारका आधारभूत मूल्य र मान्यताबाट बंचित छन् ।

नेपालको मानवअधिकार आन्दोलन पनि इतिहासका विभिन्न आरोह अवरोहहरुमा विकसित हुँदै आएको पाइन्छ । नेपाली मानवअधिकार आन्दोलनको इतिहास हेर्दा यो बढी राजनीतिक तथा नागरिक अधिकारमा केन्द्रीत भएको तर आर्थिक सामाजिक साँस्कृतिक अधिकारमा कम केन्द्रीत भएको पाइन्छ । विशेषगरी दलित मुद्दाप्रति मानवअधिकार आन्दोलनको दृष्टिकोण राजनीतिक दलहरुको जस्तै देखिन्छ ।

नेपालको संविधानको प्रस्तावनामा सामन्ती निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्तय गर्ने उल्लेख गरिएको छ । त्यसै गरी वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैगिक विभेद र सबैप्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने उल्लेख छ । समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको परिकल्पना गरेको छ । नेपालको संविधानले संघीयता, धर्मनिरपेक्षता, समानुपातिकता, समावेशीता र लोकतन्त्रलाई राज्यसत्ता र शासन व्यवस्थाको प्रमुख आधार मानेको छ ।

**नेपालमा संविधानको इतिहास र दलित समुदाय :**

## १. नेपालको अन्तरिम संविधान २०६३

- धारा १३ समानताको हक :

१. सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् ।

२. समान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

- धारा १४ छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक :
- धारा २१ सामाजिक न्यायको हक :

## २. नेपालको संविधान २०४७ :

१. सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बंचित गरिनेछैन ।

२. सामन्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जातजाति वा बैचारिक भेदभाव गरिने छैन ।

## ३. नेपालको संविधान २०१९

**धारा १० समानताको हक :**

कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिंग र जातिपातिका आधारमा भेदभाव गरिने छैन ।

## ४. नेपालको संविधान २०१५

**धारा ४ समानताको हक :**

कुनैपनि नागरिकलाई जातभातको आधारमा भेदभाव गरिने छैन ।

## ५. नेपालको अन्तरिम संविधान २००७

नेपालको अन्तरिम संविधान २००७ को धारा १० ले निर्वल वर्गलाई शिक्षा र आर्थिक हितको व्यवस्था हुनेछ ।

## ६. नेपाल सरकारको बैधानिक कानून २००४

धारा ४ ले धार्मिक स्वतन्त्रता र समानता रहने व्यवस्था गरेको थियो ।

**७. नेपालको संविधान :** २०७२ को संविधानले निजी तथा कार्यस्थलमा समेत छुवाछूत गर्न नपाउने, केन्द्रदेखि स्थानीयतहका नीति निर्माणकातहमा पुग्न सक्ने ढोका खोली दिएकोछ र यी सबै कुराको निगरानी गर्न संवैधानिक दलित आयोगको व्यवस्था गरेको छ ।

## ८. नयाँ संविधानमा दलितका लागि भएका विशेष व्यवस्थाहरु :

- संविधानले प्रस्तावनामा सबैप्रकारका जातीय छुवाछूत तथा भेदभावलाई समूल अन्त्य गर्ने संकल्प गरेको छ । हालसम्मका संविधानमा यस्तो व्यवस्था गरिएकै थिएन ।

- संविधानमा दलित समुदायलाई राज्यले संवैधानिक रुपमा मौलिक हकमै अलग धारा सृष्टि गरी अतिरिक्त संबोधन हुनुपर्ने सवाल स्वीकार गर्दै मौलिक हक अन्तरगत दलित हक र छुवाछूत विरुद्धको हक राखिएको छ । यस्तो व्यवस्था दक्षिण एशियाका देशमा नेपालमा मात्र छ ।
- धारा २४ मा छुवाछूत विरुद्धको हक अन्तरगत छुवाछूत र भेदभाव गरेमा दण्डनीय मात्र होइन पीडितलाई पीडकबाट क्षेतिपूर्तिको व्यवस्था गरिएको छ । छुवाछूतलाई सार्वजनिक स्थान, कार्यालय वा कुनै सेवा उपलब्ध वा वितरणका कार्यमा समेत छुवाछूत गर्न नपाइने र छुवाछूतको पक्षमा विचार समेत सम्प्रेशण गर्न नपाइने गरिएको छ । एकातिर छुवाछूतलाई निषेध गरेको छ भने अर्कातिर दलितहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, परम्परागत सीपमा राज्यले दायित्व ग्रहण गरेको छ । यो हालसम्मको नवीन व्यवस्था हो ।
- संघ र प्रदेशमा प्रतिनिधित्वका लागि हुने निर्वाचनको समानुपातिक ४० प्रतिशत सिटमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरेको छ । स्थानीय तहका गाउँ कार्यपालिकाको कार्यकारी १७ जनामध्ये २ जना दलित वा अल्पसंख्यक र नगरपालिकामा कार्यकारी संरचनामा ३ जना दलित वा अल्पसंख्यक अनिवार्य निर्वाचित हुने व्यवस्था छ । यसप्रकारको केन्द्रदेखि स्थानीय तहसम्म संवैधानिक रुपमा दलित प्रतिनिधित्वको सुनिश्चितता गरिएको यो पहिलो पटक हो ।
- संविधानमा सामाजिक बहिष्करण, आर्थिक विपन्नता, स्रोतमाथि पहुँचहिनता र अधिकारबाट बंचितिकरणबाट मुक्तिको ढोका खोलेको छ । उक्त पक्षहरुलाई कानूनको मात्र होइन विकासका नीतिहरुको पनि सरोकारका विषयका रुपमा लिएर राज्यका निर्देशक सिद्धान्तमा राख्ने चलन भएकोमा यस विषयहरुलाई मौलिक हकमा समावेश गरेको छ । यो विश्वका संविधानभन्दा पृथक र नविनत्तम व्यवस्था हो ।
- यो संविधानको अर्को नविन पक्ष भनेको प्राथमिकताको सिद्धान्तलाई अबलम्बन गर्नु हो जसलाई प्रगतिशील आरक्षण समेत भन्न सकिन्छ । यस संविधानले समता र प्राथमिकताका आधारमा विपन्न, बहिष्करणमा पारिएको, गरीवलाई आर्थिक क्षेत्र, सेवा तथा सुविधाका क्षेत्र र सामाजिक बहिष्करणका आधारमा प्राथमिकता र पहंचको अवसरमा सबैभन्दा पहिलो प्राथमिकता दिने व्यवस्था गरेको छ ।
- विगत डेढ दशकदेखि कानून समेत नबनी स्थानीय विकास मंत्रालयको मातहतमा रहेको दलित आयोगलाई एकैपटक संवैधानिक आयोगको व्यवस्था गरिएको छ । जसले अनुसन्धान गर्ने, छानवीन गर्ने र सरकारलाई सिफारिश गर्ने संवैधानिक हक राख्दछ । यो अन्तरिम संविधान र पहिलो संविधानसभाको मस्यौदाभन्दा एक कदम अगाडि छ ।
- राष्ट्रिय सभामा हरेक प्रदेशबाट कम्तिमा एक जना दलित समुदायको प्रतिनीधित्वको अनिवार्य व्यवस्था गरिएको छ । हालसम्म दयाका आधारमा एक दुई जना मनोनित गर्ने प्रचलनलाई चुनौति दिदै नविन व्यवस्था गरिएको छ ।
- संविधानको धारा १८ ले परम्परागत उदारवादी लोकतन्त्र अन्तरत यसले गरेको पहिलो सम्बन्धविच्छेद भनेको यसले देशका सबै नागरिकलाई समान मानेर पनि असमान व्यवहार गर्न सहमत रहनु हो ।
- यो संविधानको अर्को नविनता भनेको संविधानमा सामाजिक समूह (महिला, दलित, जनजाति, मधेशी, मुश्लिम आदि) र वर्गीय समूह (यूवा, किसान, मजदूर आदि) छुटयाइएको छ । जसले सामाजिक सशक्तिकरण र वर्गीय उत्थानको बाटो स्पष्ट पारेको छ ।

- यो समाजमा पिछडिएको र स्रोतसाधनमा पहुंचहिन समुदायलाई सकारात्मक विभेदका आधारमा सशक्तिकरण र संरक्षण गर्ने अत्यन्तै प्रगतिशील व्यवस्था गरेको छ । यस्तो प्रगतिशील आरक्षणको व्यवस्था आवधिक हुने मान्यताका आधारमा हरेक १० वर्षमा राष्ट्रिय जनगणनासंगै मानवविकास सुचाँकका आधारमा संसदीय समीक्षा गर्ने व्यवस्था समेत गरिएको छ ।
- यसबाहेक संविधानको धारा ४२ मा समाजिक न्यायको हक, धारा ७० मा राष्ट्रपति वा उपराष्ट्रपति अलग लिंग र अलग समुदायको हुनुपर्ने, धारा २८१ मा राजनीतिक दलका सबै तहका समितिहरुमा नेपालको विविधतालाई संवोधन हुने गरी समावेशी प्रतिनीधित्व गराउनुपर्ने, मौलिक हकका अलावा मौलिक कर्तव्य समेतको नयाँ व्यवस्था, कुटनीतिक नियोग तथा राजदूतहरुको नियुक्ति समावेशी सिद्धान्तका आधारमा हुने व्यवस्था गरिएको छ ।

**दलित समुदायका आधारभूत मुद्दाहरु जुन मौलिक हककै महलमा स्पष्ट लेखिएको तर 'कानुन बमोजिम' भनी भोलि कानुन बन्ने बेलामा कमजोर पार्न सकिने बुँदाहरु यसप्रकार रहेका छन् ।**

- दलित समुदायका व्यक्तिलाई निजामति सेवा, सेना, प्रहरीलगायत राज्यका सबै निकाय र क्षेत्रहरुमा समावेशी सिद्धान्तका आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । सार्वजनिक सेवा लगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ
- दलित समुदायलाई आफनो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई सोका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने छ ।
- राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ ।
- राज्यले आवासविहीन दलितको लागि कानुन कमोजिम बसोबासको व्यवस्था गर्नेछ ।
- दलित समुदायको लागि यस धाराद्धारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ ।

**नेपालको अन्तरिम संविधान २०६३ र पहिलो संविधानसभामा सहमति भई दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गरिसकेका निम्न कुराहरुलाई भने यस संविधानले पूर्ण रुपमा हटाउने काम गरेकोछ ।**

- राजनीतिक क्षेत्रका केन्द्र र प्रदेशमा दलितको जनसंख्याका आधारमा समानुपातिक प्रतिनीधित्वका अतिरिक्त केन्द्रमा ३ प्रतिशत र प्रदेशमा ५ प्रतिशत थप प्रतिनीधित्वको व्यवस्था
- निजामति, सेना, प्रहरीलगायत राज्यका संरचनामा दलितलाई समानुपातिक रुपमा रोजगार दिन व्यवस्था ।
- दलित समुदायको पूर्ण रुपमा ढोका बन्द गरिएको भनेको न्यायपालिका हो । जसका कारण न्याय क्षेत्र दलितहरुको पहंच विहिन हुनेछ र न्याय परम्परागत हुनेछ ।

**५. नेपालमा दलित सम्बन्धमा कानुनी व्यवस्थाहरु :**

क) आधुनिक नेपालभन्दा अघि :

- मनुस्मृति पहिलो कानून मानिन्छ । नेपालको तराईमा इ.सं.१०८७ मा जात पञ्जिकरणको व्यवस्था थियो ।
- गोरखाका राजा राम शाहले आफ्नो राज्यकालमा जात व्यवस्थालाई व्यवस्थित पारे र चार वर्ण छत्तीस जातमा समाजलाई परिभाषित गरी संहिता पनि तोकेको भेटिन्छ ।

ख) वि.सं. १९१० को मुलुकी ऐन :

श्री ३ महाराजका रुपमा जङ्गबहादुर राणाले शासन आफ्नो हातमा लिएपछि वि.सं.१९१० मा जारी गरिएको मुलुकी ऐन नै आधुनिक नेपालको पहिलो कानुनी दस्तावेज हो ।

ग) २०२० सालको नयाँ मुलुकी ऐन :

घ) २०२१ सालको भूमिसुधार :

ङ) पहिलो छुवाछुत तथा भेदभाव विरुद्धको ऐन २०६८ :

**६. दलितअधिकार र विद्यमान प्रावधान :**

- सन् १९४८ मा संयुक्त राष्ट्र संघले मानवअधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरेर सवै मानव जातिले विना भेदभाव निर्वाध रुपमा मानवअधिकारको उपयोग गर्न पाउने कुराको सुनिश्चित ।
- सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धी १९६० ।
- सबै प्रकारका जातीय विभेद उन्मूलन महासन्धी १९६९ ।
- रंगभेद अपराधको दमन र दण्ड सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धी १९७३ ।
- नेपालले हालसम्म २२ वटा विभिन्न मानवअधिकार सम्बन्धि महासन्धीहरुलाई अनुमोदन र सम्मिलन गरिसकेको छ ।
- सन् २००१ म संयुक्त राष्ट्र संघद्वारा दक्षिण अफ्रिकाको डर्वान शहरमा आयोजित "रंगभेद विरुद्धको विश्व सम्मेलन" द्वारा पारित डर्वान घोषणा पत्र र कार्ययोजना हो ।
- जसलाई डर्बान समीक्षा सम्मेलन २००७ र त्यसपछि भएको सन् २०१० मा सम्पन्न जेनेभा सम्मेलनले २००१ देखि २०१० को समीक्षा गर्दै (२०११-२०२०) लाई दलितअधिकार दशक घोषणा गरेको छ ।
- विश्वव्यापी आवधिक समीक्षामा नेपालको सरकारी तथा नागरिक प्रतिवेदन ।

नेपालको संविधानलाई दलित मानवअधिकारको दृष्टिकोणले अडिट गर्दा निम्न कुराहरु देखिन्छन् :

**१. प्रस्तावना** : सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सवै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने र वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सवै पैकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न

समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प ।

२. सम्मानपूर्वक वाँच्न पाउने हक धारा १६(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक वाँच्न पाउने हक हुनेछ ।

**३. स्वतन्त्राको हक धारा १७** नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता । नेपालको कुनै पनि भाजमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र संचालन गर्ने स्वतन्त्रता । स्वतन्त्रताको नाममा विभिन्न जात, जाति, धर्म सम्प्रदायवीचको सु सम्बन्धमामा खलल पर्ने, जातीय भेदभाव तथा छुवाछूतलाई दुरुत्साहन गर्न नपाइने ।

**४. समानताको हक धारा १८(१)** (२) सवै नागरिक कानूनको दृष्टिमा समान हुनेछन । कसैलाई पनि कानूनको समान संरक्षणवाट बंचित गरिने छैन । सामान्य कानूनको प्रयोगमा उत्तपति, धर्म, वर्ण, जात, जाति, लिंग, शाररिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक अवस्था, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा यस्तै अन्य आधारमा भेदभाव गरिने छैन ।

**५. छुवाछूत तथा जातीय विभेद विरुद्धको हक धारा २४** कुनै पनि व्यक्तिलाई निजको उत्तपति, जात, जाति, समुदाय, पैसा, व्यवसाय वा शाररिक अवस्थाको आधारमा कुनै पनि निजि तथा सार्वजनिक स्थानमा कुनै पनि प्रकारको छुवाछूत वा भुदभाव गरिने छैन ।

- कुनै पनि वस्तु सेवा सुविधा, उत्पादन वा वितरण त्यस्तो बस्तु सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्न वाट रोक लगाइने वा त्यस्तो बस्तु सेवा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र विक्रि वितरण वा प्रदान गरिने छैन ।
- उत्पति, जात, जाति वा शाररिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहित गर्न पाइने छैन ।
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भदभाव गर्न पाइने छैन ।
- यस धाराको प्रतिकुल हुने गरी भएको सवै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गंभिर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनीय हुनेछन र त्यस्तो कार्यवाट पिडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

तालिका नं. ३ जातिय भेदभाव तथा छुवाछूत विरुद्धको ऐन २०६८ अन्तरगत मुद्दाको अवस्था

| **क.सं.** | **जिल्ला** | | | | **उच्च** | | | **सर्वोच्च** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मु.सं. | ठहर | सफाई | लगत | ठहर | सफाई | लगत | ठहर | सफाई | लगत |
| २०६७/०६८ | ० | ४ | ४ | १६ | २ | ३ | ६ | ० | ० | १ |
| २०६८/०६९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०६९/०७० | १४ | ६ | २ | २२ | २ | ३ | ६ | ० | १ | ३ |
| २०७०/०७१ | २१ | १२ | ५ | ३५ | २ | ५ | ९ | ० | ० | २ |
| २०७१/०७२ | १५ | १२ | १० | २९ | २ | १० | १७ | ० | ० | २ |
| २०७२/०७३ | २० | ६ | १२ | २५ | २ | ६ | १४ | ० | ० | ६ |
| २०७३/०७४ | २५ | ११ | ४ | ३८ | १ | ९ | १९ | २ | १ | ४ |
| २०७४/०७५ | २२ | २१ | १५ | ४५ | ३ | ८ | १७ | ० | ० | १ |
| २०७५/०७६ | ४५ | ९ | ७ | ५२ | ४ | १० | २१ | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६/०७७ | ४० | १० | २९ | ७८ | १३ | २० | ८० | ० | ० | ५ |
| जम्मा | २०२ | ९१ | ८८ | ३४० | ३१ | ७४ | १८९ | २ | २ | २१ |

श्रोत : दलित मानवअधिकार पुस्तक, समता समाज २०७७ तथा विभिन्न पत्रपत्रिकाबाट संश्लेषित ।

**६. दलितको हक धारा (४०)**

- ४०(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ । सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेषव्यवस्था गरिनेछ ।
- ४०(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्चशिक्षासम्म कानून बमोजिम छात्रबृति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- ४०(३)दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेषव्यवस्था गरिनेछ ।
- ४०(४)दलित समुदायलाई आफनो परम्परागत पेशा, ज्ञान, शिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परमपरागत पेशासंग संम्बन्धित आधुनिक व्यवसायलाई उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने शिप र श्रोत उपलब्ध गराउनेछ ।
- ४०(५)राज्यले भूमिहिन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनेछ ।
- ४०(६)राज्यले आवास विहिन दलितलाई कानून बमोजिम बसोवासको व्यवस्था गर्नेछ ।
- ४०(७)दलित समुदायलाई यस धाराद्धारा प्रदत सुविधा महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ ।

**७. सामाजिक न्यायको हकमा धारा ४२(१)** सामाजिक रुपले पछाडी परेका महिला, दलित, आदीवासी, जनजाती, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुश्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खा आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहधागिताको हक हुनेछ ।

**८. सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति धारा ५१(ग)(५)** समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रिति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने ।

**९. सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति धारा ५१ (ञ)(२ र ६)** जोखिममा परेका, सामाजिक र पारिवारिक बहिस्करणमा परेका तथा हिंसा पिडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी वनाउने । मुक्त कमैया, कमलरी, हरवा चरवा, हलिया, भूमिहिन, सुकुम्बासिहरुको पहिचान

गरी बसोवासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृर्षियोग्य जमिन र रोजगारीको व्यवस्था गर्दै पून:स्थापना गर्ने ।

तालिका नं. २ राज्यसंरचनामा दलित समुदायको प्रतिनिधित्व र दलितको अवस्था

| क्र.सं. | सरकारी सेवा/अन्य क्षेत्र | जम्मा जनसंख्या/राष्ट्रिय औसत | दलितको जनसंख्या/अवस्था | प्रतिशत |
|---|---|---|---|---|
| १ | निजामति सेवा | ८८५७८ | १९७१ जना | २.२२ |
| २ | नेपाल प्रहरी | ६५५०० | ६१९२ | ९.४५ |
| ३ | नेपाली सेना | ८७९७२ | ७१६३ जना | ८.१४ |
| ४ | न्यायिक क्षेत्र | ४५९ | ५ जना | १ |
| ५ | औसत गरिवि | १८.७ प्रतिशत | ४२ प्रतिशत | |
| ६ | साक्षरता | ६५०९ | ५२.४ (तराई ३४.५) दलित महिला ४५.५ प्रतिशत | |
| ७ | औसत आयु | ६८.८ वर्ष | ५८ वर्ष | |
| ८ | भूमिहीनता | | पहाडमा १५.३२ र तराईमा ४४ प्रतिशत | |

श्रोत : नेपाल मानव अधिकार आयोग, २०७७

**१०. राज्यको संरचना धारा ५६(६)** संघ, प्रदेश, स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित, सर्वागिंण विकास, बहुदलिय प्रतिस्प्रर्धात्मक लोकतान्त्रीक संघिय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथ्वीकरण र नियन्त्रण तथा सन्तुलन बहुलता, र समानतामा आधारित समतामुलक समाज, समवेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नेछन ।

**११. प्रतिनिधि सभाको गठन धारा ८४(२)** समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने गरी सभाको निर्वाचनको लागि राजनितिक दलले उम्मेदारी दिदा जनसंख्याको आधारमा महिला, दलित, आदीवासि जनजाती, खस आर्य, मधेशी, थारु, मुश्लिम, पिछडिएको क्षेत्र समेतवाट बन्द सुचिका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदारी दिदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

**१२. राष्ट्रिय सभाको गठन धारा ८६(२)(क)** राष्ट्रिय सभाको गठन हुदा प्रत्येक प्रदेशवाट कम्तीमा तीन जना महिदा, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहति आठ जना गरी निर्वाचित छपन्न जना हुनुपर्ने व्यवस्था ।

**१३. प्रदेश सभाको गठन धारा १७६(६)** प्रदेश सभामा प्रादेशिक जनसंख्या अनुसार बन्द सुचिको आधारमा समानुपातिक प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था ।

**१४. गाउँपालिको गठन धारा २१५(४)** २ जना दलित वा अल्पसंख्यक समुदायवाट प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था ।

**१५. नगरपालिकाको गठन धारा २१६(४)** ३ जना दलित वा अल्पसंख्यक समुदायवाट प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था ।

**१६. जिल्ला सभा/जिसस गठन धारा २२०(३)** ९ सदस्यीय सभा गठन हुदा कम्तीमा १ जना दलित वा अल्पसंख्यक समुदायवाट प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था ।

**१७. गाउसभाको गठन धारा २२२(२)** २ जना दलित वा अल्पसंख्यक समुदायवाट प्रतिनिधित्व गर्नुपर्ने ।

**१८. नगरसभाको गठन धारा २२३(२)** ३ जना दलित वा अल्पसंख्यक समुदायवाट प्रतिनिधित्व गर्नुपर्ने ।

**तालिका नं. १ संघ, प्रदेश र स्थानीय तहमा दलित समुदायको राजनीतिक प्रतिनिधित्व**

| क्र.सं. | प्रतिनिधित्वको पद र तह | जम्मा संख्या | प्रतिनिधित्व भएको संख्या | प्रतिनिधित्व भएको जम्मा प्रतिशत | समानुपातिक समावेशी सिद्धान्तको आधारमा हुनुपर्ने |
|---|---|---|---|---|---|
| १ | संघीय मन्त्रीमंण्डल | २५ | १ जना | ४ | ३ जना |
| २ | प्रदेश मंन्त्रीमण्डल | ५१ | ३ जना | २ | ७ जना |
| ३ | प्रतिनिधि सभा सदस्य | २७५ | १९ जना | ७ | ३८ जना |
| ४ | राष्ट्रिय सभा | ५९ | ७ जना | १२ | ८ जना |
| ५ | प्रदेश सभा सदस्य | ५५० | ३३ जना | ६ | ७६ जना |
| ६ | नगरपालिका प्रमुख | २९३ | ६ जना | २.०४ | ४० जना |
| ७ | नगरपालिका उपप्रमुख | २९३ | ११ जना | ३.७५ | २७ जना |
| ८ | जिल्ला समन्वय समिति अध्यक्ष | ७७ | ८ जना | १०.३८ | ११ जना |
| ९ | जिल्ला समन्वय समिति उपाध्यक्ष | ७७ | ९ जना | ११.६८ | ११ जना |
| १० | जिल्ला समन्वय समिति सदस्य | ५३४ | ९९ जना | १८.५३ | ७४ जना |
| ११ | गाउपालिका अध्यक्ष | ४६० | १ जना | ०.२१ | ६३ जना |
| १२ | गाउपालिका उपाध्यक्ष | ४६० | १६ जना | ३.४७ | ६३ जना |
| १३ | वडा अध्यक्ष | ६७४३ | १९७ जना | २.९२ | ९३० जना |
| १४ | नगर कार्यपालिका सदस्य | ६२८७ | ८५५ जना | १३.५९ | ८६७ जना |
| १५ | गाउँ कार्यपालिका सदस्य | ६७८९ | १०७८ जना | १५.९८ | ९३६ जना |
| १६ | दलित महिला वडा सदस्य | ६७४३ | ६५६७ जना | ९७.३८ | १८६१ जना |
| १७ | दलित पुरुष वडा सदस्य | १३४८६ | ७९७ जना | ५.९० | १८६१ जना |

श्रोत : १) निर्वाचन आयोग, २०७४ क, २) निर्वाचन आयोग, २०७४ ख, ३) समता फाउण्डेशन, २०७७

**१९. राष्ट्रिय दलित आयोग धारा २५५** संवैधानिक आयोगको रुपमा संस्थागत गरिएको यस आयोगमा अध्यक्ष र चार जना सदस्य रहनेछन ।

**२०. नेपाली सेना सम्बन्धी व्यवस्था धारा २६७)१र३)** नेपालको स्वतन्त्रता, सार्वभौमता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधान प्रति प्रतिबद्ध समावेशी सेनाको एक संगठन रहनेछ । नेपाली सेनामा महिला, दलित, आदीवासि, जनजाती, खसआर्य, मधेशी, थारु, मुश्लिम, पिछडावर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ ।

**२१. राजनीतिक दलको गठन, दर्ता र संचालन धारा २६९(४) (ग)** दलका विभिन्न तहका कार्यकारीणि समितिमा नेपालको विविधतालाई प्रतिविम्वीत गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने

**२२. राजदूत/विशेष प्रतिनिधि नियुक्ति धारा २८२(१)** राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ ।

२३. नेपालको संविधानले धर्मनिरपेक्षता, समावेशिता रलोकतान्त्रिक गणराज्यलाइ रमज्सत्ता र शासन व्यवस्थाको प्रमुख आधार मानेको छ तर राज्यको चरित्र संविधान अनुसार बदलिएको छैन । राज्यसत्ता, शासनव्यवस्था र निर्णायक तहमा दलितहरुको सार्थक उपस्थिति हुन सकेको छैन । जसलाइ तलको टेबुलबाट स्पष्ट हुन सकिन्छ ।

## नेपालको सन्दर्भमा मानवअधिकार संरचनाहरु

राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ को सकारात्मक र नकारात्मक पक्षहरुबारे विवेचना गरिरहेको नेपालसँग मिल्दोजुल्दो राजनीतिक परिवेश भएका देशहरु र मानवअधिकारको मुद्दालाई उजागर गरिरहेका केही देशहरुका राम्रा अभ्यासहरुबारे पनि विवेचना हुन जरुरी छ । पेरिस सिद्धान्तलाई सन्दर्भको रुपमा लिने वा निर्देशक सिद्धान्त मान्ने भन्ने कुरामा फरक धारणाहरु हुँदा विभिन्न देशहरुमा मानवअधिकार आयोगका भिन्न चरित्रहरु देखा परेका छन् । विश्वव्यापी रुपमा १ सय भन्दा National Human Rights Institutions विभिन्न देशमा कार्य गरिरहेका छन् र ६० भन्दा बढी NHRIs को अन्तर्राष्ट्रिय समन्वय समितिसँग आवद्ध छन् । युरोपियन देशहरुमा पनि NHRIs हरुलाई विभिन्न रुपमा नामाकरण गरिएको छ । जस्तै फिनल्याण्डको संसदिय ओम्वुड्सम्यान, जर्मनको National Institute of Human Rights, स्वीटजरलैण्डले Federal Commission Against Racism, वेल्जियमले समान अधिकार र जातीभेद विरोधमा केन्द्रको स्थापना गरेको देखिन्छ । स्वीडेनले त झन बालबालिका, जातीय विभेद, अपाङ्गता, समान अधिकार, लैंगिक विभेदको विषयमा ५ वटा ओम्वुड्सम्यान बनाएको देखिन्छ । भने जर्मन, साइप्रस, डेनमार्क आदि देशले Institute र बेल्जियम, नर्वे आदिले Centre भनी नामाकरण गरेको देखिन्छ ।

पेरिस सिद्धान्तको अवलम्वनबारे एकरुपता र नियमितता भने देखिदैन । पेरिस सिद्धान्तले पिडित व्यक्तिको मानवअधिकारको संरक्षणको सवाल उठाएको छ । तर पनि युरोपकै विभिन्न देशका समुहगत मानवअधिकार उजुरीहरुलाई सुनुवाई गरिने व्यवस्था छ । यसरी हेर्दा युरोपका मानवअधिकार सम्वद्ध संस्थाहरुको कार्यक्षेत्र भित्र पिडित व्यक्ति विशेषको उजुरीले स्थान नपाउने देखिन्छ । पेरिस सिद्धान्तले राष्ट्रिय मानवअधिकार संस्था (आयोग) हरुको स्तर निर्धारण गर्न ६ वटा आधारहरु बनाएको छ ।

१. ब्यापक कार्यादेश र सक्षमता (विश्वव्यापी मानव अधिकार मूल्य र मान्यता अनुसार)

२. स्वायत्तता

३. स्वतन्त्रता संविधानद्वारा सुनिश्चित

४.बहुलता

५. पर्याप्त श्रोत साधन र

६. अनुसन्धानका लागि पर्याप्त अधिकार

यि आधारहरुलाई बिचार गर्दा नेपालका संवैधानिक आयोगहरुसम्बन्धी ऐनले आयोगका अधिकारहरुलाई संकुचन गरेको देखिन्छ ।

संसारमा रहेका मानवअधिकार संस्थाका विविधतालाई विचार गर्दै राम्रा अभ्यासहरुलाई अवलम्वन गर्नु जरुरी हुन्छ । अन्तर्राष्ट्रिय मानवअधिकारका मूल्य, मान्यता र मापदण्डको सम्मान गर्दै नेपालको राजनीतिक प्रक्रियामा सकरात्मक रुपले अवलम्वन गर्नुपर्दछ ।

मानवअधिकार सम्वन्धि सरकारी नीतिहरु :

नेपालको संविधानले विभिन्न जातजाति, समुदाय, धर्म, भाषा र तिनका आस्थाहरुलाई संरक्षण र सम्वर्द्धन गर्ने व्यवस्था गरेको छ । नेपालमा कहिल्यै पनि सरकारी उपेक्षाका कारण सामुदायिक दंगा र मुडभेडको इतिहास छैन । नेपाल सरकारले समाजमा जरा गाडेको जातीय र लैंगिक विभेदलाई अन्त्य गर्न निश्चित समयका लागि आदिवासी जनजाती, दलित, महिलालाई नीति निर्माण, शिक्षा, स्वास्थ्य, प्रशासन र अन्य अवसरका क्षेत्रमा आंशिकरुपमा भएपनि सकारात्मक विभेदको नीति अख्तियार गरेको छ ।

संयुक्त राष्ट्र संघीय सम्मेलन १९९३ बाट निर्देशित भई संयुक्त राष्ट्र संघ विकास कार्यक्रम, बेलायत र स्वीटजरलैण्डको सहयोग नेपाल सरकारले राष्ट्रिय मानवअधिकार कार्ययोजना तयार गरेको छ । देशका नागरिक समाज, मानवअधिकार समुह, कानुनी मञ्चहरु, पेशागत संघहरु, संचार समूहहरु आदिको सहभागितामा अन्तर्राष्ट्रिय कानुन, संयन्त्रहरु र मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणालाई सम्मान गर्दै नेपाल सुहाउँदो मानव अधिकार कार्ययोजना तय गरेको छ । कार्ययोजनाले शिक्षा, स्वास्थ्य, संस्कृति, वातावरण र दिगो विकास, दलित, आदिवासी, महिला, जेष्ठ नागरिक, अपांग, बालबालिकाका अधिकार र विकासलाई विशेष जोड दिईएको पाइन्छ । त्यसै गरी कानुनी र न्यायीक क्षेत्रमा सुधार, द्वन्द्व व्यवस्थापन, श्रम र रोजगार कारागार व्यवस्थापन आदि क्षेत्रमा सुधार गर्दै मानव अधिकार संरक्षण गर्नुपर्ने कुरामा जोड दिईएको छ । नेपालको कानुनले मृत्यूदण्डलाई निषेध गर्दछ । यसले नागरिकको बाँच्न पाउने अधिकार र स्वतन्त्रताको ग्यारेन्टी गर्दछ । नेपालको संविधानले मौलिक अधिकारको रुपमा आफ्नो विचार राख्ने स्वतन्त्रता, पेशा व्यवसाय छनौट गर्न पाउने, काम गर्न पाउने, उद्योगधन्दा गर्न पाउने र सम्पत्ति राख्न पाउने अधिकार, विना हतियार सभा समारोह गर्न पाउने अधिकारलाई सुनिश्चत गरेको छ । यी मौलिक अधिकारहरुलाई सुनिश्चित गर्न सम्पत्ति सम्बन्धि कानुनहरु, यातना सम्बन्धि कानुनहरु, सुचना र व्यक्तिगत मामला सम्बन्धि अधिकार साथै शोषण र भेदभाव सम्बन्धि विभिन्न कानुनहरु बनाएको छ ।

१० औं राष्ट्रिय योजनामा नेपालको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा जनताको आर्थिक र सामाजिक अधिकारलाई विशेष ध्यान दिएको पाइन्छ । यसले सामाजिक र आर्थिक विभेद शिक्षा रोजगार स्वास्थ्य र वातावरणका अधिकारहरुलाई सुनिश्चित गर्ने दिशामा केन्द्रित हुँदै विद्यमान न्याय र प्रशासनीक क्षेत्रमा सुधारको खाँचोलाई औंल्याएको देखिन्छ । साथै, विद्यमान प्रशासनिक र भौतिक संरचनाहरुलाई परिवर्तन गर्न आवश्यक स्रोत र साधन, तालिम, व्यवस्थापनका पक्षहरुमा जोड दिएको छ । यसका लागि राष्ट्रिय मानवअधिकार लगायत दलित महिला, जनजाती आयोगहरु, कानुन मन्त्रालय, न्याय तथा संसदिय मन्त्रालय, अदालतलाई सक्षम र बलियो बनाउन विशेष सहयोग कार्यक्रम र तालिमहरु प्रवन्ध गर्ने कुरालाई बल गरेको पाइन्छ । विशेषतः न्याय क्षेत्रलाई पारदर्शी, सक्षम, निष्पक्ष बनाउन आधुनिक प्रविधिहरुसँग साक्षात्कार गर्ने र उपयुक्त जनश्रोतको व्यवस्थापन गर्ने कुरा उल्लेख छ ।

विशेष गरी नेपालका मानवअधिकार संरचनाहरुमा कर्मचारी नियुक्तिको सम्बन्धमा आयोगलाई स्वायत्तता दिने तर आयोगमा नियुक्त भएका कर्मचारीहरुको छनौट प्रक्रिया सम्बन्धी निष्पक्षता र क्षमताबारे प्रश्न उठिरहेको सम्बन्धमा नियुक्तिको प्रक्रिया निष्पक्ष बनाई योग्य व्यक्तिहरु छनौट हुन सक्ने कुरालाई ऐनबाट नै सुनिश्चित गरिनुपर्दछ । आयोगहरुको बजेट प्रयाप्तताको ग्यारेण्टी गरी नेपालको संसदबाट विनियोजन गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ । भौतिक तथा प्राविधिक संरचना, कर्मचारीहरुको तालिम र अनुसन्धान कार्यमा वाह्य सहयोग आयोगले लिन सक्ने व्यवस्था गरिनुपर्दछ । तर अन्य देशहरुको अभ्यासहरुलाई दृष्टिगत गर्दा त्यसका निमित्त कुनै न कुनै रुपमा सरकारको आधिकारिक निकायसँग समन्वय गरिनु जरुरी हुन्छ । सुरक्षा संयन्त्रमा काम गर्ने सन्दर्भमा अहिले काम

गरिरहेको मानवअधिकार सेलको हैसियतलाई वृद्धि गरिनुपर्ने देखिन्छ । घटनापछि मानवअधिकार उल्लंघन र कारवाही गर्नुपर्ने परिस्थिति सिर्जना हुन दिनुभन्दा मानवअधिकारको सम्मान र सम्वर्द्धन गर्न सुरक्षा निकायभित्र आयोगले विशेष तालिम र चेतनामूलक अभियानहरु सञ्चालन गरिनुपर्दछ ।
राष्ट्रिय मानवअधिकार आयोगलगायतका आयोगहरुले महिलाहिंसा, बेचविखन, बालश्रम र सामाजिक कुप्रथाको रुपमा रहेको छुवाछुत विरुद्ध कडा कानुनहरु निर्माण गरी कार्यान्वयन गर्न र राष्ट्रिय अभियानहरु सञ्चालन निमित्त पहल गर्न जरुरी छ । देशमा गरिवी निवारण र आर्थिक उत्पादकत्व वृद्धि गर्नका निमित्त गरिव, किसान, सुकुम्बासी, कमैया र जोताहालाई जमिनको मालिक बनाई भुमिसुधार सम्बन्धी उपयुक्त कानुनहरु निर्माण गर्न पहल गर्नु पर्ने देखिन्छ ।

## मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको वूतुस्थिति अध्ययन प्रतिवेदन २०७८ को सारसंक्षेप

नेपाली समाजको प्रगतिशील रुपान्तरणका लागि विभिन्न समयमा बहस र संघर्षको परिणाम सामन्तवादको अन्त्य भई पूजीवादमा प्रवेश गरिसक्दा पनि सामन्तवादका अवशेषहरु भने अझै जिवितै रहेका छन् । वि.सं.२०४६ सालपछिको परिवर्तनपछिको खुला वातावरणपश्चात दासप्रथाको अवशेषका रुपमा रहेको हलिया, कमैया, कमलहरी, हरवाचरवा प्रथाका विरुद्ध भएका न्यायपूर्ण आन्दोलन विशेषगरी तत्कालिन कमैयाहरुले घरघरबाट र वस्तिबस्तीबाट गरेको विद्रोह पश्चात तत्कालिन सरकारले २०५७ श्रावण २ गते गरेको कमैया मुक्तिको घोषणा, हलिया आन्दोलनको सम्झौताहिन संघर्षपश्चात २०६५ भाद्र २१ गतेको हलिया मुक्तिको घोषणा र कम्लहरीकोको सामाजिक न्यायको आन्दोलनपश्चात वि.सं.२०७० श्राबण ३ गते मुक्तिको घोषणा ऐतिहासिक कदम थिए । यी सरकारी घोषणाहरु २०४६ साल र ऐतिहासिक जनक्रान्ति २०६२/६३ को परिवर्तनको हिस्सेदार बनाउने उद्देश्यमा आधारित थिए । लोकतान्त्रिक गणतन्त्रका नेतृत्वदायी सबै जसो बाम तथा लोकतान्त्रिक पार्टीका सरकारद्धारा गरिएका प्रयासहरुको विश्लेषण गर्दा उनीहरुको पुर्नस्थापनामा देखिएका त्रुटी हेर्दा चन्द्रशमसेरको पालाको भन्दा कम देखिदैन । मुक्त दासकाबारेमा अध्ययन अनुसन्धान गर्ने एक जना विदेशी विद्वान टिमोथीका अनुसार “सन् १९२५ को दास मुक्तिले मुक्त दासहरुलाई पुनः मालिकमाथि नै अनौपचारिक रुपमा आश्रीत हुने बनायो ।” यो विश्लेषण अहिलेका मुक्त कमैया, हलिया, कम्लरीका सन्दर्भमा समेत लागू हुन्छ । उस्तै समस्याबाट ग्रसित पूर्वी तराईको हरवाचरवाप्रथाका विषयमा त नेपाल सरकार बेखबर भई बसेको अवस्था छ ।
नेपाली राजनीतिमा सामन्तवादी समाजलाई चुनौति दिदै समाज रुपान्तरणका लागि प्रगतिशिल भूमिसुधार, क्रान्तिकारी भूमिसुधार, जसको जोत उसको पोत र वैज्ञानिक भूमिसुधारका नाराहरु ७ दशकदेखि उठ्दै आएपनि केही सुधारका नाममा जग्गा वितरण भए, केही अव्यवस्थितहरु व्यवस्थित भए, सुकुम्वासीको सट्टा हुकुम्वासीको व्यवस्थापन भयो तर हलियाप्रथा, कमैयाप्रथा, हरवाचरवाप्रथा जस्ता प्रत्यक्ष भूमिसुधारसँग जोडिएका सवालहरु राज्य सत्ताको बागडोर सम्हाल्नेहरुको वर्ग दृष्टिकोणको

अभावमा संबोधन हुन सकेनन् । सामन्तवादमा आधारित विभेदकारी सामाजिक संरचनाको विशिष्ट प्रकृति र त्यसभित्र उत्पीडित समुदायको शुन्य उपस्थितिलाई वेवास्ता गरी चालिएका भूमिव्यवस्थाका यसखाले प्रयत्नहरुले यी आधारभूत समस्याको हल हुने संभावना थिएन ।

मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको समस्यालाई सम्पूर्ण रुपमा समाधान नगरी समस्या हल भइसकेको घोषणा गरी गरिव जनताको आधारभूत समस्यामाथि बेवास्ता गरेको गुनासाहरुको संबोधन गर्नुपर्दछ भन्ने मान्यताका आधारमा नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री माननीय शसी श्रेष्ठले आफ्नो प्राथमिकता भूमिव्यवस्थाका आधारभूतवर्गबाट शुभारम्भ गर्ने उद्घोषकासाथ मुक्त कमैया, कमलहरी, हलिया र हरवाचरवा आन्दोलनका अगुवाहरुलाई काठमाडौं मन्त्रालयमा बोलाई समस्याबारे दाहोरो छलफल गरेपश्चात आन्दोलनका प्रतिनीधिहरुको सुझाव तथा सल्लाहका आधारमा यो समस्या सदाका लागि हल गर्न के गर्नुपर्ला भनेर स्थलगत अध्ययन गरेर सरोकारवालाहरुबीच छलफल गरी सरकारलाई सुझाव पेश गर्न संविधान सभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा ५ सदस्य अध्ययन समिति गठन गरिएको थियो ।

आजको परिवर्तित सन्दर्भमा सामन्तहरुको जमिनमाथिको आधिपत्य कमजस्तो देखिए पनि सामन्ती उत्पादन सम्बन्ध नयाँ रुपमा विस्तार भइरहेको छ । जमिनमाथिको द्वैध स्वामित्व, अनुपस्थित भूमिस्वामित्वको प्रचलन र हलिया, कमैया, कम्लहरी, हरवाचरवासहित १० लाख बढी आदिम प्रकारका श्रमिकहरु रहेका छन । एकातिर किसान जमिन र कामको खोजीमा भौतारिरहेका छन भने अर्कातिर नोकरशाह र जग्गा दलालहरुले उत्पादनको साधनको रुपमा रहेको उर्वरा जमिनको करिब २० प्रतिशत जमिन बाँझो रहेको छ । यस्ता मुद्दामा ध्यान दिन नसक्दा आज पनि मुक्त हलिया, कमैया, कम्लहरीको पुनःस्थापनामा अल्झिरहेको छ भने हरवाचरवा त मुक्तिको पर्खामा रहेको छ । यही गाम्भिर्यतालाई ख्याल गर्दै भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शसी श्रेष्ठले समस्याहरुको हल गर्ने प्रतिबद्धतासहित मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा समस्या समाधानका लागि अध्ययन समितिको गठन गर्नु भएको थियो ।

यस अध्ययन समितिको मूल उद्देश्य दुइटा रहेको छ जसमा पहिलो मुक्त कमैया, हलिया, कम्लहरी र हरवाचरवाको समस्या संबोधन गर्न नेपाल सरकारले संचालन गरेका पुनःस्थापन लगायतका कार्यक्रमको हालसम्मको प्रगति, त्यसबाट संबोधन भएका विषय, पुनःस्थापन भएका परिवारको संख्या र अवस्थालगायतको एकिन विवरण तयार गर्ने साथै यस विषयमा प्रदेश सरकार र स्थानीय तहबाट कुनै नीतिगत एवं कार्यक्रमगत व्यवस्था संचालन भए नभएको सो समेत अध्ययन गरी प्रतिवेदन पेश गर्नु र दोस्रो, संबोधन हुन बाँकी रहेका मुक्त कमैया, हलिया, कम्लहरी र हरवाचरवाहरुको एकीकृत विवरण तयार गर्ने, पुनःस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट के कस्तो नीतिगत एवं कार्यक्रमगत व्यवस्था गर्न उपयुक्त हुन्छ स्पष्ट जिम्मेवारी किटान गरी कार्यक्रम कार्यान्वयन कार्य योजना समेत तयार गरी पेश गर्नु रहेको थियो । यही कार्यादेशका आधारमा समितिले विभिन्न समयमा बैठक बसी आफ्नो कार्ययोजना तथा कार्यविधि निर्माण गरी काम सम्पन्न गरिएको छ । कोभिड १९ को महामारी, बजेटको अभाव तथा जनशक्तिको अभावका बीचमा स्वयंसेवी हिसाबले यो काम सम्पन्न गरिएको छ ।

**अध्ययनका निश्कर्षहरु**

## १. मुक्त कमैया तथा कम्लहरी

वि.सं.२०५७ साल श्रवण २ मा ऋण मिनाहसहित कमैया मुक्तिको घोषणापछि कमैयाहरू भूस्वामीको ऋणको सामन्ती बन्धनबाट मुक्त भएका छन् । यसमा उनीहरू खुशी पनि देखिन्छन् । कमैया मुक्तिको घोषणा र पुनर्स्थापनाको कार्यक्रम अघि बढेपछि ती कमैयाहरू जसले घर, जमिन र राम्रो सीपको तालिम पनि पाए, उनीहरूको जीवनमा राम्रो परिवर्तन आएको पाइएको छ । उनीहरू घरजग्गाविहीन बँधुवा श्रमिकबाट घर र जमिन सहितका सीपयुक्त स्वतन्त्र श्रमिकमा रुपान्तरित भएका छन् । सरकारी तथ्याङ्कअनुसार ३२, ५०९ कमैया परिवारले परिचयपत्र पाएकोमा क र ख बर्गका केवल ८४ प्रतिशत) मात्र पुनर्स्थापनायोग्य ठहरिएका छन् । ८३ प्रतिशत कमैया परिवार मात्र पुनर्स्थापित भएका छन् । परिचय पत्र पाएर पनि ग र घ बर्गका १७ प्रतिशत (५४८८ कमैया परिवार) पुनर्स्थापना पाउनबाट बञ्चित भएका छन् । कमैया अगुवाहरूमा आफ्नो हक हितप्रतिको जागरण र राजनीतिक नेतृत्व क्षमता उल्लेख्य मात्रामा बढेको देखिएको छ । केही कमैया अगुवा अहिले प्रदेश उपसभामुख भएका छन्, कतिपय प्रदेशमन्त्री, कतिपय स्थानीय तहका जनप्रतिनिधि भने कोही आफ्नै थारु समुदायका बडघर वा भलमन्सा हुन सफल भएका छन् । कोही गैरसरकारी संगठनका अगुवा भएका छन् ।

गैरसरकारी आँकडाअनुसार जमिन पाउनयोग्य ठहऱ्याइएका २७५७० कमैया परिवारमध्ये केवल २५,१९५ (९१ प्रतिशत) ले मात्र जमिन हासिल गरेका छन् । सबै प्रमाण साथमा भएका परिचय पत्र पाउनयोग्य कमैया परिवारमध्ये ४,४६३ कमैया परिवारले परिचय पत्र पाउनै बाँकी छ । सबै योग्यता पुगेका र सरकारबाट क देखि घ बर्गको परिचय पत्र पनि पाएका कमैया परिवारमध्ये ७३१४ ले पुनर्स्थापनाको प्याकेज पाउन बाँकी देखिन्छ । अर्थात, हरेक पाँचमा एक कमैया परिवार पुनर्स्थापित हुने अवसरबाट बाहिरिएको छ । सरकारी तथ्याङ्क मुताबिक परिचय पत्र पाएर पनि ५,४८८ कमैया परिवार पुनर्स्थापनाको प्याकेज पाउनबाट बञ्चित भएका छन् ।

१. हामीले अध्ययन भ्रमण गरेका लुम्बिनी प्रदेश र सुदूरपश्चिमाञ्चल प्रदेशका सबै क्षेत्रमा वास्तविक रुपमै कमैया रहेका तर कमैयाको कुनै परिचय पत्र नपाएका र कमैया पुनर्स्थापनाको कुनै पनि सुविधाबाट बञ्चित छूट कमैयाहरू ठूलो संख्यामा रहेको पाइएको छ । कतै त बस्तीका बस्ती नै यस्तो समस्याबाट पीडित रहेको देखिएको छ । उदाहरणको लागि कैलालीको बसन्त टोल र गेटा, दाङ्गको मुक्ति नगर आदि ।

२. छूट कमैया यति धेरै हुनुको मुख्य दुईवटा कारण रहेको पाइएको छ : एक, कमैया मुक्तिको घोषणा र पुनर्स्थापनाको थालनीको समयमा सशस्त्र द्वन्द्व चुलीमा रहनुको कारण परिचय पत्र प्रदान गर्न खटाइएका कर्मचारीहरू कैयन् स्थानमा गाउँ बस्तीमा नै नआउनु ; दुई, परिचय पत्र पाउनका लागि कमैया पहिचान गर्न सम्वन्धित जमिन्दारको सिफारीश अनिवार्य गराइनु तर कैयन् जमिन्दारले मोही लाग्ला भन्ने भयले यस्तो सिफारीश गर्न नमान्नु ।

३. कमैया छूट हुनुमा सम्वन्धित कमैया दोषी र जिम्मेवार देखिँदैन । बरु ऐन नियमावलीमा नीतिगत दोष हुनु, त्यतिबेलाको द्वन्द्वरत परिस्थिति तथा यसैको कारण देखाएर गाउँ बस्तीमा सरकारी कर्मचारी नआउने घटना नै मुख्य दोषी देखिन्छ । यसको दण्ड सजायँ मुक्त कमैयालाई दिन मिल्ने देखिँदैन । तसर्थ ढिलै भए पनि छूट कमैयालाई राज्यले न्याय दिनु आवश्यक देखिन्छ । वास्तविक कमैया ठहऱ्याउने आवश्यक तथ्य प्रमाण वा स्थानीय वडाको सिफारीश सहित सबै छूट कमैयालाई एक पटक तथा अन्तिम पटकका लागि अबिलम्व परिचय पत्र र पुनर्स्थापनाको प्याकेज दिन आवश्यक देखिन्छ ।

४. मुक्त कमैयालाई घरबासको लागि जमिन दिइँदा थोरै ठाउँमा मात्र कानुन, नियमावली र कार्यविधि बमोजिम ५ कट्ठा, २ कट्ठा र १ कट्ठा जमिन दिइएको भेटिएको छ । जमिनको अभाव

देखाउँदै दाङ्ग, बाँके, बर्दिया, कैलाली र कंचनपुरका अधिकांश स्थानमा प्रचलित नियम कानुन बिपरीत १६ धुर, १२ धुर र १० धुर मात्र जमिन प्रदान गरिएको भेटिएको छ । केही ठाउँमा त १० धुर भन्दा पनि कम भूमि दिइएको पनि देखिएको छ । जस्तो कोहलपुर नगरपालिकाको वडा नं ११, हरियाली टोल आदि ।

५. हामीले भ्रमण गरेका क्षेत्रमा कमैयालाई प्रदान गरिएको भूमि वितरणमा ठूलो बेथिति र लापरवाही रहेको अध्ययन समितिले भेटेको छ । ती बेथिति र लापरवाहीलाई सारांशमा निम्न कोटिमा बाँड्न सकिन्छ :

- कैयन् स्थानमा जमिनको लालपुर्जा दिइएको तर त्यसको फिल्ड बुक कायम नगरिएको
- कैयन् स्थानमा मुक्त कमैयालाई जग्गा त दिइएको तर जमिन दिइएको दुई दशक ब्यतित हुँदा पनि त्यो जमिन कुन हो र कहाँ हो त्यो यकीन नभएको ।
- कतिपय स्थानमा जमिन दिइएको तर त्यो बगर वा खोलाको किनारमा दिइएको
- केही स्थानमा मुक्त कमैयालाई लालपुर्जा र जमिन दिइएको तर त्यहाँ अरुकै भूस्वामित्व कायम रहेको भेटिनाले कमैया र स्थानीयको बीचमा द्वन्द्व बढेको
- केही स्थानमा मुक्त कमैयासित केवल लालपुर्जा भएको तर त्यो बमोजिम जमिन कतै नभएको
- कोहलपुर नपाको हरियाली टोल बजार क्षेत्रमा दिइएको जमिनमा वास्तविक कमैयालाई ललाई फकाइ केही टाठाबाठा मानिसले, प्रचलित कानुन अनुसार त्यसो गर्न कदापि नमिल्ने भए पनि, जमिनको केही मूल्य दिएर कमैयाले पाएको कोहलपुर बजार छेउको बहुमूल्य जग्गा आफूले लिएर कमैयालाई चाहिँ राप्तीपारि अरु नै स्थानमा पठाइ सकिएको

**ख. मुक्त कम्लरही**

सरकारी आँकडा अनुसार कुल मुक्त कम्लहरीहरू ९४९० रहेका छन् भने गैरसरकारी तथ्याङ्कले यस्तो संख्या १२,७६९ रहेको बताएको छ । सरकारी दर्ता प्रक्रियामै छूट भएका मुक्त कम्लहरीहरू ३२९६ जना रहेको मुक्त कम्लहरी विकास मञ्चको दाबी रहेको छ । मुक्त घोषणा भएको ८ बर्ष बितिसके पनि परिचय प्राप्त गरेका कम्लहरीले संघीय सरकारबाट अहिलेसम्म पुनर्स्थापनाको कुनै पनि प्याकेज भेट्टाएको देखिएन । कम्लहरी मुक्तिको काम गैरसरकारी संस्थाको हो भन्ने दोषपूर्ण दृष्टिकोण र प्रवृत्ति सरकारी निकायमा देखिएको छ । अध्ययन समितिले दाङ्गस्थित लावाजुनी कम्लहरी छात्रावासको निरीक्षण गर्दा त्यहाँ डिप्लोमामा पढ्ने तीनजना कम्लहरीहरूको बिल्लीबाठको स्थिति भेट्टाएको छ ।

**२. मुक्त हलिया :**

२०६५ साल भाद्र २१ मा ऋणको खारेजीसहित हलिया मुक्तिको घोषणाबाट सुदूरपश्चिम प्रदेश र कर्णालीका धेरै हलियाहरू बँधुवा मजदुरको सामन्ती अवस्थाबाट मुक्त भएको पाइएको छ । उनीहरूमध्ये कतिपय, बिशेषतः सडक र शहर बजार विकसित भएको ठाउँ नजिकैका हलियाहरू, ज्यालादारी श्रमिकमा रुपान्तरित भएका छन् । मुक्तिको घोषणासहित पुनर्स्थापनाको प्याकेज प्राप्त गर्न सकेका हलियाहरूमा एक हदसम्म खुशी छाएको देखिएको छ । मुक्त हलियामध्ये कतिपयले घर बनाएको र कतिपय बैकल्पिक रोजगारीमा लागेको भेटिएको छ । नेपाल सरकारको २०७६ बैशाखसम्मको आँकडा अनुसार पुनर्स्थापना कार्यक्रम लागू भएयता २२०३ हलिया परिवारको लागि घर निर्माण भएका छन् भने

१६०१ हलिया परिवारका लागि जमिन खरिद गर्ने काम भएको छ र ८४२७ परिवारको लागि घर मर्मत गर्ने काम भएको छ ।

नेपाल सरकारको भूमिव्यवस्था, सहकारी गरिबी निबारण मन्त्रालयका निवृत्त उपसचिब गोपाल गिरीका मुताबिक परिचय प्राप्त गरिएका कुल हलिया परिवारमध्ये १२ प्रतिशतले क बर्गको परिचय पत्र पाएका थिए भने २७ प्रतिशतले ख बर्गको । त्यस्तै ५ प्रतिशतले ग बर्गको परिचय पत्र भेट्टाएका थिए जबकि ५६ प्रतिशतले घ बर्गको । अध्ययन भ्रमणका क्रममा स्थानीय मुक्त हलियाले हामीलाई बताए अनुसार बाजुराको कोल्टी क्षेत्रका २७ गाबिसमध्ये १६ वटामा हलियाको गणना गर्ने काम नै भएन भने अछाम जिल्लाको ७५ गाबिस मध्ये ९ बाहेक अरु सबै जिल्ला हलिया गणनाबाट छुटे । कर्णाली प्रदेशमा जाजरकोट र सुर्खेत बाहेक अरु कुनै जिल्लामा हलियाको सोधखोज नै गरिएन जबकि दैलेख, सल्यान र हुम्लाका हलियाहरूले पनि हामीलाई आफ्नो जिल्लामा प्रशस्तै हलिया भएको बताए ।

**३. हरवाचरवा प्रथा**

अध्ययन भ्रमणबाट थाहा लागेको छ कि पूर्वी तथा मध्य तराइ अर्थात मधेस प्रदेशमा हरवाचरवा प्रथा अझै बाँकी छ । यो प्रताडनापूर्ण र शोषणयुक्त स्वरुपमा विद्यमान छ । देशको राजनीतिक प्रणालीमा आएको परिवर्तन, पुँजीवादको विस्तार र सडक तथा शहर बजारको बिकाससँगसँगै हरवाचरवाको पुरानो स्वरुप परिवर्तित भएर उनीहरू ज्यालादारी श्रमिकमा रुपान्तरित हुँदै गएको भेटिएको छ । तथापि यो प्रथाको बिकराल र पुरानै स्वरुप ज्यादाजसो धनुषा, सिराहा र सप्तरीमा रहेको पाइएको छ । यति भएर पनि बढी वा कम मात्रामा यसको फैलावट मधेस प्रदेशका सबै जिल्लामा रहेको छ । हरवाचरवा प्रथाबाट मुक्त मधेश प्रदेशको एउटा जिल्ला पनि छैन ।

**अध्ययन समितिका तर्फबाट गरिएको सिफारीशहरू :**

१. *मुख्य उद्देश्य* : कमैया, हलिया तथा हरवाचरवाको मुक्तिको मुख्य उद्देश्य सामन्तवादी कृषिमा आधारित गरिबीले युक्त बँधुवा कृषि श्रमिकलाई बहुआयामिक ढंगले गरिबीमुक्त उन्नत सीपले युक्त स्वतन्त्र श्रमिकमा रुपान्तरित गर्ने कार्यलाई बनाउने । यसको साधनको रुपमा उनीहरुलाई जमिन, आवास, शिक्षा, सीप, स्वास्थ्य र समावेशिताको एकीकृत प्याकेजमा मुख्य प्राथमिकता दिने नीति अंगीकार गर्ने ।

२. *अधिकार सम्पन्न आयोगको गठन* : कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको पुनर्स्थापना सम्वन्धी बाँकी सबै कामको रेखदेख, संयोजन, परिचालन र अनुगमन गर्न बिषयविज्ञ, मन्त्रालयका अनुभवी कर्मचारीहरु र सरोकारवालाको प्रतिनिधित्व रहेको ‘अधिकार सम्पन्न पुनर्स्थापना आयोग’ गठन गर्ने । यस्तो आयोगमा कमैया, कम्लहरी, हलिया र हरवाचरवाको अर्थपूर्णप्रतिनीधित्व रहने गरी संयुक्त समेत हुन सक्नेछ ।

३. *पुनःस्थापनाको एकीकृत प्याकेज* : अब उप्रान्त मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको कुनै काम बाँकी नरहने गरी सबै कामलाई एकीकृत प्याकेजका रुपमा समाधान गर्ने नीति लिने । उक्त एकीकृत प्याकेजभित्र निम्न बिषय अनिवार्य रुपमा सामेल गर्ने नीति अख्तियार गर्नेः

क. *लगत संकलन र परिचय पत्र* : छूटको अन्तिम पटकको लगत लिन र परिचय पत्र समेत प्रदान गर्न स्थानीय तहलाई अधिकार र बजेट बिनियोजन गर्ने ।

*ख. घर निर्माण खर्च* : घरवासविहीन परिवारलाई घर निर्माणका लागि रु ६ लाख प्रदान गर्ने । यस्तै, प्रदेश सरकारले रु ३ लाख दिनुपर्ने नीतिगत निर्णय गर्ने । घर निर्माणको सम्पूर्ण कार्य भने स्थानीय तहमार्फत हुने ।

*ग. भूमि प्रदान गर्ने सम्वन्धमा :*

*भूमि प्रदान गर्न प्रदेशलाई अधिकार प्रत्यायोजन* : संविधानमुताबिक भूमि दिने अधिकार संघसित मात्र रहेकाले र भूमि व्यवस्थापनको अधिकार प्रदेशसित मात्र रहेकाले यसअघि नै परिचय पत्र पाइसकेका कमैया र छुट कमैयालाई भूमि दिने कार्यलाई सहजीकरण गर्न प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्ने ।

*घ.फिल्डबुक कायय गरिदिनेबारे* : भूमि र लालपुर्जा पाएर पनि फिल्डबुकमा नचढाइएका कमैयाहरूको फिल्डबुक कायम गर्नका लागि प्रादेशिक नापी कार्यालय र भूमि व्यवस्थापन कार्यालयलाई निर्देशन दिने तथा यसका निम्ति आवश्यक अधिकार, जनशक्ति र बजेट प्रदान गर्ने

*ग. अनुपयुक्त जमिनको सट्टाभर्ना* : खोला छेउ वा अनुपयुक्त स्थानमा भूमि दिइएकालाई उपयुक्त ठाउँमा भूमि सट्टाभर्नाको व्यवस्था गर्न प्रदेश र स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गर्ने ।

*घ. जो जहाँ छन् त्यहीँको जमिन दर्ता गरिदिने बारे* : ऐलानी, सार्वजनिक वा जंगलको छेउमा बसोबास गरिरहेका मुक्त कमैयालाई एक पटकको लागि त्यो जमिन नापी गरी ऐन अनुसार उनीहरुलाई दिनपर्ने परिमाणमा भूमि र त्यसको लालपुर्जा प्रदान गर्न बन मन्त्रालयसित समेत समन्वय र सहजीकरण गरिदिने । यसका लागि प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालय तथा स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्ने । यसो गर्दा कोही पनि गैरकमैया नपरोस् र प्रमाणका आधारमा मात्र त्यस्तो गरियोस् भन्ने कुरामा ध्यान दिन ध्यानाकर्षण गर्ने ।

*ङ. दिइएको जमिन सम्वन्धी स्वतन्त्रताबारे* : उनीहरुलाई दिइएको जमिन धितो राखी बैंक वा सहकारीबाट ऋण निकाल्न पाउने, कमैयालाई दिइएको जमिन कमैया दम्पत्तिको मृत्युपछि उनका सन्तानका नाममा हक हस्तान्तरण हुन सक्ने र जमिन दिइएको १० बर्षपछि उन्नत रोजगारीका लागि त्यसको बेचबिखन समेत हुनसक्ने नयाँ नीति तर्जुमा गर्ने ।

*च. रोजगारीका लागि कमैयालाई कृषियोग्य जमिन दिने बारे* : कुनै परिवार कृषिलाई आफ्नो मुख्य बनाउन चाहन्छन् भने परिचय पत्र प्राप्त गरेकालाई अविलम्व एक एकीकृत बाधाश्रम निषेध ऐन बनाई ग्रामीण क्षेत्रमा ५ कट्ठा, राजमार्ग तथा यसको छेउछाउमा कम्तीमा २ कट्ठा वा शहरी क्षेत्रमा घटीमा १ कट्ठा भूमि प्रदान गर्ने ।

*छ. ललाइ फकाइ लिइएको जमिनबारे* : उनीहरुलाई प्रदान गरिएको जमिन अरु कसैले फकाइ गैरकानुनी ढंगले कागज बनाई किनेको/लिएको स्थिति जहाँ जहाँ रहेको छ त्यहाँ त्यो किनबेच र कागजात तुरुन्त बदर हुने र जमिन स्वतः सम्वन्धित व्यक्तिको हुने नीतिगत व्यवस्था गर्ने ।

*ज. राष्ट्रिय भूमि आयोगमार्फत पनि भूमि प्रदान गर्न सकिने*बारे : राष्ट्रिय भूमि आयोग सम्वन्धी कार्यविधिमा कमैयाको पनि नाम उल्लेख गर्ने र द्रुत गतिमा २ महिनाभित्र भूमि दिने स्थिति भएको खण्डमा कमैयालाई भूमि प्रदान गर्ने सम्वन्धी कार्य मात्र राष्ट्रिय भूमि आयोग मार्फत पनि गर्न सकिने नीति तर्जुमा गर्ने । मुक्त कमैया, सुकुमबासी तथा भूमिहिनको समस्या भिन्न भएकाले यसलाई एकै ठाउँमा नगाँसी अलग अलग रुपमा हेर्ने नीति लिने ।

*झ. रोजगारीका सीप तालिम बारे* : कृषि बाहेक अन्य रोजगारी गर्न इच्छुक परिवारलाई ३ महीनाभन्दा लामो मध्यकालीन र दीर्घकालीन सीप तालिम प्रदेश सरकारले र तीन महीना र सोभन्दा छोटो अवधिको सीप तालिम स्थानीय तहले गर्ने । सीप तालिमपछि कम्तीमा रु १ लाखको बीउ पुँजी, आवश्यक औजार, तालिम अवधिको परिवारबृत्ति प्रदान गरिनु पर्ने ।

ञ. रोजगारीको तालिमको लागि एकातिर सिटिइभिर्टीलाई यस क्षेत्रमा कार्य गर्न प्रदेश र स्थानीय तहमा समेत कार्यालय खोल्न निर्देशित गर्ने । अर्कोतिर, रोजगारी तालिम र तालिमपछि रोजगारी

प्राप्त गर्नका लागि सहयोग गर्न संस्थागत रुपमा दुबै तहमा रोजगार प्रवर्द्धन केन्द्र र रोजगार सम्पर्क केन्द्रको समेत व्यवस्था गर्ने ।

*ट. मुक्त समुह र सहकारीलाई उच्च प्राथमिकता* : मुक्त समूहहरूले सहकारी वा समुह बनाएर स्वरोजगारीका लागि उद्यम व्यवसाय वा सामुहिक खेती गर्न खोज्छन् भने त्यसलाई रु १ करोडको घुम्ती कोष, तथा सहुलियत ब्याजदरमा बिना धितो ऋण एबम् अनुदानमा ५० प्रतिशत थप गरिदिने व्यवस्था गर्ने । उसले किन्ने मेशिनरी, ट्रयाक्टर, र यातायातका साधनमा भन्सार महशुल छुट दिने नीतिगत निर्णय गर्ने ।

*ठ. शिक्षामा सहज पहुँचका लागि :* स्थानीय सरकारको क्रियाशीलतामा मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा परिवारका हरेक सन्तानलाई माध्यमिक तहसम्म कुनै पनि विद्यालयले कुनै पनि प्रकारको शुल्क लिन नपाउने कुरा सुनिश्चित गर्ने । *प्राविधिक र ब्यावसायिक शिक्षामा २ % आरक्षित सीटको व्यवस्था* गरी डाक्टर, इञ्जिनीयर, नर्स, पारामेडिकल, पाइलट, कृषि शिक्षा, भेटेनरी, वा यस्तै बिषयमा प्रदेशको सीमा क्षेत्रमा पर्ने कुनै पनि ब्यावसायिक वा प्राविधिक शिक्षालय वा पोलिटेक्निकल विद्यालयमा कुल सीटको २ प्रतिशत सीट कमैया परिवारका सन्तानका लागि आरक्षित हुनुपर्ने । यो नीति विदेशबाट सो बिषयमा प्राप्त हुने छात्रवृत्तिमा पनि लागू हुने । *शून्य ब्याजदरमा शैक्षिक ऋणको ब्यवस्था गरी* आरक्षित सीटले अपुग भएमा र बढी कमैया परिवारका सन्तानलाई ब्यावसायिक र प्राविधिक शिक्षा हासिल गर्ने इच्छा भएमा रोजगारी पाएपछि किस्तामा तिर्ने गरी शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको समेत ब्यवस्था गर्ने ।

ड. आधारभूत स्वास्थ्य सेवामा पहुँचका लागि : *बृहत्र स्वास्थ्य बीमाको ब्यवस्था गरी* सबै ठूला साना रोगको उपचार सम्भव हुने गरी हरेक कमैया परिवारको अनिवार्य र बृहत् स्वास्थ्य बीमाको ब्यवस्था गर्ने । यसका लागि संघीय सरकारले ६० प्रतिशत प्रिमियम खर्च ब्यहोर्ने । बाँकी २०-२० प्रतिशत प्रदेश र स्थानीय तहले ब्यहोर्ने नीतिगत ब्यवस्था गर्ने, *हेल्थपोस्ट वा नियमित घुम्ती स्वास्थ्य क्लिनिक/डाक्टरको ब्यवस्था* गरी अस्पताल नजिकै नभएका सबै कमैया बस्तीमा खोपको सुविधासहित हेल्थपोस्ट वा नियमित घुम्ती स्वास्थ्य क्लिनिकको ब्यवस्था गर्ने । निकै साना कमैया बस्तीमा समेत नियमित घुम्ती डाक्टरको नीतिगत ब्यवस्था गर्ने, *महिला स्वयम्सेविकाको ब्यवस्था* गरी सबै कमैया बस्तीमा आम स्वास्थ्य जागरणको काम गर्न, ज्वर, ब्लड प्रेसर र अक्सीजन लेभलको जाँच गर्न, साथै सुँडिनीको समेत काम गर्न अनिवार्य रुपमा कम्तीमा एकजना महिला स्वास्थ्य स्वयम्सेविकाको ब्यवस्था गर्ने । यस्तो संख्या क्रमशः बढाउँदै लैजाने र *बस्तीमा स्वच्छ खानेपानीको प्रबन्ध गर्ने*

*च.राजनीतिक र सामाजिक समावेशिताको ब्यवस्था : सरकारी कार्यालयको नोकरीमा मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवालाई प्राथमिकता* दिने, *दल र हरेक तहको जनप्रतिधि तथा उम्मेदवारीमा कमैया प्रतिनिधित्व* दिने, *समुदायका समितिमा कमैयाको समावेशी प्रतिनिधित्व :* कमैयाको बस्ती रहेको हरेक स्थानमा बन ब्यवस्थापन समिति, विद्यालय ब्यवस्थापन समिति र स्थानीय विकास निर्माण समितिमा अनिवार्य रुपमा हलिया प्रतिनिधित्वको ब्यवस्था गर्ने ।

अन्त्यमा कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण तथा औद्योगिकीकरण गरेर राष्ट्रिय पूजीको निर्माण तथा विस्तार नगरी सामन्तवादको उत्पादन सम्बन्ध र उत्पादन प्रणालीको अन्तय गर्न संभव छैन । सामन्तवाद मार्फत प्रवेश गरेको साम्राज्यवाद र आजको दलाल पूजीवादबाट यस क्षेत्रलाई मुक्त गरेर मात्र औदोगिकीकरणको ढोका खोल्न सकिन्छ । यस कामको शुभारम्भ मुक्त घोषित कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको वैज्ञानिक व्यवस्थापन तथा पुनःस्थापनबाट मात्र संभव हुन सक्छ र वैज्ञानिक भूमिसुधारको ढोका पनि यहीबाट खुल्न सक्छ । त्यसैले नेपाल

सरकारले यस क्षेत्रमा सकारात्मक विभेदको नीतिको अवलम्बन गर्दै अघि बढ्नुको विकल्प छैन । गरिवी निवारणको ढोका पनि यसै क्षेत्रबाट खोल्न संभव छ । त्यसैले भूमिसुधारको मूल अन्तरवस्तु सामन्तवर्गलाई निरुत्साहित गर्दै मध्यम वर्गलाई आशावादी बनाउँदै र मुक्त घोषित कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा जस्ता साना तथा भूमिहिन किसानहरुलाई उत्साहित बनाउने गरी विशेष अभियानमार्फत यस्ता समस्याको समाधान सधैंका लागि सबैका लागि बनाउने सबैको सहयोग तथा साझेदारीको अपेक्षा गरिएको छ ।

## नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट २०७८ मा दलित सवाल

**पृष्ठभूमि :**
नेपालमा बजेट प्रस्तुतिको शुभारम्भ राणा शासनकालको अन्त्यसंगै गठन भएको २००८ को सुबर्णशम्सेर अर्थमन्त्री भएको सरकारदेखि भएको पाइन्छ । यो क्रममा २०१३ सालदेखि भने योजनाबद्ध रुपमा पंचवर्षीय योजनाको थालनी भएपछि सोही अनुसारको नीति तथा कार्यक्रम र बजेट आउन थालेको हो । बजेटको शुरुवात २०१३ देखि भएको भएपनि बजेटमा दलित लक्षित कार्यक्रम भने पंचायतकालभरि नै कहिल्यै आएन । दलित जस्ता समुदायका लागि गरिवी उल्मुलन, शिक्षा, स्वास्थ्य जस्ता कार्यक्रमहरु समग्रमा विपन्न समुदाय भनेर संबोधन हुने गर्दथ्यो । आज पनि कतिपय सरकारका अर्थमन्त्रीलाई तिनै अवधारणाको भूत सवार भएको पाइन्छ । आ.व. २०२८/२९ को बजेटमा दलितका विजेश्वरी छात्रावासका लागि पहिलो पटक १ लाख रुपियाँ विनियोजन भएको पाइन्छ । ऐतिहासिक जनआन्दोलन २०४६ पछिका सरकारले पनि दलितबारे स्पष्ट कार्यक्रम ल्याएको पाइदैन । ९औं पंचवर्षिय योजना २०५४-२०५९ को पहिलो आव २०५३५३ को बजेटमा शिक्षामा दलित छात्रवृति भनेर रु.५ करोड विनियोजन मात्र गरिएन तत्कालिन स्थानीय विकास मन्त्रालय अन्तरगत रहने गरी उपेक्षित उत्पीडित र दलित वर्ग विकास समितिको गठन गरियो । त्यसको केही वर्षपछि २०५८ सालमा राष्ट्रिय दलित आयोगको गठन गरियो । राष्ट्रिय दलित आयोगको गठन संगै दलित मुद्दा राष्ट्रिय स्तरमा अस्वीकार गर्न नसकिने मुद्दाका रुपमा स्थापित भइसकेको सन्दर्भमा आव २०६३/६४ देखि २०६६/६७ को त्रिवर्षय योजनामा दलितको संबोधन एक महत्वपूर्ण सवाल बनेर आएको देखिन्छ । त्यसपछि सबै जसो सरकारले दलित मुद्दाको संबोधन गर्न चाहेपनि औसतमा संबोधन गर्न खोजेको देखिन्छ विशिष्ट ढंगले होइन । यस परिघटनाले एकातिर मन्त्रीपरिषदमा दलितको प्रतिनीधित्वलाई पनि महत्वकासाथ हेरिन थाल्यो भने बजेट निर्माण प्रक्रियामा पनि दलित सहभागिता विगतकोभन्दा बढ्न थाल्यो ।
बजेट भनेको आर्थिक-सामाजिक अवस्थाको प्रतिबिम्ब हो, जनताका आवश्यकता पूरा गर्ने र सबैलाई आशा जगाउने कार्यशृंखला हो□। बजेट कार्यान्वयन हुँदा सर्वसाधारणको भावना परिचालित भएको महसुस हुनुपर्छ□। बजेटले आर्थिक वृद्धि र सामाजिक न्याय कायम गर्दै मूल्यवृद्धिलाई अपेक्षित सीमामा राख्नुपर्छ□। बजारलाई बढाउनु, तर मूल्य नियन्त्रण गर्नु बजेटको काम हो□। प्रत्येक वर्षको बजेट विशिष्ट आवश्यकता, खास समस्या र अवसरमा उभिएको हुन्छ□। बजेटले पहिलो, सर्वसाधारणको हित विस्तार गर्ने सामाजिक दायित्व दोस्रो, सामुदायिक सहमति निर्माणको दायित्व□। तेस्रो, विभिन्न वर्ग-क्षेत्रको चाख संयोजन-सन्तुलन गर्ने सामाजिक दायित्व, चौथो, स्रोत-साधन र आर्थिक नीतिप्रति जवाफदेहिताको वित्तीय दायित्व, पाँचौं, 'ननस्टेट एक्टर' परिचालित हुने वातावरण निर्माणको नीति

दायित्व, छैटौं, राष्ट्रिय अर्थतन्त्र मजबुत बनाउँदै विश्व अर्थतन्त्रका लाभहरू आन्तरिकीकरण गर्ने दायित्व र सातौं, अर्थतन्त्रलाई स्वचालित रूपमा नवप्रवर्तन अभिमुख गराउने दायित्व□पूरा गरेको हुन्छ। त्यसैले बजेट भनेको आकांक्षाको सूची मात्र होइन, यो सार्थक उपलब्धिको खाका हो□।

**बजेट र दलित सवाल**

बजेट स्रोत आकलनको वास्तविकता, नीतिको प्राथमिकता, खर्च कार्यक्रमको सामर्थ्य, नीति लक्ष्यको किटानी, आर्थिक अनुशासनको स्वचालित प्रक्रिया, प्रभावकारी विवेचना एवं सहजीकरण, राज्य संयन्त्रभन्दा बाहिरका पात्रहरूको परिचालन, लाभग्राहीबाट नीति तथा कार्यक्रमप्रति अन्तरबोधजस्ता विषय हुन । प्रत्येक पछिल्लो बजेटले मानक स्थापना, कार्यान्वयन, नतिजा उत्पादन, जवाफदेहिता, आर्थिक उमंग सिर्जना र प्रवर्तनका सन्दर्भमा अघिल्लोलाई उछिन्नुपर्छ□। दलित समुदायको दृटिमा यस्तो मानकस्थापना भएको देखिदैन । त्यसैले बजेटको निगरानीको लागि राष्टिय दलित नेटवर्कले आफ्नो स्थापनाकालदेखि बजेटमा जनवकालतका लागि बजेट विश्लेषण गर्दै आएको छ ।

**बजेट विश्लेषणको आवश्यकता र महत्व :**

राज्यले ल्याउने बजेट भनेको केवल राज्यसत्तामा बस्नेहरुको लागि मात्र नभई समाजको आधारभूत वर्ग उत्पीडित दलित समुदायको स्वामित्व स्थापित गर्ने खालको हुनुपर्दछ भन्ने मान्यताका आधारमा दलित समुदायको चासो बजेटप्रति बढ्दै गएको हो । राज्यलाई जिम्मेवार बनाउँदै बजेटप्रतिका दलित हिस्सेदारी बढाउन राज्यले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा दलितहरुको सहभागिाता र हिस्सेदारी बढाउन यो बजेट विश्लेषण गरिएको हो । यस कार्यले दलित सम्बन्धीका नीतिहरु बुझ्ने र त नीतिहरुको समग्र नीति तथा कार्यक्रम र बजेटसंग तुलना गर्न सहयोगी सिद्ध हुने हुन्छ । नेपालको संविधानमा सूचनाको हक सुनिश्चित गरिएको छ । त्यसैले बजेट विश्लेषणले कुन शिर्षकमा कति बजेट छुटयाइउको छ र त्यो कसरी खर्च भयो भन्ने जानकारी हुनुले दलित समुदायल् ती कार्यक्रम र बजेटको खर्च प्रक्रियाको अवगत हुनुको साथै आर्थिक सशक्तिकरण हुने निश्चित छ ।

**आर्थिक वर्ष २०७८/७९ को बजेटमा दलित :**

नेपाल सरकारको आ.व.२०७८/७९ को बजेटको मूल उद्येश्य सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । त्यसैगरी बजेटको प्राथमिकतामा सबैप्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासको प्रतिफलमा न्यायपूर्ण पहुंच बृद्धि गर्ने उल्लेख गरिएको छ । आर्थिक वर्ष २०७८/७९ को बजेट कोरोना महामारीको बीचमा नै आएको थियो । यो बजेटले मूलतः कोभिड-१९ को प्रभावमा केन्द्रीत रहेको देखिन्छ । बजेट एकातर्फ जनताको जीवन बचाउनुपर्नेमा केन्द्रीत छ भने अर्कातर्फ सरकारको नियमित प्रक्रियालाई निरन्तरता दिनुपर्नेमा केन्द्रीत देखिन्छ । समग्र देश कोभिडको महाचपेटामा परेका बेला दलितहरू त्यसबाट अछूतो रहने कुरै भएन । त्यसैले कोभिड केन्द्रीत बजेटमा दलितको संबोधन मूल चासोको विषय बन्नु स्वाभाविक हुन्छ । महामारी र विपतले कसैलाई भेदभाव नगर्ने भएतापनि जो पहिलेदेखि नै जोखिमपूर्ण अवस्थामा छन् उनीहरूलाई झन बढी असर र आपत पार्ने कुरा भने कोभिड महामारीले पुष्टी नै गरेको छ । विगतमा राहतमा राजनीति र विपदमा विभेद भएको विभिन्न घट्नाक्रमले स्पष्ट पारिसकेको छ । त्यस आधारमा बजेटले दलितहरूलाई विशेष ध्यान दिनुपर्ने हो । तर बजेट त्यसतर्फ केन्द्रीत भएको देखिदैन ।

नेपालको संविधानको धारा ४० को उपधारा १ देखि ७ सम्म दलितको लागि विशेष व्यवस्था गरेको छ । उपधारा ३ मा दलितको परम्परागत सिपको प्रबर्द्धन तथा रोजगारीको सुनिश्चितता गरेको छ । संभवतः त्यसलाई सम्बोधन गर्नको लागि दलित समुदायको परम्परागत सिप पेसालाई आधुनिकीकरण एवं

प्रवर्द्धन गर्न भगत सर्वजीत शिल्प उत्थान तथा विकास केन्द्र स्थापना गर्ने उल्लेख गरिएको देखिन्छ । त्यसैगरी नेपालको संविधानको धारा २४ ले जातीय छुवाछूत विरुद्धको हक सुनिश्चित गरेको छ, त्यसलाई सम्बोधन गर्न प्रधानमन्त्रीको नेतृत्वमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन कार्यान्वयन उच्चस्तरीय समिति गठन गरिने र प्रत्येक वर्ष जेठ २१ गते जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस मनाइने भन्ने विगतको नीतिलाई यस वर्षको बजेटमा निरन्तरता दिन आवश्यक ठानिएको देखिदैन ।

बजेटको बुंदा नंबर ११५ मा अब कोही भोकै पर्दैन भोकले कोही मर्दैन, खाद्य एवं पोषणको पहुंच विस्तार..., खाद्य उपलब्ध गराई भोकमरीको अन्त्य गरिने उल्लेख गरिएको छ । त्यसैगरी बुंदा नंबर १३८ मा भूमिसम्बन्धी .....भूमिहिन दलितलाई जग्गा दर्ता प्रमाण पुर्जा वितरण गरिनेछ । यसका लागि रु.६८ करोड विनियोजन गरिएको छ । परानो कार्यक्रमलाई निरन्तरता दिदै दलित समुदायको परम्परागत सीप कला र पेशाको ......सबै प्रदेशमा भगत सर्वजीत शिल्प उत्थान तथा विकास कार्यक्रम संचालन गरिने भनिएको छ । तर यसको कार्यान्वयनका विषयमा दलित आन्दोलनका तर्फबाट दिइएको सुझाव संबोधन गरिएको छैन । यही कार्यकालमा मुक्त हलिया तथा कमैया पुनःस्थापनाका लागि रु.२ अर्ब रकमलाई सही ढंगले कार्यान्वयन नगरी असाढ मशान्तमा स्थानीय सरकारको खातामा पठाइ दिएर फ्रिज गरेको कुरा जति आलोचना गरिए पनि कम हुन्छ ।

**नीति तथा कार्यक्रम र बजेटमा दलित सवालको संबोधन :**

नेपालको बजेट इतिहासमा दलित समुदायको विषयमा स्पष्ट उल्लेख हुन थालेको नवौं पंच वर्षिय योजनाबाट भएको भएपनि तत्कालिन नेकपा एमालेको २०५१ को ९ महिने सरकारका भरतमोहन अधिकारीले दलितका लागि पहिलो पटक प्राथमिक तहमा अध्ययन गर्ने दलित बालबालिकाका लागि प्रोत्साहन होस भनेर ५० रूपैयाँको व्यवस्था गरिएको थियो । हाल आएर सो रकम ४५० रूपैयाँसम्म भएको थियो । तर प्लस टुको प्रणाली लागू भएपछि सो छात्रवृतिको निरन्तरता भएको देखिदैन । देशको गरिबी २५.२ प्रतिशत हुँदा दलितको गरिबी ४२ प्रतिशत थियो, अहिले सरकारले १९.२ प्रतिशतमा झरेको दाबी गरेको छ । यदि त्यसो हो भने दलितको गरिबी अहिले पनि ३६ प्रतिशतको हाराहारीमा भएको अनुमान गर्न सकिन्छ । यो भनेको नेपालका कुनै पनि अन्य सीमान्तकृत समुदायको भन्दा बढी हो । अतः सामाजिक न्यायका हिसाबले पनि दलित केन्द्रीत बजेट हुनु नितान्त आवश्यक छ । त्यसमाथि नेपालको संविधानको धारा २४, धारा ४० र धारा ४२ ले सुनिश्चित गरेको मौलिक हक कार्यान्वयन गर्न पनि बजेट हुन आवश्यक छ ।

विगतका बजेटमा जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसुर न्यूनीकरण सम्बन्धी कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गरिने, पिछडिएका लोपोन्मुख वर्ग तथा दलितहरूको परम्परागत पेसालाई व्यावसायिक सहकारीमा संगठित गरी आधुनिक व्यवसायमा रूपान्तरण तथा प्रवर्द्धन गर्न सहकारीमार्फत प्रोत्साहित गरिने, जनता आवास कार्यक्रमलाई निरन्तरता दिइ दलित केन्द्रीत गर्ने, दलित बालबालिकालाई सबै विषयमा उच्चशिक्षा निःशुल्क हुने व्यवस्था मिलाइने र यस प्रयोजनका लागि उत्प्रेरणा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने, वादी, हलिया, बालीघरेप्रथा, हरवाचरवा, गन्धर्व, मुसहर, डोम, चमारलगायत अति सीमान्तकृत समूहका बालबालिकालाई विद्यालय छनोट गरी पढ्न पाउने अवसर उपलब्ध गराउन भौचरमा आधारित अध्ययन अनुदानको व्यवस्था मिलाइने र विजेश्वरीस्थित सहर्षनाथ कपाली छात्रावासलाई स्तरोन्नति गरी सुविधा सम्पन्न बनाइने लगायतका दलितमुखी कार्यक्रमहरु बजेट सहित आएका थिए । तर ती कार्यक्रमहरु कार्यान्वयनमा आउन नपाउँदै सरकार फेरिने वितिकै बीचैमा हराउने गरेको देखिन्छ । यस बाहेक थप कार्यक्रमहरुमा दलितले उत्पादन गरेका

वस्तुको औद्योगिक प्रदर्शनीका लागि बजेटको व्यवस्था गर्ने, दलितका सीप, कला र पेशासंग सम्बन्धित उद्यम स्थापना संचालनका लागि सरकारले वित्तीय सहायताको लागि अनिवार्य बजेटको व्यवस्था गर्ने, दलितले संचालन गरेका उद्यमका लागि आवश्यक कच्चा पदार्थ, मेशिन उपकरण आयातमा कर छुटको व्यवस्था, उत्पादित वस्तुमा भ्याट छुट तथा बजारीकरणमा समन्वय संरचनाको स्थापना कार्यक्रम लागु गर्ने, दलितका कला संगीतको कार्यक्रमका लागि ठोस कार्ययोजना हुनुपर्ने, दलित वस्तीमा ग्रामिण पर्यटन तथा होम स्टे संचालनका लागि कार्यक्रम तय हुनुपर्ने, दलितले उत्पादन गरेका सामाग्रीको निर्यात प्रबर्द्धनका लागि प्रोत्साहन कार्यक्रम संचालन गर्नुपर्ने, दलित उद्यमीका लागि Interprenureship.fair मा Explore को लागि वार्षिक बजेट विनियोजन हुनुपर्ने, दलितले परम्परादेखि अप्नाउँदै आएका सीप कला पेशासंग सम्बन्धित उत्पादनको Patent Rights लगाू गरी सोबाट प्राप्त कोषले दलितको उद्यम प्रबर्द्धन लगानीको कार्यक्रम संचालन हुनुपर्नेलगायतका कार्यक्रमहरुको सुझाव दिइएको थियो तर त्यसतर्फ नेपाल सरकारले यो वर्ष पनि तयार भएको पाइएन ।

नेपाल सरकारले ल्याएको यस वर्षको बजेट विल्कुल अधिकार क्षेत्रभन्दा बाहिर छ । प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई मानमर्दन गर्ने खालको देखिन्छ । भने संविधानको मर्म र भावना विपरित समावेशी बजेट आएको देखिदैन । जबकि सार्वजनिक खर्च पुनरावलोकन आयोगको हबला दिएर संघीयताका नाममा दलित विकास समिति र बादी विकास समितिका लागि छुटयाउँदै आएको बजेट शुन्यमा ल्याइएको छ तर ती संरचनाहरु विघटन गर्ने वा नगर्ने स्पष्ट पारिएको छैन ।

संघ र प्रदेश, प्रदेश र स्थानीय तह तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयसँग सम्बन्धित बृहत लगानी र अन्तरप्रदेश प्रभावित आयोजना संघले गर्ने, अन्तर स्थानीय तह प्रभावित आयोजना प्रदेशले गर्ने र अन्य स्थानीय तहमा हस्तान्तरण गर्ने भनिए पनि त्यस क्षेत्रमा दलित जस्ता समुदायका विषयमा कुनै विशिष्टीकरण गरिएको देखिदैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रधानमन्त्री रोजगार कार्यक्रम राष्ट्रिय सरकारलाई हस्तान्तरण गर्नुपर्ने सुझाव सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको छ । यति मात्र हैन, केही वर्षदेखि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम राखेर मन लाग्दी किसिमले योजनाहरु बाँड्ने पनि गरिएको छ । यस कार्यक्रममा रु १० अर्व बजेट छ । विवादस्पद प्रधानमंत्री रोजगार कार्यक्रममा रु १२ अर्ब छ । यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने तर सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफरिशलाई आधार बनाएर ५ करोड जति खर्च पनि नहुने दलित विकास समिति र वादी विकास बोर्ड खारेजीको अवस्थामा पुरयाइएको छ ।

संघीय सरकारले बजेट ल्याउँदा सामाजिक आर्थिक रुपान्तरणमा सहयोग पुग्ने रणनैतिक महत्वका ठूला-ठूला परियोजना र कार्यक्रम ल्याउनु पर्ने हो । मध्यम स्तर र साना योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले ल्याउनु पर्ने हो तर, बजेटको अधिकांश हिस्सा स-साना र टुक्रे योजनाहरुमा नै केन्द्रित छ । स्थानीय र प्रदेशका कार्यक्रम र योजनाहरुमा दोहोरोपना हुने गरी बजेट ल्याइएको छ । बजेट तर्जुमा गर्दा प्रदेश र स्थानीय तहसँग घनीभूत रुपमा छलफल गरिएको पाीइएन । दलित जस्ता समुदायले स्वामित्व लिने गरी विकास कार्यक्रम र योजनाहरु ल्याइएको छैन । सहभागितामूलक योजना तर्जुमा गर्ने पद्धतिलाई अंगिकार गरिएको छैन ।

स्थानीय तहमा अहिले पनि ठूलो मात्रामा कर्मचारीको समस्या छ । कयौ वडाहरूमा वडा सचिव समेत छैनन । प्राविधिक जनशक्तिको त्यत्तिकै समस्या छ । स्थानीय तहलाई आवश्यक न्यूनतम पूर्वाधार (कर्मचारी, कानून, कार्यालय भवन, आदि) पुर्‍याउनमा गम्भिरतापूर्वक ध्यान दिनु त कता हो कता, उल्टै औचित्य तथा आवश्यकताभन्दा पनि जबरजस्त रुपमा सशर्त अनुदान थुपारिएको छ । यसबाट के पुष्टी हुन्छ भने जब बजेट संविधान विपरित अराजक ढंगले बनाउन सकिन्छ भने दलित समुदायको लागि

बजेट विनियोजन नगर्नु केवल नियत बाहेक केही देखिदैन । सात वटै प्रदेश र सबै जसो स्थानीय तहबाट समेत आर्थिक सामाजिक रुपान्तरणका कार्यक्रमहरुको अपेक्षा गरिएको थियो तर तिनले पनि दलितमैत्री विशिष्ट कार्यक्रमहरु र बजेट विनियोजन गरिएको पाइदैन ।

**अनुसुची खण्ड क (प्रेश बिज्ञप्ती)**

***Reg. No. 681*** ***SWC Aff. No. 15556***

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागिः

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

## Rastriya Dalit Network (RDN) Nepal

**केन्द्रीय कार्यालय, धनगढी कैलाली**

**प्रेश बिज्ञप्ती**

**बुटवल मोतिपुर घट्नाको सत्यतथ्य छानवीर गर**

रुपन्देही जिल्लाको मोतिपुर औद्योगिक क्षेत्रमा अस्थायीरुपमा बनाइएका टहराहरु भत्काउन खोज्दा त्यहाँ बसोवास गर्दै आएका सुकुम्बासी र प्रहरीबीच झडप हुंदा सुरक्षाकर्मीले चलाएको गोलीबाट ४ जना सुकुम्बँसीको मृत्यु भएको छ भने ३१ जना बढी घाइते भएका छन् । नेपाली जनताले आफ्नो राष्ट्रिय पर्व मनाइरहेको बेला घटाइएको यस अमानवीय घट्नाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । हामी यस घट्नाको घोर निन्दा तथा भर्त्सना गर्न चाहन्छौं ।

नेपालको संविधानको धारा ३७ (२) मा आवासको हक अन्तरगत कसैलाई पनि वासस्थानबाट हटाउन पाइने छैन भन्ने स्पष्ट मौलिक हकको व्यवस्था गरेको छ । साथै, भूमिहिन सुकुम्बासीलाई जग्गा

उपलब्ध गराउन तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि आयोग गठन भइ सकेको सन्दर्भमा दशैंको मुखमा मानवीय संवेदनासमेत प्रदर्शन नगरी ४ जनाको ज्यान जाने गरी घटाइएको यस घट्नामा सरकारले मान्छेले बाँच्न पाउने अधिकारको हनन् गरेको छ । यस अमानवीय घट्नाको सत्यतथ्य छानवीन गरी समाधान खोज्न एक छानवीन समिति गठन गर्न, दोषीमाथि कार्वाही गर्न र मृतकका परिवारहरुलाई आवश्यक क्षेतिपूर्ति प्रदान गर्न तथा घाइतेहरुको निःशुल्क उपचार गर्न जोडदार माग गर्दछौं ।

**मिति : २०७८ असोज २५ गते**

**गणेश बि. के.**
**केन्द्रीय अध्यक्ष**

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागि:

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

## Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, धनगढी कैलाली

**प्रेश बिज्ञप्ती**

**संविधान दिवस २०७८ को शुभकामना ।**

नेपालको संविधान जारी भएको सातौं वर्षमा प्रवेश गरेको छ । हामी नेपालीहरु हरेक वर्ष असोज ३ गतेलाई संविधान दिवस तथा राष्ट्रिय दिवसको रुपमा मनाउँदै आएका छौं । सर्वप्रथम ७औं संविधान दिवस तथा राष्ट्रिय दिवसको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिवहिनीहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माणका लागि भएका विभिन्न आन्दोलनको क्रममा अमूल्य जीवन गुमाउनु हुने ज्ञात अज्ञात शहीदहरूप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

नेपाली जनताको ७ दशक लामो सम्झौताहिन संघर्षको बलबाट प्राप्त उपलब्धिका रूपमा संविधान सभाबाट सङ्घीय लोकतन्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको हो । लोकतन्त्रका सर्वस्वीकार्य मान्यता, मानवअधिकार र सामाजिक न्याय, राज्यको अग्रगामी रुपान्तरण र अग्रगतिका आधारभूत सिद्धान्तहरुलाई आत्मसात गरेको संविधान जारी गर्न एक मानवअधिकार नागरिक संगठन हुनुको नाताले हाम्रो संगठनकातर्फबाट सबै तहका साथीहरुले निर्वाह गरेको ऐतिहासिक भूमिकाप्रति हामी गौरव गर्दछौं ।

नेपालको संविधानको प्रस्तावनामा जातीय छुवाछूत र विभेदको समूल अन्त्य गर्ने कुरा रहनु, मौलिक हकमा दलित समुदायलाई अलग समुदायको रुपमा स्वीकार गरी २ वटा धारा सृजना गर्नु, संवैधानिक राष्ट्रिय दलित आयोगको व्यवस्था गरिनु, संघीय, प्रादेशीक र स्थानीय तहमा दलित समुदायको पहिचान सहितको राजनीतिक प्रतिनीधित्वको संवैधानिक व्यवस्थालगायत समावेशी तथा समानुपातिकताको व्यवस्थाले गरेको छ । संविधानमा दलित आन्दोलनले उठान गरेका क्षेतिपूर्ति सहितको वैज्ञानिक आरक्षण, न्यायिक क्षेत्रमा प्रतिनीधित्वको शुन्यता र मौलिक हकमा समेत कानून बनाएर भन्ने भाषा प्रयोग हुनुलाई हाम्रो संगठनले गम्भिररुपमा लिदै संविधान संशोधनमार्फत संबोधन गरिनुपर्दछ भन्ने कुरा हामी पुन: दोहोर्‍याउन चाहन्छौं ।

नेपालको संविधान जारी भएको एक दशक नवित्तै संविधानले सुनिश्चित गरेका गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीकरण र समानुपातिकतालगायतका अधिकारहरुलाई कुण्ठित हुने गरी चालिएका र चालिने संविधान विरोधी हरेक कदमलाई हामी अस्वीकार गर्न चाहन्छौं । संविधानको रक्षा गर्न सफलता प्राप्त गरेकोप्रति हामी गौरव गर्न चाहन्छौं । नेपाली जनताको व्यापक सहभागितामा संविधानसभाले निर्माण गरेको संविधानको रक्षा र यसको प्रभावकारी कार्यान्वयनमार्फत नेपाली समाजमा विद्यमान सबैप्रकारका जातीय छुवाछुत तथा भेदभावलाई समूल अन्त्य गर्दै दलित समुदायको पूर्ण मुक्तिको लागि संविधानको मर्म र भावनालाई व्यवहारमा रूपान्तरण गर्न आ-आफ्नो तर्फबाट जाग्न सम्पूर्ण न्यायप्रमी दाजुभाई दिदिबहिनीहरुमा आव्हान गर्दछौं ।

**मिति : २०७८ असोज ३ गते** **गणेश बि. के.**

*Reg. No. 681* *SWC Aff. No. 15556*

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागिः

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

## Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, धनगढी कैलाली

**विषय : शोक बक्तव्य ।**

राष्टिय दलित नेटवर्क (RDN) नेपालका संस्थापक केन्द्रीय सदस्य **राजेन्द्र लुहारज्यूको** आज मिति २०७८ जेष्ठ २९ गते नेपालगंजको भरि हष्पिटलमा कोभिड १९ को उपचारका क्रममा ५५ वर्षको अल्पायूमा असमायिक निधन भएको दु:खद खबरले स्तब्ध भएका छौं । आदर्णीय राजेन्द लुहारज्यूप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छौं ।

बैतडी जिल्लाको डिलासैनी उच्च माविमा लामो समय शिक्षक रहनुभएका श्री राजेन्द्र लुहार चर्चित डिलासैनी भगवती मन्दिर प्रवेश २०५८ का प्रमुख नेता हुनुहुन्थ्यो । हाल स्थानीय एक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, नेपाल राष्टिय शिक्षक संगठन र विभिन्न सामाजिक संघ/संस्थाहरुमा आबद्ध भई सामाजिक रुपान्तरणमा सक्रीय हुनुहुन्थ्यो ।

राजेन्द्र लुहारको निधनले सिंगो दलित मुक्ति आन्दोलनले एक जना योग्यत्तम शिक्षित नेता गुमाएको छ । भने उनको परिवारले एक जना भरोसायोग्य अविभावकलाई गुमाएको छ । श्रीराजेन्द्र लुहारज्यूको अपूर्णीय क्षेतिको यस घडीमा शोकलाई शक्तिमा बदल्दै उहाँले पुराउनु भएको अतुलनीय योगदान हामी सबैका लागि अविष्मरणीय रहनेछ । हामी राजेन्द्र लुहारका अपूरा सपना पूरा गर्न हामी सधै लागि रहनेछौं ।

**अल विदा । हार्दिक श्रद्धान्जली ।**

**मिति : २०७८ जेष्ठ २९ गते**

**गणेश बि. के.**
**केन्द्रीय अध्यक्ष**

*Reg. No. 681* *SWC Aff. No. 15556*

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागिः

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

**Rastriya Dalit Network (RDN) Nepal**

**केन्द्रीय कार्यालय, धनगढी कैलाली**

## प्रेस विज्ञप्ति

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात हलिया मुक्तिको घोषणा भएको आज भाद्र २१ गते ठिक १३ वर्ष पूरा भएको छ । तर पनि मुक्त हलियाहरुले अझैसम्म पनि पूर्ण रुपमा स्वतन्त्रताको अनूभुति गर्न सकेका छैनन ।  सन २०१० मा भूमि सुधार तथा ब्यवस्था मन्त्रालयले हलिया श्रम निषेध गर्न बनेको ऐन डाफ्ट गरेको भएता पनि त्यो हालसम्म पारित हुन सकिरहेको छैन । सन २०११ मा नेपाल सरकारले मुक्त हलिया पुर्नस्थापना र अनुगमन निर्देशिका तयार गरयो र सोही मार्फत मुक्त हलियाहरुको प्रमाणीकरण र परिचय पत्र बितरणको काम सम्पन्न गरेको थियो । हाल आएर फेरी गठन आदेश मार्फत मुक्त हलिया पुर्नस्थापना तथा समस्या सामाधान समितिको गठन गरेको छ र सोही मार्फत पुनर्स्थापनाको काम अघी बढाएकोछ । अधिकांश मुक्त हलियाहरुको अहिलेसम्म पनि ऋण खारेजी भएको छैन भने पूर्व मालिकबाट धाक धम्की पनि सहनु परेको अवस्था छ । अहिलेसम्म पनि हजारौ मुक्त हलिया घरधुरीहरु जीवीकोपार्जनका साधनहरु, बजार ब्यवस्थापन र औपचारिक तथा प्राबिधीक शिक्षाको पहुचबाट टाढा छन । उनीहरु आफनो अधिकारको बारेमा प्रणालीगत रुपमा दावी गर्न सक्ने भएका छैनन ।

नेपालको संविधान जारी भएसंगै मुक्त हलियाका मागहरु संबोधन गर्ने राजनीतिक वातावरण निर्माण भएपनि मुक्त हलियाका समस्याका सवालमा राज्यसत्ता, राजनीतिक दलहरु तथा कर्मचारी संयन्त्र गम्भिर नहुंदा आज पनि यी समस्याहरु यथावत रहेका छन बरु नयाँ स्वरुपमा विकसित हुन पुगेका छन् । नेपालको संविधानमा मुक्त हलिया तथा दलित सम्बन्धी दुई दुई वटा मौलिक हकसहितका व्यवस्थाहरुलाई चुनौति दिदै हालै सर्वोच्च अदालतले आरक्षण सम्बन्धी दलित विरोधी निर्णय गरेको छ । राज्यका विभिन्न निकायमा मुक्त हलिया प्रतिनीधित्व केही मात्रामा बृद्धि भएपनि आशातित कामहरु हुन सकेको छैन । त्यसैले **कसैलाई पछाडि नछाड** भन्ने संकल्पकासाथ दीर्घकालिन विकास लक्ष २०३० का लक्षहरुसंग मुक्त हलिया समस्याको एकीकृत समाधान हुनुपर्दछ भन्ने मान्यताका साथ राष्ट्रिय दलित नेटवर्कले मुक्त हलियाका सवालमा अभियानहरु संचालन गर्दै आईरहेको छ । RDN नेपाल मुक्त हलिया समुदायलाई केन्द्र भागमा राखेर मुक्त हलिया समुदायमाथि हुने सबैप्रकारका विभेदका विरुद्धको लडाईमा सम्झौताहिन संघर्षमा अन्तिमसम्म मानवअधिकार र सामाजिक न्यायका पक्षमा उभिने कुरा पुनः प्रतिबद्धता जाहेर गर्न चाहन्छौं ।

यसै सन्दर्भमा १३ औं मुक्त हलिया दिवशको अवसरमा मुक्त हलियाहरुको न्यायिक पूर्नःस्थापनाको लागी सरकारले जिम्मेवार बन्नुका लागि जोडदार माग गर्दछौ । साथै एकिकृत बधुवा श्रमिक ऐन निर्माण गरि त्यसको कार्यान्वयनका लागि पनि सरकारसंग माग गर्दछौ । निति निर्माण गर्ने तहमा मुक्त हलियाहरुको सामान सहभागीता सुनिश्चित गर्दै हरेक गाऊँपालिका र नगरपालिकावाट कृषि क्षेत्रमा विनियोजन गरिने रकमलाई मुक्त हलियाहरुको आयाआर्जन कार्यक्रम वृद्धि गरी मुक्त हलियाहरुको सामाजिक आर्थिक रुपान्तरण मार्फत उनीहरुको न्यायिक पुनर्स्थापनामा योगदान गर्नका लागि निति निर्माता, नेपाल सरकार र सम्बन्धित सरोकारवाला निकायको ध्यानार्कषण गर्न चाहन्छौ ।

**मिति : २०७८ भाद्र २१ गते**

**गणेश बि. के.**
**केन्द्रीय अध्यक्ष**

*Reg. No. 681* *SWC Aff. No. 15556*

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागिः

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

**Rastriya Dalit Network (RDN) Nepal**

**केन्द्रीय कार्यालय, धनगढी कैलाली**

## प्रेस विज्ञप्ति

बैतडीको दोगडाकेदार गाउँपालिका-७ चडेपानी घरभै सनातन धर्म माध्यामिक विद्यालय खोचिलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया किशोरी भागरथी भट्टको बलात्कारपछि हत्याको खबरले मर्माहित एवं स्तब्ध बनाएको छ। सो अमानवीय अपराधिक विभत्स घट्नाप्रति गंभिर ध्यानाकर्षण भएको छ। सो अमानवीय घट्नाको घोर भर्त्सना गर्न चाहन्छौं । घट्ना विवरण अनुसार मिति २०७७ माघ २१ गते विहान घरबाट विद्यालय गएकी भागरथी भट्टसाँझसम्म पनि घर नफर्केपछि खोजी गर्दा २०७७ माघ २२ गते अपरान्ह ४ बजेतिर निजको घर र विद्यालयको बिचमा पर्ने स्थानीय लवलेक सामुदायिक वनको झाडीमा मृत अवस्थामा भेटिएको थियो । प्रहरी र अस्पतालको प्रारम्भिक अनुसन्धानबाट निज किशोरीको बलत्कारपछि हत्या भएको हुनसक्ने बिवरण सार्वजनिक भएको छ । यसरी विद्यालयमा अध्ययन गर्न गएकी एउटी किशोरीको दिनदहाडै बिभत्स हत्या हुनुले नागरिकको बाँच्न पाउने अधिकारको गम्भिर हनन् भएको छ । साथै, घट्ना घटेको छैठौं दिनसम्म पनि अपराधीलाई कानुनी दायरामा ल्याउन नसकेको हुनाले यो घट्ना पनि निर्मला पन्तको जस्तै हुन्छ कि भन्ने शंका उत्पन्न भएको छ। त्यसैले यस घटनाको गम्भिरताका अध्ययन अनुसन्धान गरी गरि दोषीलाई कानुनी दायरामा ल्याउन र कानुन अनुसार कडाभन्दा कार्वाही गर्न तथा आम नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न जोडदार माग गर्दछौ । साथै, निज भागरथीको न्यायका लागि हुने सबै आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्दै अन्तिमसम्म आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गर्दछौं । भागरथी भट्टप्रति हार्दिक

**मिति : २०७७ माघ २८ गते**

**गणेश बि. के.**
**केन्द्रीय अध्यक्ष**

# हार्दिक बधाई



दलित आन्दोलनका अग्रज राष्ट्रिय दलित नेटवर्कका सल्लाहकार हामी सबैका अभिभावक, अग्रज ब्यक्तित्व सुदुरपश्चिम प्रदेशसभा सदस्य, नेपाली काँग्रेसका सचेतक **माननीय टेक बहादुर रैका** सुदुरपश्चिम प्रदेश सरकारको **सामाजिक बिकास राज्यमन्त्री** हुनु भएकोमा हामीलाई गौरव अनुभुती भएको छ । यस ऐतिहाँसिक अवसरमा उहाँको कार्यकालको सफलताको शुभकामना ब्यक्त गर्दछौ ।

राष्ट्रिय दलित नेटवर्क
केन्द्रीय कार्यालय धनगढी ५ हसनपुर कैलाली
सम्पर्क नम्बर, ०९१५२०६०४ ९कार्यालय०
सम्पर्क नम्बरः बिजुलीबजार काठमाण्डौ, टेलीफोन नम्बरः ०१४९१०७६१
ईमेलः rdnnepal@yahoo.com

# हार्दिक बधाई



दलितअधिकार, भूमिअधिकार र मानवअधिकारका क्षेत्रमा बिगत २१ बर्षदेखि क्रियाशिल राष्ट्रिय दलित नेटवर्कका संस्थापक सदस्य एवं भूमि अधिकारकर्मी **पार्वती आग्री ज्यू** संघीय सरकार भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा हालै गठित **राष्ट्रिय भूमि आयोग** अन्तरगत भूमि सम्बन्धी समस्या सामाधान कैलालीको **सदस्य** हून्‌ु भएकोमा हामीलाई गर्भको महशुस भएको छ । यस ऐतिहाँसिक अवसरमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालको सफलताको शुभकामना समेत ब्यक्त गर्दछौ ।

राष्ट्रिय दलित नेटवर्क

केन्द्रीय कार्यालय धनगढी ५ हसनपुर कैलाली

सम्पर्क नम्बर, ०९१५२०६०४ ९कार्यालय०

सम्पर्क नम्बरः बिजुलीबजार काठमाण्डौ, टेलीफोन नम्बरः ०१४९१०७६१

ईमेलः rdnnepal@yahoo.com

## छापामा राष्ट्रिय दलित नेटवर्क

